



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

वर्ष ३४ अंक १७४ काठमाडौं | २६ साउन २०८३ मंगलबार श्रावण कृष्णपक्ष चतुर्दशी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 11, 2026 | पृष्ठ १०+२ | १० रुपैयाँ



तिब्बतस्थित ताक्लाकोट बजारमा व्यापार गर्न हिँडेका बझाङका स्थानीय । उनीहरू डोका, डाला तथा हस्तकलाका सामान बिक्री गर्न ६ दिनको कठिन पैदल यात्रापछि उरै भन्ज्याङ छिचोल्दै ताक्लाकोट पुगेका छन् । कोरोना महामारीको कारण देखाउँदै चीन सरकारले तिब्बत प्रवेशमा रोक लगाएपछि परम्परागत रूपमा चल्दै आएको यो हिमालपार व्यापार झन्डै सात वर्षदेखि बन्द थियो । समाचार पृष्ठ ३ । तस्बिर सौजन्य : वसन्त बोहरा

## आयोग र समितिप्रति सरकारकै बेवास्ता

# प्रतिवेदन बुझ्दैन, बुझे पनि कार्यान्वयन हुँदैन

**वालेन्द्र शाह नेतृत्वको सरकार बनेपछि पनि १० वटा आयोग/समिति गठन भए, तर प्रतिवेदन बुझ्दै नबुझ्ने र बुझे पनि थन्क्याउने प्रवृत्ति नै दोहोरियो**

**दुर्गा दुलाल** (काठमाडौं)

१० साउनको राति सुनसरीको कप्तानगन्जमा भएको हिंसात्मक घटनाबारे छानबिन गर्न सरकारले गृह सहसचिव भूपेन्द्र थापाको संयोजकत्वमा ७ सदस्यीय अध्ययन समिति गठन गऱ्यो । एक साताभित्र प्रतिवेदन बुझाउन समय पाएको समितिले कप्तानगन्ज पुगेर प्रत्यक्षदर्शी, स्थानीय र सुरक्षा निकायसँग सोधपुछ गऱ्यो, तर हालसम्म सरकारले अध्ययन समितिको प्रतिवेदन बुझेको छैन । तत्काल बुझेर कार्यान्वयन अघि बढाउनुपर्ने जिम्मेवारीमा रहेका गृहमन्त्री सुधन गुरुङले नै समय नदिएपछि प्रतिवेदन समितिकै दराजमा थन्किएको छ ।

प्रतिवेदन तयार भइसके पनि बुझाउन हुने अलमल र कार्यान्वयन नगर्ने उदाहरण थुप्रै छन् । वालेन्द्र शाह नेतृत्वको सरकार गठनको ४ महिना बढीको समयमा विभिन्न घटनाका जाँचबुझ तथा छानबिन गर्न भन्दै १० वटा आयोग र समिति गठन भएका छन् । तर यसरी गठन भएका आयोग र समितिका अधिकांश प्रतिवेदन भने कार्यान्वयनविहीन भएर बसेका छन् ।

सुशासन र पारदर्शिताको नाराबाट लोकप्रिय मतसहित बनेको शाह नेतृत्वको सरकारले पनि विगतकै शैलीमा प्रतिवेदन सकेसम्म बुझ्दै नबुझ्ने र बुझे पनि थन्क्याउने प्रवृत्ति सुरु गरेको छ । जसका कारण प्रतिवेदन अलपत्र र कार्यान्वयनविहीन छन् । यो सरकार बनेपछिका आयोग/समितिमध्ये सहकारी र सम्पत्ति छानबिनबाहेक अन्यले प्रतिवेदन सरकारसमक्ष बुझाएका छन् । केहीले प्रतिवेदन बुझाउने समय पर्खिरहेका छन् ।

उच्च अदालतका पूर्वन्यायाधीश लोकेन्द्र मल्लिक हरेक सरकारले तत्कालीन समस्या र तनावलाई सम्बोधन गर्न आयोग वा समिति गठन गर्ने तर त्यसलाई कार्यान्वयन भने नगर्ने साझा रोगबाट ग्रसित भएको बताउँछन् । 'विगतमा पनि यस्ता धेरै आयोग र समिति बने, तिनका प्रतिवेदन कहाँ छन्, कसैलाई थाहा छैन,' उनले भने, 'अहिलेको सरकारले पनि त्यही चरित्र देखायो ।'

उनले भनेजस्तै एउटा उदाहरण हो, सुरक्षा निकायको विषयमा छानबिन गर्न बनेको प्रेमराज कार्की नेतृत्वको समिति । जेन-जी घटनाबारे छानबिन गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदनले सुरक्षा संयन्त्रको अध्ययन नगरेको भन्दै आलोचना भएपछि सरकारले २ वैशाखमा पूर्वन्यायाधीश कार्कीको संयोजकत्वमा तीन सदस्यीय अध्ययन समिति गठन गरेको थियो । **बाँकी पृष्ठ ९**

### वालेन्द्र सरकार बनेपछिका प्रतिवेदन

- जेन-जी घटना छानबिन आयोगको प्रतिवेदन
- जेन-जी घटनाकै बारेमा राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस खण्ड
- जेन-जी घटनाकै बारेमा सुरक्षाकर्मीहरूका हकमा छानबिन समितिको प्रतिवेदन
- गृहमन्त्री सुधन गुरुङको विषयमा गठित छानबिन समितिको प्रतिवेदन
- गणेश विक आत्मदाह प्रकरणबारे छानबिन समितिको प्रतिवेदन
- सम्पत्ति छानबिन आयोगको प्रतिवेदन
- संविधान संशोधनसम्बन्धी सुझाव प्रतिवेदन
- कक्षा १२ को नतिजामा भएको त्रुटि सम्बन्धमा छानबिन समितिको प्रतिवेदन
- सिरहा र सप्तरी घटनासम्बन्धी छानबिन आयोगको प्रतिवेदन
- सहकारीसम्बन्धी छानबिन प्रतिवेदन

### विगतमा कार्यान्वयन नभएका प्रतिवेदन

- मल्लिक आयोगको प्रतिवेदन
- रायमाझी आयोग प्रतिवेदन
- भैरव लम्साल सम्पत्ति छानबिन प्रतिवेदन
- लाल आयोगको प्रतिवेदन
- ३८ सय किलो सुन तस्करीसम्बन्धी प्रतिवेदन
- ६१ किलो सुन तस्करीसम्बन्धी प्रतिवेदन
- सरकारी, सार्वजनिक जग्गासम्बन्धी प्रतिवेदन
- सचिवको दरबन्दी घटाउनेसम्बन्धी प्रतिवेदन
- उच्चस्तरीय तलब सुविधा आयोगको प्रतिवेदन
- समाज कल्याण परिषद्को अनियमिततासम्बन्धी प्रतिवेदन
- प्रधानमन्त्री कार्यालयको सुदृढीकरण प्रतिवेदन
- संस्थान सुधार सुझावसम्बन्धी प्रतिवेदन

standard chartered

घर कर्जा (Home Loan)
सीमित अवधिको अफर

वार्षिक ब्याजदर

- स्थिर (Fixed) @५.९९ %*
- परिवर्तनीय (Variable) @५.४९ %*

आवेदन दिन स्क्यान गर्नुहोस्।

थप जानकारीका लागि:
- कल ब्याकका लागि ९७००० ९९४६६ मा मिस्ड कल दिनुहोस्।
- हाम्रो २४X७ क्लाइन्ट केयर सेन्टर ०१ ५९७१८०० मा सम्पर्क गर्नुहोस्।
- आफ्नो नजिकैको शाखामा सम्पर्क गर्नुहोस्।

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

*सर्तहरू लागू हुनेछन्

### भित्र

- पेट्रोलमा इथानोलको परिमाण २० प्रतिशत पुऱ्याएपछि भारतमा विवाद, नेपालमा के होला ?
- कूटनीतिक सक्रियता बढाउँदै प्रधानमन्त्री, भारतीय र चिनियाँ राजदूतसँग छुट्टाछुट्टै भेट

## दरबार हत्याकाण्ड छानबिन घोषणा

# प्रहरीमार्फत अनुसन्धान अघि बढाउने कि समिति बनाउने भन्नेमै अन्योल

**२५ वर्षअघि भएको दरबार हत्याकाण्डको पुनः छानबिन गर्ने घोषणा गरेको सरकारले मोडालिटीबारे टुंगोमा पुग्न नसक्दा प्रक्रिया अघि बढेन**

**गौरव पोखरेल** (काठमाडौं)

दोस्रो पटक गृहमन्त्री बन्नेबित्तिकै सुधन गुरुङले २५ वर्ष पुरानो दरबार हत्याकाण्डको छानबिन अघि बढाउने घोषणा गरे पनि अहिलेसम्म प्रक्रिया अघि बढ्न सकेको छैन । नेपाल प्रहरीमार्फत अनुसन्धान अघि बढाउने कि बेग्लै समिति बनाएर जाने भन्नेमै अन्योल हुँदा अनुसन्धान प्रक्रिया सुरु हुन नसकेको हो ।

२६ जेठमा गृहमन्त्री बनेको भोलिपल्टै गुरुङले प्रहरी महानिरीक्षक दानबहादुर कार्कीसहित सुरक्षा निकायका प्रमुख र गृहका उच्च अधिकारीसँग छलफल गरेका थिए । त्यसक्रममा प्रहरीमार्फत अनुसन्धान अघि बढाउन निर्देशन दिएका थिए । तर प्रहरी अधिकारीले तत्कालीन प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको नेतृत्वमा सभामुख तारानाथ रानाभाट र प्रतिनिधिसभाका प्रतिपक्षी दलका नेता माधवकुमार नेपालसमेत भएको समिति गठन भएर प्रतिवेदन बुझाएकाले मन्त्रिपरिषद्बाट निर्णय गर्नु उपयुक्त हुने सुझाव दिएका थिए ।



> दरबार हत्याकाण्डमा भइरहेको कामबारे बताउन मिल्दैन, गृह मन्त्रालय भनेको संवेदनशील सूचना दिने ठाउँ होइन, कतिपय कुरा सर्फेस लेभलमा मात्र भन्ने हो
>
> **सुधन गुरुङ**, गृहमन्त्री

'पहिल्यै जाँचबुझ आयोग बनेर छानबिन भइसकेकाले फेरि अर्को समिति बनाएर निचोडमा पुग्न सकिँदैन भन्ने बुझाइ प्रहरीको रह्यो,' मन्त्रालयका एक उच्च अधिकारीले भने, 'त्यस्तोमा अहिलेसम्म प्रहरीलाई अनुसन्धान गर्न दिने वा छुट्टै समिति बनाएर निचोडमा पुग्ने भन्ने टुंगो लागेको छैन ।'

गुरुङले केही दिनअघि कान्तिपुरसँग अन्तर्वार्तामा दरबार हत्याकाण्डमा भइरहेको कामबारे बताउन नमिल्ने उल्लेख गरेका थिए । 'गृह मन्त्रालय भनेको संवेदनशील सूचना दिने ठाउँ होइन, कतिपय सर्फेस लेभलमा मात्र भन्ने हो,' उनले भनेका थिए । **बाँकी पृष्ठ ९**




V.G. Impex Pvt. Ltd.
(Authorized Importer & Distributor for Great Wall Motor Co. Ltd.)
THAPATHALI 01-5322630/5322614
BUTWAL 9869163482
BIRATNAGAR 9819076393
CHITWAN 9851268461
POKHARA 9856023793
FOR BOOKING & ENQUIRIES: +977 9802322362/ 9802333324

# पेट्रोलमा इथानोल २० प्रतिशत पुऱ्याएपछि भारतमा विवाद

# नेपालमा के होला ?

भारतमा ई २० पेट्रोल प्रयोग गर्दा सवारीको माइलेज घट्ने, एक्सेलेरेसन सुस्त हुने र उकालोमा वा एसी चलाउँदा गाडीको पिकअपमा समेत फरक देखिन थालेको भन्दै सवारीधनीले विरोध गर्दै आएका छन्, नेपालमा पनि सरकारले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश जारी गरिसकेको छ




ई २० पेट्रोल प्रयोगमा ल्याउने भारतीय सरकारको निर्णयविरुद्ध नयाँदिल्लीमा गरिएको प्रदर्शन । तस्बिर : रोयटर्स

**सीमा तामाङ** (काठमाडौं)

भारतमा पछिल्ला केही महिनायता ई २० पेट्रोल (२० प्रतिशत इथानोल मिसिएको पेट्रोल) लाई लिएर चौतर्फी विवाद भइरहेको छ । ई २० पेट्रोल प्रयोग गर्दा सवारीको माइलेज घट्ने, एक्सेलेरेसन सुस्त हुने र उकालोमा वा एसी चलाउँदा गाडीको पिकअपमा समेत फरक देखिन थालेको सवारीधनीले बताएका छन् ।

भारतले सन् २०१४ मा पेट्रोलमा १.५ प्रतिशत इथानोल मिश्रण सुरु गरेको थियो । २०३० सम्म २० प्रतिशत पुऱ्याउने लक्ष्य लिइए पनि भारतले अप्रिल २०२५ मा नै त्यति परिमाण मिश्रण अनिवार्य गरेको थियो । त्यसयता ई २० पेट्रोलका लागि नबनेका सवारीमा माइलेजदेखि इन्जिनका विभिन्न पार्ट्समा समस्या आएको भन्दै सवारीधनीले सडकदेखि सामाजिक सञ्जालसम्म गुनासो गरिरहेका छन् ।

'ई २० इन्धन भरेको केही सातामै मैले आफ्नो सेडान कारको प्रदर्शनमा परिवर्तन महसुस गर्न थालें,' नयाँदिल्लीका कृष्ण कुमारले अलजजिरासँग भनेका छन् । समयमै सर्भिसिङ गरिने र ठूलो समस्या नआएको कार पहिले जस्तो चलाउन सहज लाग्न छोडेको उनले सुनाए । 'कारको माइलेज घट्यो, एक्सेलेरेटर सुस्त भयो । उकालोमा वा एसी चलाउँदा गाडीको पिकअपमा समेत फरक देखिन थाल्यो,' कृष्णले भनेका छन्, 'कारको माइलेज प्रतिलिटर करिब १८-२० किलोमिटरबाट घटेर करिब १६-१७ किलोमिटरमा सीमित भयो । प्रतिलिटर १० प्रतिशतभन्दा बढीको गिरावट आयो ।'

जुन २०२६ मा भारतीय सरकारका महान्यायाधिवक्ता आर वेंकटरमणिले त्यहाँको सर्वोच्च अदालतमा २० प्रतिशत इथानोल मिश्रणको 'एक्सपेरिमेन्ट' भइरहेको बताएका थिए । उनको त्यो भनाइपछि सरकारको निर्णयको थप आलोचना सुरु भएको थियो । यद्यपि, भारत सरकारले पछि महान्यायाधिवक्ताको भनाइलाई गलत तरिकाले बुझिएको दाबी गरेको थियो । ई २० पेट्रोलले केही सवारीमा ३ देखि ६ प्रतिशतसम्म मात्र प्रभाव पर्ने दाबी भारत सरकारले आफ्नो विज्ञप्तिमा उल्लेख गरेको थियो । यसका अलावा गाडीको अवधि, इन्जिनको डिजाइन, चलाउने अवस्था र मर्मत-सम्भारमा समेत भर पर्ने बताइएको छ ।

> पेट्रोलमा १० प्रतिशत इथानोल मिश्रणपछि वार्षिक १३ करोड लिटर पेट्रोल आयात प्रतिस्थापन गर्ने नेपाल आयल निगमको अनुमान छ । त्यसबापत बाहिरिने ६ अर्ब रुपैयाँ बचत हुने निगमले दाबी गरेको छ । गत वर्ष ७७ अर्ब २६ करोड ५० लाख रुपैयाँको ७५ करोड १६ लाख ४२ हजार लिटर पेट्रोल आयात गरिएको थियो ।

भारतमा ई २० का कारण सरकार आलोचनामा परिरहेका बेला नेपालमा पनि सरकारले 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' जारी गरिसकेको छ । स्वदेशी कच्चा पदार्थमा आधारित भई इथानोल उत्पादन गर्ने उद्योगको प्रवर्द्धन गर्दै स्वदेशमा रोजगारी सिर्जना गर्ने र पेट्रोलमा इथानोल मिश्रण गरी पेट्रोलको आयात न्यूनीकरण गर्ने सरकारको लक्ष्य छ । नेपालमा हाल औषधि, रङ, सेनिटाइजर, पोलिस, मदिराजन्य आदि उद्योगमा मात्रै इथानोल प्रयोग भइरहेको छ । आदेशअनुसार नेपाल गुणस्तर तथा नापतौल विभागले 'मोटर ग्यासोलिन (पेट्रोल) मा मिसाउन प्रयोग हुने इथानोल' को मापदण्ड मस्यौदा सार्वजनिक गरिसकेको छ ।

२४ कात्तिक २०६० मै सरकारको निर्णयअनुसार पेट्रोलमा १ माघ २०७० देखि अनिवार्य रूपमा १० प्रतिशत इथानोल सम्मिश्रण गरी वातावरणमैत्री इन्धनका रूपमा प्रयोग गर्ने भन्दै राजपत्रमा सूचना जारी गरेको थियो । त्यसयता सरकारको नीति तथा कार्यक्रम र बजेटमा उल्लेख भए पनि कार्यान्वयन हुन सकेको थिएन । २०८२ मा आदेश जारी भएपछि पुनः इथानोलले चर्चा पाएको हो ।

भारतले सन् २००० को दशकको मध्यतिरबाटै उखु र मकैजस्ता बालीबाट बन्ने इथानोललाई पेट्रोलमा मिसाउन सुरु गरेको थियो । आयातित कच्चा तेलमा निर्भरता घटाउन र कार्बन उत्सर्जन कम गर्न भारतले इथानोलको मात्रा निरन्तर बढाउँदै लगेको हो । भारतीय सरकारले इथानोल मिश्रणले आयातित कच्चा तेलमाथिको निर्भरता घटाउने र ऊर्जा सुरक्षालाई बलियो बनाउने बताएको छ । हरितगृह ग्यासको उत्सर्जन घटाउने तथा उखु र मकैजस्ता बालीको माग बढाएर किसानका लागि आम्दानीका नयाँ अवसर सिर्जना गर्ने पनि भारतीय सरकारको दाबी छ ।

ई २० इन्धनको प्रयोगको असर गाडीको डिजाइन र उमेरमा समेत निर्भर हुने भारतका स्वतन्त्र अटोमोबाइल विज्ञ सजद अहमद वानी बताउँछन् । 'ई २० अनुकूल नभएका सवारीमा यो इन्धन हाल्नेबित्तिकै तुरुन्तै समस्या आउने सम्भावना त हुँदैन तर समयसँगै निरन्तर प्रयोग गर्दा, उच्च इथानोल मिश्रणका लागि डिजाइन नगरिएका गाडीका रबरका पाइप, सिल, ग्यास्केट र इन्धन प्रणालीका केही पार्टपुर्जाहरू चाँडै खिइने वा बिग्रिने गति बढ्न सक्छ । साथै सवारी चालकहरूले माइलेजमा पनि थोरै गिरावट महसुस गर्न सक्छन्,' वानीले भने ।

इन्धनमा इथानोलको मात्रा बढाउँदा माइलेज घट्नु कुनै नौलो कुरा होइन । परम्परागत पेट्रोलको तुलनामा इथानोल पेट्रोलमा प्रतिलिटर कम ऊर्जा हुन्छ । उति नै शक्ति उत्पादन गर्न इन्जिनलाई सामान्यतया अलि बढी इन्धन चाहिने विज्ञहरू बताउँछन् । पछिल्लो समय गाडीको माइलेज र इन्जिनको कार्यक्षमता घटेको गुनासो लिएर आउने ग्राहकहरूको संख्या बढेको भारतीय मेकानिक बिलाल अहमदले बीबीसीसँग भनेका छन् । 'मेरो वर्कसपमा आउने धेरै गाडी धनीहरूले मलाई पहिलेभन्दा कम माइलेज पाइरहेको गुनासो गरिरहेका छन्,' उनले भने, 'मेरो अनुभवले गाडीअनुसार यसको असर फरक-फरक हुन सक्ने भए पनि नयाँ इन्धन र केही पेट्रोल सवारीधनीहरूले भोगिरहेका समस्याबीच सम्बन्ध रहेको देखिन्छ ।'

भारतमा सन् २०१३-१४ मा पेट्रोलमा इथानोलको सम्मिश्रण १.५ प्रतिशतभन्दा कम रहेकामा सन् २०२५-२६ सम्म आइपुग्दा २० प्रतिशत पुगेको छ । यस अवधिमा इथानोलको खरिद क्षमता ३८ करोड लिटरबाट बढेर १२ हजार करोड लिटरभन्दा बढी पुगेको छ भने उत्पादन क्षमता करिब पाँच गुणाले बढेर २ हजार करोड लिटर पुगेको छ ।

भारतमा इथानोल ब्लेन्डिङ कार्यक्रमबाट १.९७ लाख करोड भारतीय रुपैयाँभन्दा बढी वैदेशिक मुद्रा बचत भएको, ३१६ लाख टनभन्दा बढी कच्चा तेल प्रतिस्थापन भएको र ९५० लाख टन कार्बन डाइअक्साइड उत्सर्जनमा कमी आएको सरकारको दाबी छ । किसानहरूले थप १.६६ लाख करोड भारतीय रुपैयाँभन्दा बढी आम्दानी गरेको पनि सरकारले उल्लेख गरेको छ । भारतले कुल खपतको करिब ८८.५ प्रतिशत कच्चा तेल आयात गर्दै आएको छ । तर यी उपलब्धिसँगै चुनौती पनि जोडिएका छन् । भारतमा मकै, उखु, बिग्रिएको अन्न, सी-हेभी मोलासिस, बी-हेभी मोलासिस र फुड कर्पोरेसनले अधिक भएको चामल पनि इथानोल उत्पादनमा प्रयोग गर्न दिने गरिएको छ ।

इथानोलको कच्चा पदार्थकै लागि उखु, मकै र चामलको उत्पादनलाइ त्यसतर्फ मोड्दा मानिस र पशुहरूका लागि खाद्यान्नको उपलब्धता घट्न सक्ने चिन्ता व्यक्त गरिएको छ । अर्कोतिर इथानोलको माग धान्न अमेरिकाबाट आयात गर्नेसमेत बताइएको छ । भारत सरकारले भने यी दाबी आधारहीन र तथ्यहीन रहेको भन्दै खण्डन गरिसकेको छ । इन्धन मिश्रणका लागि प्रयोग गरिने इथानोल पूर्ण रूपमा आन्तरिक उत्पादकहरूबाटै पाइरहेको र अमेरिकाबाट इथानोल आयात नगरिएको सरकारले स्पष्ट पारेको छ ।

> इथानोल उत्पादन एवं बिक्रीका लागि आठ वटा निवेदन परेको छ, सरकारको नीति र निर्देशनअनुसार सरोकारवालासँग छलफल गरेर प्रक्रिया अघि बढाउँछौं
>
> ● नागेन्द्र साह
> कार्यकारी निर्देशक, नेपाल आयल निगम

> पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउन हामीलाई दैनिक २ लाख लिटर चाहिन्छ, यो आन्तरिक उत्पादनबाटै धान्न सक्छौं, त्यसका लागि इथानोलका कच्चा पदार्थदेखि प्रशोधन प्लान्टसम्म राख्नुपर्छ
>
> ● चण्डिका भट्ट
> पूर्वकार्यकारी निर्देशक, नेपाल आयल निगम

भारतीय राष्ट्रिय कांग्रेसले ई २० इन्धनका कारण मध्यमवर्गीयहरू छनोटको अधिकारबाट वञ्चित भएको, उनीहरूमाथि अतिरिक्त आर्थिक बोझ थपिएको र वर्षौंको बचतबाट किनेका सवारीमा क्षति पुगेको आरोप लगाएको छ । कांग्रेसका महासचिव जयराम रमेशले इथानोल मिश्रणको लाभ सर्वसाधारणभन्दा इथानोल उत्पादकहरूले उठाएको आरोप लगाएका छन् ।

यसैबीच भारतमा 'ई २० जनता पार्टी' समेत खुलेको छ । उच्च इन्धन खपत र पुराना इन्जिनमा क्षति पुग्ने चिन्ताका बीच सरकारले देशभर ई २० इन्धन अनिवार्य गरेपछि उक्त अभियान सुरु भएको हो । पार्टीले सबै पेट्रोल पम्पमा किफायती मूल्यमा शतप्रतिशत शुद्ध पेट्रोलको विकल्प राख्नुपर्ने, इथानोलको प्रतिशत स्पष्ट देखाउनुपर्ने र मार्च २०२३ अघि बिक्री भएका सवारीमा ई २० इन्धनको प्रभावबारे अध्ययन गर्नुपर्ने माग राखेको छ ।

पछिल्लो समय भारतमा इथानोल राजनीति मुद्दा नै बनेको छ । विपक्षीहरूले केन्द्रीय सडक तथा यातायातमन्त्री नितिन गडकरीले आफ्नो पारिवारिक इथानोल उद्योगलाई फाइदा पुग्ने गरी यो नीति लिएको आरोप लगाएका छन् । गडकरीले भने इथानोल मिश्रण कार्यक्रमको प्रतिरक्षा गर्दै सवारीसाधनमा पर्ने असर र व्यक्तिगत स्वार्थको आरोप अस्वीकार गरेका छन् । पारिवारिक व्यवसायलाई फाइदा पुऱ्याउन नीति ल्याइएको आरोपलाई राजनीतिक पूर्वाग्रह र निराधार भन्दै उनले इथानोल उत्पादनमा ०.०७ प्रतिशत मात्र सेयर रहेको र उक्त व्यवसाय इथानोल नीति आउनुभन्दा धेरै अघिदेखि सञ्चालनमा रहेको बताएका छन् ।

भारतको अटोमोबाइल निर्माताहरूको प्रमुख संस्था सोसाइटी अफ इन्डियन अटोमोबाइल म्यानुफ्याक्चरर्सका अनुसार १ अप्रिल २०२३ मा ई २० इन्धन अनुकूल सवारीको अनिवार्य नियम लागू हुनुअघिको अवधिमा भारतमा २५ करोडभन्दा बढी नयाँ सवारीसाधन बिक्री भएका थिए । सन् २०२३ भन्दा अघि बिक्री भएका अधिकांश सवारी ई ५ वा ई १० का लागि मात्र डिजाइन गरिएका थिए ।

मारुती सुजुकीका कर्पोरेट अफेयर्सका वरिष्ठ काइकारी अधिकृत राहुल भारतीले इ १० का लागि डिजाइन गरिएका सवारीलाई ई २० इन्धनसँग व्यापक रूपमा परीक्षण गरिएको बताए । 'आर्थिक वर्ष २०२५-२६ मा मारुती सुजुकीले सर्भिसिङ गरेका २.८४ करोड सवारीमध्ये १.५ करोडभन्दा बढी तीन वर्षभन्दा पुराना थिए र तसर्थ ई २० प्रमाणित थिएनन्, त्यसो हुँदाहुँदै पनि ई २० सँग सम्बन्धित कुनै पनि क्षति भएको भेटिएन,' उनले भनेका छन् । माइलेजको हकमा प्रभाव निकै कम रहेको भन्दै उनले प्रतिलिटर २० किमि माइलेज दिने कारका लागि यो गिरावट करिब ०.६ किमि मात्र हुने दाबी गरे ।

शुद्ध पेट्रोलका लागि डिजाइन गरिएका र ई १० इन्धन प्रयोगका लागि समायोजन गरिएका चारपांग्रे सवारीमा ई २० प्रयोग गर्दा इन्धन दक्षता करिब ६-७ प्रतिशतले घट्ने अनुमान गरिएको भारतीय नीति आयोगको एक प्रतिवेदनमा उल्लेख छ । त्यस्तै दुईपांग्रे सवारीमा ३-४ प्रतिशत तथा ई १० का लागि डिजाइन भई ई २० का लागि इन्धन प्रयोगका लागि समायोजन गरिएको चारपांग्रे सवारीमा १-२ प्रतिशतसम्म इन्धन दक्षता घट्न सक्ने सोही प्रतिवेदनमा उल्लेख छ ।

नेपालमा पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउन दैनिक २ लाख लिटर आवश्यक पर्ने नेपाल आयल निगमका पूर्वकार्यकारी निर्देशक चण्डिका भट्टले बताएका छन् । 'पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउन हामीलाई दैनिक २ लाख लिटर चाहिन्छ, यो आन्तरिक उत्पादनबाटै धान्न सक्छौं । त्यसका लागि इथानोलका कच्चा पदार्थदेखि प्रशोधन प्लान्टसम्म राख्नुपर्छ,' उनले भने ।

मुलुकका चिनी उद्योगले दैनिक ४० हजार लिटर मात्रै दिन सक्ने भए पनि शुद्ध इथानोल भने नहुने भट्टले बताए । 'चिनी उद्योगले ८०/८५ प्रतिशत शुद्धता भएको दिन सक्छ तर निगमले इथानोलको शुद्धता ९९.७ प्रतिशत अनिवार्य गरेको छ, त्यसैले इथानोल उत्पादक वा प्रशोधकर्ताले मापदण्डअनुसार बनाइसकेपछि मात्र निगमले किन्छ,' उनले भने ।

पेट्रोलमा १० प्रतिशत इथानोल मिश्रणपछि वार्षिक १३ करोड लिटर पेट्रोल आयात प्रतिस्थापन गर्ने नेपाल आयल निगमको अनुमान छ । त्यसबापत बाहिरिने ६ अर्ब रुपैयाँ बचत हुने निगमले दाबी गरेको छ । गत वर्ष ७७ अर्ब २६ करोड ५० लाख रुपैयाँको ७५ करोड १६ लाख ४२ हजार लिटर पेट्रोल आयात गरिएको थियो ।

इथानोल उत्पादनका लागि चिनी उद्योगबाट प्राप्त हुने खुदो (मोलासेस), नेपियर घाँस, खेर जाने कृषि तथा वनजन्य जैविक पदार्थ, पराल, मकैको ढोड, गहुँको छ्वाली, खाद्यान्नका लागि प्रयोग गर्न नमिल्ने सडेगलेका अन्न, सिमल तरुल (कासाभा) तथा कुहाउन आवश्यक मर्चा र अन्य रसायन कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिन्छ ।

कियान केमिकल इन्डस्ट्रिज प्राइभेट लिमिटेडका अध्यक्ष वेदप्रसाद खरेलले १० प्रतिशतभन्दा माथि इथानोल मिश्रणका लागि मात्र सवारीका केही पार्टपुर्जामा परिमार्जन गर्नुपर्ने बताए । पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउँदा सवारीको माइलेज घट्छ भनेर कुप्रचार गरिएको उनको दाबी छ । कम्पनीले तीन चरणमा गरी २ लाख २५ हजार लिटर कासाभाबाट इथानोल उत्पादन गर्ने लक्ष्य लिएको उनले बताए । 'हामीले नेपालको मध्यक्षेत्रमा उद्योग स्थापना गरी ५० हजार लिटर, पूर्वी क्षेत्रमा ७५ हजार र पश्चिम क्षेत्रमा १ लाख लिटर गरी तीन चरणमा कुल २ लाख २५ हजार लिटर प्रतिदिनको उत्पादन लक्ष्य लिएका छौं,' उनले भने ।

नेपालमा ई १० लागू गर्ने तयारी भइरहे पनि सडकमा गुडिरहेका सवारी इथानोलमैत्री छन्/छैनन् वा कस्ता असर पर्छन् भन्नेबारे अध्ययन भइसकेको छैन । पूर्वाधार विकास मन्त्रालयका एक अधिकारीले इथानोल मिश्रित सवारीको प्रदूषण मापदण्ड, माइलेज घट्ने/नघट्ने वा अन्य असरबारे मन्त्रालयले अध्ययन नगरेको बताएका छन् ।

निगमले इथानोल खरिद गर्ने भन्दै उत्पादन तथा आपूर्ति गर्न इच्छुक उत्पादकलाई निवेदन दिन सूचना जारी गरेको थियो । उक्त सूचनापछि इथानोल उत्पादन एवं बिक्रीका लागि आठ वटा निवेदन परेको छ । तर त्यसमा थप काम अघि बढेको छैन । निगमका नवनियुक्त कार्यकारी निर्देशक नागेन्द्र साहले सरकारको नीति र निर्देशनअनुसार सरोकारवालासँग छलफल गरेर प्रक्रिया अघि बढाइने बताएका छन् ।

इथानोल मिश्रण लागू भएपछि भविष्यमा त्यसका कच्चा पदार्थ नै खरिद गर्नुपर्ने, कृषि उपज कच्चा पदार्थका रूपमा प्रयोग हुँदा खाद्य संकट सिर्जना हुन सक्ने भन्दै त्यसतर्फ ध्यान दिनुपर्ने सरोकारवालाले बताएका छन् । नेपाल सरकारद्वारा जारी आदेशमा खाद्यान्नका रूपमा प्रयोग हुने अन्नलाई इथानोल उत्पादनमा कच्चा पदार्थका रूपमा प्रयोग गर्न नपाइने उल्लेख छ ।

भारतमा निर्माण भएका सवारीमा १० प्रतिशतसम्म इथानोल मिसिएको इन्धनले खासै असर नपार्ने टोयोटाको आधिकारिक वितरक युनाइटेड ट्रेडर्स सिन्डिकेटकी प्रबन्ध निर्देशक ऋतुसिंह वैद्यले बताइन् । '१० प्रतिशतभन्दा बढी मिश्रणको हकमा भने गाडी तथा रबरलगायत पार्टपुर्जाहरूमा हुने क्षतिजस्ता विषयहरूमा थप अध्ययन गर्नुपर्छ र अघि बढ्नुपर्छ,' उनले भनिन् ।




तस्बिर : रोयटर्स


## वर्गीकृत डिस्प्ले

**आवश्यकता**

एक प्रतिष्ठित सहकारी संस्था काठमाडौं टेकुको लागि विभिन्न पदका कर्मचारी आवश्यकता भएकोले इच्छुक उम्मेदवारहरुले सम्पर्क गर्नुहोला ।

| पद | संख्या |
|---|---|
| मार्केटिङ सुपरभाइजर | २ |
| रिसेप्सनिष्ट | २ |
| (Qualification: +2 Pass) | |
| मार्केटिङ | ५ |
| (Qualification: SEE Pass) | |

Please mail your CV @ vacancyteku@gmail.com

सम्पर्क: ०१-५३६६३४७, ५३६६३४८

स्वदेशमै उत्पादित गुणस्तरीय

**सोलार वाटर हिटर**

सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??

महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

**वर्गीकृत डिस्प्ले**

श्याम स्वेत: रू. ३०००/- *
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*




सम्पर्क नं.
५१९२०१४, ५१९२०१० Ext. १०१४
Email: mktdisplay@kmg.com.np

* उपरोक्त दररेटहरूमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

# कूटनीतिक सक्रियता बढाउँदै प्रधानमन्त्री, भारतीय र चिनियाँ राजदूतसँग छुट्टाछुट्टै भेट

## प्रधानमन्त्री शाहलाई भारत र चीन भ्रमणको निम्तो, अनुकूल समय पारेर भ्रमण गर्ने आश्वासन



**प्रधानमन्त्री कार्यालयमा सोमबार भारतीय राजदूत नवीन श्रीवास्तव (बायाँ) र चिनियाँ राजदूत चाङ माओमिङसँग प्रधानमन्त्री वालेन्द्र शाहको भेटवार्ता ।** **तस्बिर** : प्रधानमन्त्री कार्यालय

**अनिल गिरी** (काठमाडौं)

प्रधानमन्त्री वालेन्द्र शाहले आफ्नो कार्यकालको साढे चार महिनापछि कूटनीतिक सक्रियता बढाउँदै दुई छिमेकी मुलुकका राजदूतहरूसँग छुट्टाछुट्टै भेटवार्ता गरेका छन् । प्रधानमन्त्री शाहले सोमबार भारतीय राजदूत नवीन श्रीवास्तव र चिनियाँ राजदूत चाङ माओमिङसँग केही घण्टाको अन्तरालमा भेट गरेका हुन् ।

भेटमा दुवै राजदूतले प्रधानमन्त्री शाहलाई आफ्नो देश भ्रमणको निम्तोसमेत दिएका छन् । प्रधानमन्त्री शाहले दुवै देशको निमन्त्रणा स्वीकार गरे पनि भ्रमणको मितिबारे कुनै प्रतिबद्धता जनाएनन् । शाहले अनुकूल समय पारेर भ्रमण गर्ने आश्वासन मात्र दिएको भेटवार्तामा सहभागी सरकारी उच्च अधिकारीहरूको भनाइ छ। भेटवार्तामा दुवै दूतावासका वरिष्ठ अधिकारीहरूको पनि उपस्थिति थियो ।

छिमेकी देशका राजदूतसँगका छुट्टाछुट्टै भेटले प्रधानमन्त्री शाहले व्यक्तिगत कूटनीतिक भेटघाट नगर्ने आफ्नो पूर्वअडानमा पुनर्विचार गरेको र छिमेकीहरूसँग सन्तुलित सम्बन्ध कायम राख्न खोजेको संकेत गर्छन् । गत १३ चैतमा प्रधानमन्त्रीको कार्यभार सम्हालेयता भारत र चीनका राजदूतहरूसँग शाहको पहिलो छुट्टाछुट्टै शिष्टाचार भेट हो । प्रधानमन्त्री शाहले गत २५ चैत ०८२ र गत १२ जेठमा काठमाडौंस्थित राजदूतहरूसँग संयुक्त भेट गरेका थिए ।

भेटपछि भारतीय राजदूत श्रीवास्तवले सामाजिक सञ्जाल एक्समा आफूले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फबाट शुभकामना व्यक्त गरेको उल्लेख गरेका छन् । 'भारत-नेपालबीचको सुदृढ, बहुआयामिक साझेदारीलाई थप प्रगाढ बनाउने विषयमा गहन र फलदायी विचारविमर्श भयो,' उनले भनेका छन् ।

प्रधानमन्त्री कार्यालयद्वारा जारी विज्ञप्तिमा राजदूत श्रीवास्तवले शाहलाई शुभकामना दिँदै दुई देशबीचको आपसी सम्बन्ध र सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेको उल्लेख छ । 'भेटवार्ताका क्रममा नेपाल-भारतबीचको द्विपक्षीय मित्रता, पारस्परिक हित, विकास साझेदारी तथा सहकार्यका विविध विषयमा छलफल भएको छ,' विज्ञप्तिमा भनिएको छ । साथै शाहले भारतसँगको नेपालको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्नेमा पनि जोड दिएको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

भेटमा उपस्थित एक उच्च अधिकारीका अनुसार दुवैबीच जनकपुर-अयोध्या रेल, बुद्ध सर्किट र अन्य केही परियोजनाबारे समेत छलफल भएको थियो । साथै भारतीय राजदूतले नेपालमा सञ्चालित भारतीय लगानीका कम्पनीहरूले सामना गर्नुपरेका अवरोधबारे जानकारी गराएका थिए । जवाफमा प्रधानमन्त्री शाहले अवरोध हटाउन सरकार तयार रहेको बताएको ती उच्च अधिकारीले जानकारी दिए ।

चिनियाँ राजदूत माओमिङले पनि द्विपक्षीय सम्बन्ध र व्यावहारिक सहयोग तथा साझा चासोका विषयमा छलफल भएको जनाएका छन् । 'साथै पारस्परिक लाभ, सहकार्यलाई गहिरो बनाएर नेपाल र चीनका जनतालाई अझ बढी फाइदा पुऱ्याउन सहमत भयौं,' उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन् । उक्त भेटमा उपस्थित अर्का एक सरकारी अधिकारीका अनुसार राजदूत माओमिङले एक चीन नीतिप्रति देखाएको निरन्तर समर्थनका लागि शाहलाई धन्यवाद दिँदै चीनका चासोलाई ध्यानमा राख्न आग्रह गरेका थिए। उनले चिनियाँ पक्षले अरू बेला उठाउँदै आएका विषयलाई पनि भेटका क्रममा राखेको ती अधिकारीले जानकारी दिए ।

प्रधानमन्त्री कार्यालयले पनि भेटमा चिनियाँ राजदूतले शाहलाई शुभकामना दिँदै दुई देशबीचको आपसी सम्बन्ध र सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेको जनाएको छ । 'प्रधानमन्त्री शाहले चीनसँगको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा मिलेर काम गर्ने विषयमा जोड दिनुभयो,' विज्ञप्तिमा भनिएको छ ।

भूराजनीतिक मामिलाका जानकार तथा नेपाली सेनाका अवकाशप्राप्त उपरथी बिनोज बस्न्यातले भारतीय र चिनियाँ राजदूतसँग प्रधानमन्त्री शाहको भेटलाई कूटनीतिक भेटवार्ता नगर्ने पूर्वअडानमा समयसापेक्ष परिवर्तनका रूपमा अर्थ्याए । 'निकट छिमेकीहरू कूटनीतिक प्राथमिकतामा पर्छन् भन्ने महसुस गर्नु महत्त्वपूर्ण छ,' बस्न्यातले भने, 'तर, अबको परीक्षा भनेको यस्ता कूटनीतिक भेटघाटले लगानी, कनेक्टिभिटी, ऊर्जा, व्यापार, प्रविधि, विकास र सुरक्षा साझेदारीमा के कस्तो योगदान गर्छन् भन्ने हो ।' यस्ता भेटघाटले मुलुकको राष्ट्रिय हित र स्वार्थमा योगदान गर्न सके कूटनीतिले सार्थकता पाउने उनको टिप्पणी छ ।

# सात वर्षपछि खुल्यो ताक्लाकोट व्यापार

**वसन्तप्रताप सिंह** (बझाङ)



**बझाङबाट डोकाडाला तथा हस्तकलाका सामान लिएर तिब्बतको ताक्लाकोट पुगेका व्यापारी । तस्बिर सौजन्य : वसन्त बोहरा**

कोरोना महामारीका कारण देखाउँदै चीन सरकारले तिब्बत प्रवेशमा रोक लगाएपछि झन्डै सात वर्षसम्म रोकिएको ताक्लाकोट व्यापार फेरि सुरु भएको छ । बझाङका स्थानीयले यस वर्षबाट पुनः परम्परागत व्यापारका लागि सामूहिक रूपमा तिब्बत प्रवेश अनुमति पाएका हुन् ।

६ दिनको कठिन पैदल यात्रापछि बझाङका स्थानीय डोका, डाला तथा हस्तकलाका सामान बिक्री गर्न चीनको तिब्बतमा पर्ने सीमावर्ती बजार ताक्लाकोट पुगेका छन् । समुद्री सतहदेखि पाँच हजार दुई सय मिटर उचाइमा रहेको उरै भन्ज्याङ छिचोल्दै बझाङको साइपाल र तलकोट गाउँपालिकाका ४३ जना स्थानीय ताक्लाकोट गएका हुन् ।

घोडा, खच्चर र चौंरीमा बोकाएर सामान ताक्लाकोट पुऱ्याएको र तिब्बतको पुलान काउन्टी प्रशासनले तोकेको ठाउँमा बजार थापेर सामान बिक्री गरिरहेको साइपाल गाउँपालिकाका हरिभान बोहराले बताए । 'सबै गरेर डोकाडाला मात्रै ३५ सय जति ल्याएका छौं । कसैले काठका सामान, कसैले टिमुर, दाल पनि ल्याएका छन्,' उनले भने, 'हाम्रा लागि सामान बेच्न छुट्टै ठाउँ तोकेका छन् । किन्नेहरू त्यहीं आएर लैजान्छन् ।' एकै जनाले सात-आठ वटासम्म पनि डोकाडाला किनेर लैजाने गरेको उनले बताए ।

सामानको मूल्य पनि राम्रै पाइरहेको उनीहरूले बताएका छन् । सबैभन्दा बढी ल्याक्च्या (अन्न राख्न मिल्ने खालको डालो) को दुई सय १५ युआन (करिब पाँच हजार नेपाली रुपैयाँ) सम्ममा बिक्री भइरहेको छ । व्यापारीका अनुसार एउटा सामान्य डोकोको ७० चिनियाँ युआन (करिब एक हजार ६ सय रुपैयाँ) र बन्चरोको बिँड ३० युआनसम्ममा बिक्री भइरहेको छ । 'मोलमोलाइ गरेर बिक्री गर्ने हो । मन पऱ्यो भने कसैले त्योभन्दा बढी पनि दिन्छन्,' तलकोट गाउँपालिकाका भीम जेठाराले भने, 'सामानको क्वालिटी हेरेर पनि मूल्य तलमाथि हुन्छ ।' उनले बझाङको स्थानीय बजारमा पाइनेभन्दा झन्डै सात-आठ गुणा बढी मूल्यमा सामान बिक्री भइरहेको बताए ।

मूल्य हेर्दा आकर्षक देखिए पनि ६ दिनको पैदल यात्रा, ढुवानी, श्रम र अन्य खर्च कटाउँदा ठिकठिकै आम्दानी भइरहेको ताक्लाकोट पुगेका साइपालका अर्का युवा वसन्त बोहराले बताए । 'फाइदा मात्रै भन्दा पनि हाम्रा पुर्खाको पालादेखि चल्दै आएको व्यापारको परम्परा कायम राख्न पनि यहाँ आएका हौं,' उनले भने । बझाङका स्थानीय उत्पादन किन्न तिब्बतीहरूको पहिलाजस्तो भीडभाड भने नदेखिएको बोहराको भनाइ छ । 'लामो समयदेखि नाका बन्द भएका कारण पहिलाजस्तो ग्राहकको भीडभाड हुन छाडेको रहेछ,' उनले भने ।

### बझाङका ४३ स्थानीय सामान बेच्न ६ दिनमा ५२ सय मिटरको उरै भन्ज्याङ छिचोलेर ताक्लाकोट पुगे

पहिला नेपालबाट यही समय (साउनमा) व्यापारीहरू नियमित आउने गरेकाले ग्राहक ओइरिने गरेको तर लामो समयदेखि व्यापारको शृंखला टुटेकाले आफूहरू आएको खबर गाउँगाउँ पुग्न समय लागिरहेको बोहराले बताए । तिब्बतमा परम्परागत हस्तकलाबाट बनेका सामानभन्दा औद्योगिक उत्पादन प्रयोग गर्ने चलन बढेकाले पनि ग्राहक घटेको हुन सक्ने नेपाली व्यापारीको अनुमान छ ।

'पहिले-पहिले सामान ल्याएको एक-दुई दिनमै सकिन्थ्यो । अहिले त्यस्तो भीड छैन,' नेपाली व्यापारी भक्त बोहराले भने, 'प्लास्टिकका सामान सस्तो पाइने भएकाले पनि हाम्रा सामान किन्न इच्छा नगरेका हुन् कि जस्तो लाग्छ ।' तर व्यापार निराशाजनक नरहेको उनको भनाइ छ। साउनको तेस्रो साता ताक्लाकोट पुगेको व्यापारीहरूको टोली अझ केही दिनसम्म त्यहीं बसेर सामान बिक्री गर्ने र भदौको पहिलो साता सबै जना फर्किने योजना रहेको ताक्लाकोटमा रहेका केब्जन बोहराले जानकारी दिए ।

बझाङका स्थानीय प्रत्येक वर्ष साउनमा स्थानीय हस्तकलाका सामग्री, मसला तथा जडीबुटी लिएर ताक्लाकोट बजारमा बिक्री गर्ने र त्यहाँबाट फर्किंदा तिब्बती नुन, मदिरा, विद्युतीय सामान, लत्ताकपडा तथा जुत्ता ल्याउने गर्छन् । कोरोना महामारीपछि रोकिएको व्यापारको यो चलन खुला गरिए पनि तिब्बतको मानसरोवर तालमा स्नान गर्न र त्यहाँको जल ल्याउन भने दिइएको छैन । चीनले मानसरोवर तालमा प्रवेश रोक लगाउँदा बझाङका स्थानीयको कुल पूजा सात वर्षदेखि ठप्प छ ।

यस्तै, बर्खायाममा तिब्बत क्षेत्रका वनमा चरिचरनका लागि भेडाच्यांग्रा तथा चौंरीहरू लैजाने परम्परादेखि चल्दै आएको अभ्यासमा पनि चिनियाँ सुरक्षाकर्मीले अवरोध गर्दै आएको स्थानीयको भनाइ छ। मानसरोवर तालको जल ल्याएर मन्दिरमा चढाएपछि मात्रै पूजा सम्पन्न हुने परम्परादेखि चल्दै आएको धार्मिक कार्य रोकिएको र चरिचरनका क्रममा चिनियाँ पक्षबाट हुने दुर्व्यवहारलगायत अन्य विषयमा चीनको सीमावर्ती क्षेत्रका अधिकारीसँग समन्वय गर्न बझाङ प्रशासनले केही वर्षदेखि प्रयास गरेको भए पनि सफल हुन सकेको छैन ।

लामो समयदेखि रोकिएको व्यापार सुरु भएसँगै सदियौंदेखि चल्दै आएको बझाङ र तिब्बतको सम्बन्ध पुनर्जीवित हुने सीमावर्ती पालिकाका स्थानीयको विश्वास छ। 'ताक्लाकोट बजार र आसपासका गाउँसँग हाम्रो व्यापारिक, धार्मिक र चरिचरनको मात्रै नभएर मितेरी सम्बन्ध पनि छ,' साइपाल गाउँपालिकाका अध्यक्ष मानवीर बोहराले भने, 'नाका बन्द हुँदा सबै कुरा टुटेको थियो । अहिले व्यापार खुल्यो । बिस्तारै अरू कुरा पनि सजिलो होला भन्ने आशा छ ।' पुर्खादेखि जोडिएका दुई देशका स्थानीयको सम्बन्ध अझ सुदृढ गर्न नेपाल सरकारले सार्थक कूटनीतिक पहल गर्नुपर्ने उनले बताए ।

# गुन्जीछेउ कौवामा एपीएफको बीओपी राख्ने योजना ६ वर्षदेखि अलपत्र

## २०७७ सालमै घोषणा र जग्गा व्यवस्थापन भए पनि कालापानी-गुन्जी नजिकको क्षेत्रमा सशस्त्र प्रहरीको बोर्डर आउटपोस्ट निर्माण सुरु भएन

**मनोज बडू** (दार्चुला)



**सशस्त्र प्रहरी बलको प्रस्तावित बोर्डर आउट पोस्ट (बीओपी) निर्माण गर्ने भनिएको दार्चुलाको व्यास गाउँपालिका-१ स्थित कौवा । तस्बिर : मनोज बडू**/कान्तिपुर

पश्चिम नेपालको त्रिदेशीय सीमा क्षेत्रनजिक व्यास गाउँपालिका-१ कौवामा सशस्त्र प्रहरी बलको बोर्डर आउटपोस्ट (बीओपी) निर्माण योजना ६ वर्षदेखि अलपत्र परेको छ । सामरिक दृष्टिले संवेदनशील मानिने यस क्षेत्रमा २०७७ सालमै बीओपी स्थापना गर्ने निर्णय भए पनि निर्माण प्रक्रिया अझै अघि बढ्न सकेको छैन ।

व्यास गाउँपालिकाले बीओपी निर्माणका लागि जग्गा उपलब्ध गराइसकेको छ। संघीय सरकारको प्राथमिकतामा नपर्दा सीमा क्षेत्रमा राज्यको उपस्थिति अझै विस्तार हुन नसकेको व्यास गाउँपालिकाका अध्यक्ष मंगलसिंह धामीले बताए । 'दार्चुला आउने प्रधानमन्त्रीदेखि मन्त्री र उच्च सरकारी अधिकारीलाई कौवामा बीओपी निर्माणको माग गर्दै आएका छौं,' उनले भने, 'तर सरकारले प्राथमिकता दिएन ।'

कौवा भारतले अतिक्रमण गरेको नेपालीभूमि गुन्जी र कालापानी क्षेत्रको नजिक पर्छ। सरकारले कौवासँगै व्यासको टिंकरमा पनि बीओपी स्थापना गर्ने निर्णय गरेको थियो। टिंकरमा भने भदौ २०८० देखि सशस्त्र प्रहरी तैनाथ छ। तर सँगै घोषणा गरिएको कौवामा बीओपी अझै कागजमै सीमित रहेको स्थानीयको गुनासो छ ।

भौगोलिक अवस्थिति, त्रिदेशीय सीमा र कालापानी-लिपुलेक क्षेत्रको निकटताका कारण कौवा नेपालको सबैभन्दा संवेदनशील सीमा क्षेत्रमध्ये एक मानिन्छ। स्थानीयका अनुसार यहाँ सुरक्षाकर्मीको स्थायी उपस्थिति नहुँदा वन्यजन्तु तथा जडीबुटीको चोरीसिकार, तस्करी तथा सीमापार गतिविधिको निगरानी प्रभावकारी हुन सकेको छैन ।

सीमा सुरक्षा सुदृढ गर्न तल्लो कौवा क्षेत्रमा बीओपी स्थापना आवश्यक रहेको भन्दै तत्कालीन प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेलको अध्यक्षतामा १३ साउन २०७७ मा जिल्ला सुरक्षा समितिले गृह मन्त्रालयमा पत्राचार गरेको थियो । त्यसपछि १५ साउन २०७८ मा तत्कालीन प्रमुख जिल्ला अधिकारी सिद्धराज जोशीको अध्यक्षतामा बसेको बैठकले पनि पुनः निर्णय गर्दै गृह मन्त्रालयमा पत्र पठाएको थियो ।

सशस्त्र प्रहरी बल ४४ नम्बर गण हेडक्वाटर दार्चुलाका गणपति गुणराज न्यौपानेका अनुसार सीमा सुरक्षा, निगरानी तथा चोरी-तस्करी नियन्त्रणका लागि कौवामा बीओपी स्थापना अपरिहार्य छ। प्रमुख जिल्ला अधिकारीले एक साताअघि मात्रै पनि बीओपी निर्माण प्रक्रिया अघि बढाउन सशस्त्र प्रहरी मुख्यालयलाई पुनः स्मरण गराएको उनले जानकारी दिए । 'चालु आर्थिक वर्षमै निर्माण प्रक्रिया अघि बढाउने गरी प्राविधिक तयारी भइरहेको जानकारी आएको छ,' उनले भने, 'यो महिनाको अन्त्यसम्म फाइलमा केही प्रगति हुने अपेक्षा गरेका छौं ।'

प्रस्तावित बीओपी क्षेत्र व्यास-१ गागास्थित सशस्त्र प्रहरीको ५० नम्बर गुल्म मुख्यालयबाट करिब आठ किलोमिटर टाढा पर्छ। कौवाबाट गुन्जी करिब साढे दुई किलोमिटरको दूरीमा छ । भारतीय सुरक्षा निकायले गुन्जीलाई आफ्नो सीमा सुरक्षा गतिविधिको मुख्य केन्द्र बनाएर नेपाल र चीनतर्फको निगरानी गरिरहेको स्थानीयको भनाइ छ। व्यास क्षेत्रको सामरिक महत्त्वलाई ध्यानमा राख्दै भारत र चीनले भने आफ्ना सीमावर्ती क्षेत्रमा उच्च प्रविधियुक्त उपकरणसहित पर्याप्त सुरक्षाकर्मी परिचालन गरेका छन् । भारतले व्यास क्षेत्रमा दुई-तीन किलोमिटरको दूरीमा विभिन्न सुरक्षा पोस्ट स्थापना गरेर नियमित निगरानी गरिरहेको छ ।

नेपाली सुरक्षाकर्मीले भने हाल गागास्थित ५० नम्बर गुल्मबाट पैदल गस्ती गर्दै कौवा, गुन्जी र कालापानी क्षेत्रको निगरानी गर्छन् । स्थानीयका अनुसार कौवामा बीओपी स्थापना भए कालापानी क्षेत्र, महाकाली नदी किनार र भारतले निर्माण गरेको लिपुलेक सडक हुँदै हुने आवतजावतको प्रत्यक्ष निगरानी गर्न सहज हुनेछ । सरकारले यहाँ पर्याप्त पूर्वाधार, आधुनिक उपकरण र जनशक्तिसहित स्थायी सुरक्षा उपस्थिति कायम गर्न सके सीमा क्षेत्रमा हुने अवैध गतिविधि पनि नियन्त्रण हुने उनीहरू बताउँछन् ।




सम्पादकीय

# ग्यास अभाव हटाउन अल्पकालीन र दीर्घकालीन रणनीति अपरिहार्य

रातो सिलिन्डरका लामो-लामो लाइन सहरी क्षेत्रमा जताततै देखिन थालेको छ । यस्ता दृश्यले खाना पकाउने ग्यासको चरम अभाव र त्यसको खोजीमा उपभोक्ताले बेहोर्नुपरेको हैरानीलाई उजागर गर्छ । काठमाडौंलगायत ठूला सहरमा मात्रै नभई ग्यासको प्रयोग ग्रामीण क्षेत्रसम्म विस्तार भइसकेको छ, जसले खाना पकाउने कामलाई सहज बनाएको छ । यद्यपि, बेलाबखतमा निम्तिने चरम अभावका कारण उपभोक्ताले सास्ती खेप्नुपर्छ । एउटा मात्रै ग्यास सिलिन्डर भएका निम्न वर्गीय परिवार वा विद्यार्थी, जसलाई तत्कालै ग्यासको विकल्प जुटाउन कठिन हुन्छ, उनीहरूले भने अतिरिक्त कठिनाइ खेप्नुपर्छ । नागरिकले मूल्य तिरेर खरिद गर्नुपर्ने अत्यावश्यक वस्तुको अभावप्रति सरकार संवेदनशील हुनुपर्छ । साथसाथै, ग्यास आयातका लागि सरकारको एकल प्रणाली क्रियाशील भएकाले पनि उसको अतिरिक्त जवाफदेहिता देखिनुपर्छ । अहिलेको समस्या समाधानको विषयलाई प्राथमिकतामा राख्दै ग्यास अभावको दीर्घकालीन समाधान खोज्ने विषयलाई पनि प्राथमिकतामा राख्नुपर्छ ।

ग्यास अभावको पछिल्लो शृंखला गत फागुनमा पश्चिम एसियामा जारी द्वन्द्वका बेलादेखि नै सुरु भएको हो । अभावको असर बढ्न नदिन सरकारले आधा सिलिन्डर ग्यास वितरण गर्ने नीति लियो । चार महिनापछि ३१ असारबाट भने पूरै सिलिन्डर ग्यास वितरण गर्न थालियो । त्यसयता भने बजारमा ग्यासको अभाव हुन थालेको छ । तथ्यांकमा पछिल्ला महिनामा ग्यास आयात बढेको देखिएको छ । वैशाखमा ३२ हजार ५६, जेठमा ३३ हजार ८ सय ४२, असारमा ४४ हजार ५ सय र यही साउनमा ४१ हजार २ सय ९४ टन ग्यास आयात भइसकेको छ । आयातअनुसारकै ग्यास बजारमा गइरहेको पनि बताइन्छ । तर पनि उपभोक्ताले सजिलै ग्यास पाइरहेका छैनन् । समस्या समाधानका लागि भने वितरण प्रणालीलाई पारदर्शी बनाउनुपर्छ । अभाव हुँदै छ वा भइरहेको छ भन्ने चर्चा हुनासाथ जुनसुकै वस्तुको पनि अतिरिक्त सञ्चिति गर्ने उपभोक्ताको स्वभाव हुन्छ । त्यसैले नागरिकको मनोविज्ञानलाई पनि सम्बोधन गर्न सक्ने क्षमता सरकारले देखाउनुपर्छ ।

अहिले व्याप्त अभावको न्यूनीकरणका लागि सरकारले आवश्यकता र सञ्चितिबीचको भेद छुट्याएर समाधान खोज्नुपर्छ । जोसँग एउटा मात्रै सिलिन्डर छ, उसलाई उपलब्ध गराउने उपाय अपनाउनुपर्छ । त्यसका लागि सरकारले व्यावहारिक प्रणाली पहिल्याउनुपर्छ । संयन्त्र परिचालन गर्नुपर्छ । उपभोक्तालाई अनावश्यक सञ्चिति नगर्न आह्वान गर्नुपर्छ । साथसाथै, नेपालमा कति ग्यास सिलिन्डर छन्, कुन परिवारसँग कुन कम्पनीका कति ग्यास छन् भन्ने प्रमाणित तथ्यांक तयार गरिनुपर्छ । साथसाथै, घरायसी उपभोक्ता वा होटल/रेस्टुराँलगायतले कति सिलिन्डर राख्न पाउने मापदण्ड तयार गरिनुपर्छ । त्यस्तो तथ्यांक भयो भने सरकारले ग्यास वितरणलाई व्यवस्थित बनाउन सक्छ । समग्रमा बजारको आवश्यकता कति हो भन्ने प्रस्ट हुन्छ नै, कुन क्षेत्रमा कुन कम्पनीको ग्यासको आवश्यकता कति हो भन्ने पनि थाहा हुन्छ । त्यसले वितरणलाई सहज बनाउन भूमिका खेल्छ । घरायसी र औद्योगिक प्रयोजनका लागि छुट्टाछुट्टै आकार र प्रकारका सिलिन्डर प्रयोग गर्ने नीति ल्याइयो भने पनि रणनीतिक वितरणमार्फत आमउपभोक्ताको अभाव न्यूनीकरण गर्न सकिन्छ ।

दीर्घकालीन समाधानका लागि दुई विकल्पमा काम गर्नुपर्छ । ग्यासलाई नै विकल्पका रूपमा अपनाउञ्जेल यसकै आयात, भण्डारण र वितरणलाई सहज बनाउनुपर्छ । अहिले भारतीय ग्यास बुलेटबाट ग्यास आयात गरिन्छ, यसकै कारण वार्षिक ६ अर्ब रुपैयाँ ढुवानीसमेत नेपालले भारतलाई नै तिर्दै आएको छ । यसबीचमा नेपालले आफ्नै बुलेट चलाउने प्रयत्न गरेको थियो, तर सफल हुन सकेन । कि आफ्नै बुलेट चलाउने वा पाइपलाइनबाट ग्यास ल्याउने उपाय अपनाउन सकिन्छ । साथै, भण्डारण क्षमता पनि विस्तार गर्न सकिन्छ । आयल निगमका अनुसार ग्यासको मासिक औसत खपत ४५ देखि ५० हजार टन हो । यसकारण, न्यूनतम २५ हजार टनको भण्डारण बनाउँदा १५ दिनसम्म सहज हुन सक्छ । तर ग्यासको खपतलाई कति र कहिलेसम्म प्राथमिकता दिने र अनिवार्य आवश्यकता बनाइराख्ने भन्ने सरकारको रणनीतिसँग यो विषय जोडिएको छ । यसमा सरकार प्रस्ट हुनुपर्छ । नेपालकै दैलेखमा भेटिएको प्राकृतिक ग्यासको व्यावसायिक उत्पादनको सम्भावनाको प्राविधिक पक्ष निष्कर्षमा पुगिसकेको छैन । त्यसलाई टुंग्याउन सकिएमा र उत्खननको सम्भावना देखिएमा प्रक्रिया सुरु गर्नुपर्छ । त्यसले पनि उपभोक्तालाई सस्तो र सहज ग्यास पाउन सजिलो हुनेछ ।

हामीकहाँ ग्यास सिलिन्डरको उपभोग मूलतः खाना पकाउनैका लागि हो । यसलाई विद्युतीय चुलोले विस्थापन गर्न सकिन्छ । नेपालमा विद्युत्‌को प्रशस्त उत्पादन भइरहेको छ । नागरिकलाई विद्युतीय चुलोमा अभ्यस्त बनाउन सकियो भने स्वदेशी उत्पादनकै खपत बढ्छ । ग्यासकै मूल्य तथा ढुवानीका लागि खर्च भइरहेको अर्बौं रकममा उल्लेखनीय कमी आउँछ । स्वास्थ्य, सुरक्षा र पर्यावरणीय दृष्टिले पनि विद्युतीय चुलोको प्रयोग हितकारी हुनेछ । यसका लागि सरकारले विद्युत्‌को निरन्तर आपूर्ति सुनिश्चित गर्नुपर्छ । मूल्य यथाशक्य न्यून बनाउनुपर्छ । अहिले विद्युत् उपभोगमा लगाइएको भ्याट खारेज गर्नुपर्छ । बढीभन्दा बढी विद्युत् खपतका लागि प्रोत्साहन गर्नुपर्छ । विद्युतीय चुलोमा छुट तथा राहत लगायतका प्रोत्साहनमूलक कार्यक्रमको घोषणा गर्नुपर्छ । उपभोक्ताको भान्सामा एक पटक विद्युतीय चुलो पुर्‍याउन सकियो र त्यसको प्रयोगमा अभ्यस्त बनाउन सकियो भने ग्यासको माग तीव्र गतिमा कम हुँदै जानेछ । यसले बहुपक्षीय लाभ पुग्नेछ ।

ग्यास अभाव खट्किरहेका बेला अहिले सरकारले आश्वासन दिएर मात्रै पुग्दैन, उपभोक्ताले सहजै ग्यास पाउने वातावरण बन्नुपर्छ । तब मात्र सरकारप्रतिको विश्वास बढ्नेछ । तर ग्यास अभावको समस्या केही समयको अन्तरालमा दोहोरिने गरेकाले दीर्घकालीन समाधान खोज्नुपर्छ । ग्यासकै आयात र वितरण प्रणालीलाई चुस्त बनाउने उपाय खोजिनुपर्छ । तर, घरायसी प्रयोजनमा ग्यासको विकल्पमा विद्युतीय चुलो प्रयोग हुने स्थिति निर्माण गर्न सक्दा मात्रै सरकार वास्तवमा सफल हुनेछ ।

# शासनशैलीमा निर्भर लोकतन्त्रको जीवन



काशीराज दाहाल

(प्रशासकीय अदालतका पूर्वअध्यक्ष दाहाल उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिका अध्यक्ष पनि हुन्)




तस्बिर : कान्तिपुर

राजनीतिक संस्कार र संवैधानिक संस्कृतिको विकास नभएको समाजमा जस्तोसुकै राम्रो संवैधानिक प्रणाली अपनाइए पनि असल शासन, परिणाम र प्रतिफल, दिगो विकास, शान्ति र स्थायित्व प्राप्त हुन सक्दैन ।

आधुनिक विश्वमा राज्यशक्ति निक्षेपण गरी संविधानवाद, मानवअधिकारवाद र कानुनवादका आधारमा संवैधानिक लोकतान्त्रिक प्रणाली अपनाउने गरी संविधान बनाउने लहर बढ्दो छ । अधिनायकवादी राज्य प्रणाली भत्किँदै गएका छन् । निर्वाचनबाट राज्यशक्तिले वैधानिकता प्राप्त गर्ने सिद्धान्तको विकास भएको छ. । आधुनिक राज्यहरूले लोकतन्त्रका आधारभूत अन्तर्वस्तुहरू, मानवअधिकारका आधारभूत मान्यताहरू, सुशासनका विषयहरूलाई बढीभन्दा बढी संविधानमा समावेश गरी अन्यभन्दा आफू बढी लोकतन्त्रको अनुयायी देखाउने होडबाजी चलेको छ । संविधानरूपी कागजमा जेसुकै लेखेर प्रतिबद्धता व्यक्त गरेको भए पनि शासकले शासकीय अभ्यासमा लोकतन्त्रलाई 'छद्म लोकतन्त्र' र 'अनुदार लोकतन्त्र' मा परिणत गर्दै शक्तिकेन्द्रित राजनीतितर्फ शासकीय अभ्यास अगाडि बढेको छ ।

राज्यशक्ति र सत्ताको हस्तान्तरण निर्वाचनबाट हुँदै गयो र संविधानभित्रबाटै समस्याहरू समाधान गर्दै जाने संस्कृतिको निर्माण गरियो भने संविधान टिकाउ हुन सक्छ । विद्रोह, हिंसा र आन्दोलनबाट संविधान परिवर्तन गर्ने अभ्यास गरियो भने संविधानहरू जीवन्त हुन सक्दैनन् । बेलायतले एउटै दस्ताबेजरूपी संविधान नबनाई संवैधानिक कानुनहरू, संवैधानिक अभ्यास र प्रचलनबाट विधिको शासन, संसदीय सार्वभौमिकता, संवैधानिक राजतन्त्र, क्याबिनेट प्रणाली, स्वतन्त्र न्यायपालिका, पूर्ण प्रेस स्वतन्त्रताको अभ्यास गर्दै आएको छ । अमेरिकामा सन् १७८७ मा बनेको संविधान गतिशील दस्ताबेजका रूपमा विकास हुँदै जानुको कारणमा राजनीतिक, सामाजिक, आर्थिक र प्रविधिको विकाससँगसँगै औपचारिक संशोधन, असल शासकीय अभ्यास र न्यायिक व्याख्याबाट विकसित हुँदै गएको देखिन्छ । औपचारिक प्रक्रियाबाट संविधानको संशोधन कठोर कार्यविधि भएकाले संशोधन गर्नुभन्दा कार्यकारिणीको संविधानप्रतिको विश्वास र त्यसको सीमाभित्रै रही कार्य गर्ने राजनीतिक व्यवहार, न्यायिक पुनरावलोकन, नागरिक सचेतना नै हो भन्ने मानिएको छ । संविधान र कानुन मिच्ने अधिनायकवादी प्रवृत्तिको शासक भयो भने शक्ति सन्तुलन र नियन्त्रणको प्रक्रियाद्वारा संविधानको सर्वोच्चतालाई जीवन्त दिने कार्य गरिन्छ ।

कुनै पनि मुलुकको संवैधानिक लोकतन्त्र सजीव हुन राज्यशक्ति प्रयोग गर्ने निकायहरूले आफ्नो संवैधानिक सीमा र भूमिका बुझी त्यहींभित्रै रही कार्य गर्ने अभ्यासको विकास गर्न सक्नुपर्छ । त्यसो हुँदा मात्रै संवैधानिक व्यवस्थाले नै स्थायित्व प्राप्त गर्छ । नागरिक अधिकारको दृष्टिले अमेरिका, दक्षिण अफ्रिका, केन्या, सर्बिया जस्ता मुलुकको संविधान उत्कृष्ट मानिन्छ । यस्तै विधिको शासन र सुशासनको दृष्टिले नर्वे, फिनल्यान्ड, न्युजिल्यान्ड, डेनमार्क, स्विडेन, स्विट्जरल्यान्ड र जर्मनीको संविधानलाई राम्रो मानिन्छ ।

समृद्ध लोकतन्त्रमा राजनीतिक स्थायित्व हुन्छ । संवैधानिक निकायहरू सक्षम र बलिया हुन्छन् । राजनीतिक दलहरू राष्ट्र हितलाई सर्वोपरि मानी संवैधानिक सीमाभित्र रही काम गर्दछन् । आज विश्वका ६.६ प्रतिशत जनसंख्या पूर्ण लोकतान्त्रिक व्यवस्थामा छन् । ४० प्रतिशत जनसंख्या अधिनायकवादी शासनबाट शासित छन् । अन्य संविधान लोकतान्त्रिक हुँदाहुँदै पनि अलोकतान्त्रिक शासनको अभ्यासमा छन् । जनता लोकतान्त्रिक व्यवस्थामा सरकारबाट उत्तरदायी र जिम्मेवारपूर्ण कार्य र कार्यसम्पादनको प्रभावकारिताबाट प्रतिफल चाहन्छन् । लोकतन्त्र र विधिको शासन कतैबाट आयात गर्ने विषय होइन । शासक र शासित दुवैको अनुशासन र जिम्मेवारीबोधबाट सिर्जना हुने विषय हो । राजनीतिक संस्कार र संवैधानिक संस्कृतिको विकास नभएको समाजमा जस्तोसुकै राम्रो संवैधानिक प्रणाली अपनाइए पनि असल शासन, परिणाम र प्रतिफल, दिगो विकास, शान्ति र स्थायित्व प्राप्त हुन सक्दैन । यस्तो अवस्थामा द्वन्द्वका चक्रहरू सत्ता कब्जा गरी अनुचित फाइदा लिनका निम्ति सलबलाइरहेका हुन्छन् ।

## सुशासन र आर्थिक समृद्धि

संविधान बनाउनुको मुख्य उद्देश्य नागरिकको हक अधिकारको संरक्षण गर्दै मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्तिका निम्ति हो । संविधान एउटा माध्यम मात्र हो । लक्ष्य भनेको राष्ट्रको सर्वोपरि हित र जनताको सुख समृद्धि हो । राष्ट्रको सर्वोपरि हित र जनताको सुख समृद्धि गर्न नसक्ने संविधान जतिसुकै समय र धनराशि खर्च गरेर जस्तोसुकै बनाए पनि त्यसप्रति जनताको अपनत्व रहन्न । संविधानमा के लेखिएको छ, जनताको त्यति चासोको विषय हुँदैन । त्यस संविधानले जनताको जीवनस्तर उठाउन सक्यो/सकेन ? भन्ने मुख्य सरोकार जनताको हुन्छ ।

वि.सं. २००७ सालपछि नेपालमा विभिन्न आन्दोलन र विद्रोहबाट संवैधानिक व्यवस्था बदलिएको भए पनि शासकीय चरित्र र प्रवृत्तिमा सुधार हुन नसक्दा सुशासन र समृद्धिको अवस्था कमजोर देखियो । नेपालजस्तै आर्थिक अवस्थामा रहेका दक्षिण कोरिया र मलेसियाले आर्थिक समृद्धिको ठूलो फड्को मार्दा पनि नेपालको स्थिति विधिको शासन र समृद्धिको दृष्टिले परिवर्तन हुन सकेन । दक्षिण कोरियामा सन् १९४५ सम्म २२ प्रतिशत मात्रै साक्षर थिए । यो गरिब मुलुक सन् १९५०–५३ को युद्धले तहसनहस भएको थियो । तर खरानीबाट माथि उठ्यो । राजनीतिक नेतृत्वको विकाससम्बन्धी स्पष्ट मार्गचित्र, जनताको कडा मिहिनेत, बचत गर्ने आदत, फजुल खर्चमा कमी, उद्यमशीलताको असल अभ्यास, रणनीतिक योजनाको सफल कार्यान्वयनमै औद्योगिक उत्पादनको निर्यात, शिक्षामा अत्यधिक लगानी, वैदेशिक लगानीको प्रत्याभूति जस्ता विभिन्न कारण यो देशले अर्थतन्त्रको विकासमा उल्लेख्य प्रगति गरेको छ । राजनीतिक नेतृत्वहरूबाट भ्रष्टाचार भई कारबाहीमा परेका भए पनि नागरिकहरूको मिहिनेत र आर्थिक विकास गर्ने उद्योगीहरूको अनुशासनका कारण समृद्धिको यात्रामा सफलता प्राप्त गरेको छ ।

त्यस्तै, दोस्रो विश्वयुद्धमा तहसनहस भएको जापान अमेरिकी सैनिक जनरल डगलस म्याकार्थरले सन् १९४६ मा बनाइदिएको संविधान आजसम्म एक पटक पनि संशोधन नभई आर्थिक समृद्धिमा ठूलो चमत्कार गरेको छ । जापानले 'आर्थिक कूटनीति' को सिद्धान्त (योसिडा डक्ट्रिन) अपनाई, अमेरिकी सहयोगबाट व्यापार विस्तार गर्दै औद्योगिकीकरण, इलेक्ट्रोनिक्स सामान, मोटरकारको उत्पादन, निर्यात व्यापार जस्ता कारणबाट अर्थतन्त्रलाई समृद्ध बनाउन सफलता प्राप्त गर्‍यो ।

यस्तै, मलेसियाले महाथिर मोहम्मदको नेतृत्वको सरकारले 'आर्थिक राष्ट्रवाद'को सिद्धान्तलाई अवलम्बन गरी रबर, तेल, इलेक्ट्रोनिक सामानको निर्यात, औद्योगिक उत्पादनमा वृद्धि, पूर्वाधार र पर्यटनको विकास जस्ता कार्यबाट आर्थिक समृद्धि हासिल गर्न सफलता प्राप्त गर्‍यो । सन् १९६५ मा मलेसियाबाट पृथक् भई स्वतन्त्र राज्य बनेको सिंगापुरमा ली क्यूयानको नेतृत्वको सरकारले वैदेशिक लगानीलाई प्रोत्साहन गर्ने उदेश्यले आर्थिक विकास बोर्ड गठन गरी वैदेशिक लगानीको सुरक्षाको कानुनी प्रत्याभूति, राजनीतिक स्थायित्व, भ्रष्टाचारको रोकथाम र नियन्त्रणमा शून्य सहनशीलता, दीर्घकालीन आर्थिक योजनाको प्रभावकारी कार्यान्वयन, मजदुर हडतालमा प्रतिबन्ध जस्ता रणनीति अपनायो । सार्वजनिक भवन निर्माण गरी नागरिकमा वितरण, योग्यतामा आधारित सरकारी सेवामा नियुक्ति, स्वास्थ्य र शिक्षा क्षेत्रमा सुधार जस्ता महत्त्वपूर्ण काम गर्‍यो । परिणामतः सिंगापुर आज समृद्ध राष्ट्रका रूपमा उभिएको छ । नेतृत्वको स्पष्ट सोच, निष्ठासाथ राजनीतिक व्यवस्थापन गर्ने कुशलता र दृढ इच्छाशक्ति भयो भने परिवर्तन गर्न सकिन्छ भन्ने उदाहरण सिंगापुरले प्रस्तुत गरेको छ । यस्तै, दोस्रो विश्वयुद्धमा ठूलो क्षति भोग्नुपरेको जर्मनीले पनि विली ब्रान्ड नेतृत्वको सरकार (१९६४–८७) मार्फत लिएको आर्थिक र सामाजिक नीति र नेतृत्वबाट अर्थतन्त्रमा व्यापक सुधार गर्‍यो ।

चीनमा सन् १९७८ देखि राज्य नियन्त्रित केन्द्रीकृत अर्थव्यवस्था बजार उन्मुख प्रणालीमा रूपान्तरण गर्दै जाने नीति अख्तियार गरियो । त्यसैकारण वैदेशिक लगानी बढ्दै गयो । बजार अर्थतन्त्रको नीतिसमेतका कारण पचास प्रतिशतभन्दा बढी व्यवसाय निजी क्षेत्रबाट सञ्चालन हुन पुग्यो । पूर्वाधारमा अत्यधिक लगानी, विद्युत्, ग्यास, तेल, कोइला, कपर जस्ता प्राकृतिक स्रोतको प्रयोग र उत्पादित वस्तुको अन्तर्राष्ट्रिय व्यापार, जनसंख्या नियन्त्रण नीति, भ्रष्टाचार नियन्त्रण, कानुनको प्रभावकारी कार्यान्वयन, प्राविधिक जनशक्तिको बढी उत्पादन र लगानीका विविध क्षेत्रको अध्ययनका निम्ति विशेष बजेटको विनियोजन जस्ता विभिन्न कारण अर्थतन्त्रले ठूलो फड्को मारेको छ । यसरी चीनमा आर्थिक विकासको तीव्र गति चमत्कारपूर्ण किसिमबाट हुनुमा राष्ट्रप्रति समर्पित राजनीतिक नेतृत्व र सरकारले लिएको समाजवादी खुला बजारको नीतिलाई मानिएको छ ।

नेपालको भूराजनीतिलाई हृदयंगम गरी 'आर्थिक कूटनीति' का आधारमा 'आर्थिक राष्ट्रवाद' का सिद्धान्तमा रही आर्थिक समृद्धि हासिल गर्न सक्नुपर्ने थियो । तर, राजनीतिक नेतृत्वहरू बिचौलियाहरूको प्रभावको अस्थिरतामा परनिर्भर रहन पुगे । त्यसैकारण व्याप्त भ्रष्टाचार, अस्थिर राजनीति, फितलो कानुन कार्यान्वयन, निहित स्वार्थमा कानुन बन्ने प्रवृत्ति, सीमित व्यक्तिको राज्य व्यवस्थामा हालीमुहाली जस्ता कारण अर्थतन्त्र कमजोर बन्न पुग्यो । सुशासन पनि कायम हुन सकेन । यसै कारण युवाले सुशासन र समृद्धिका निम्ति जेन-जी विद्रोह गर्नुपर्ने अवस्था सिर्जना भयो ।

## शक्तिकेन्द्रित अभ्यास

आधुनिक विश्वका धेरै मुलुकमा लोकतन्त्र संकटमा छ । लोकतान्त्रिक राज्य व्यवस्थाको लामो शासकीय अभ्यास भएका मुलुकहरूमा पनि राज्यशक्ति शासकमा बढी केन्द्रित गर्ने अभ्यास बढ्दो छ । आधुनिक लोकतन्त्रको अभ्यास 'प्रतिस्पर्धी अधिनायकवाद' को स्वरूपमा बदलिँदै गएको छ । ग्रिस, ट्युनिसिया, स्पेन, इटाली, अर्जेन्टिना, नाइजेरिया जस्ता मुलुकमा ९० प्रतिशतभन्दा बढी जनताहरू शासनशैलीसँग असन्तुष्ट रहेको मतसर्वेक्षणहरूले देखाएका छन् । राजनीतिक भ्रष्टाचार व्याप्त भएकाले लोकतन्त्र 'ऋणात्मक' बनेको छ ।

सिकागो विश्वविद्यालयका प्राध्यापक विधिशास्त्री अजिजहग र टोम जिम्सबर्ग (२०१८) ले आजको राज्य व्यवस्थामा लोकतान्त्रिक संविधानमाथि विभिन्न किसिमले अतिक्रमण गरी शासकले आफूमा शक्तिकेन्द्रित गरी आफ्नो नियन्त्रणमा राख्ने कार्यलाई देहायबमोजिम गर्ने गरेको उल्लेख गरेका छन् ।

एक, संविधान संशोधन गरी शासकमा शक्ति केन्द्रीकृत गर्ने र संवैधानिक निकायहरूलाई आफ्नो प्रभावमा राख्ने । उदाहरण- भेनेजुएला, हंगेरी, टर्किए, रुस, पोल्यान्ड आदि ।

दुई, शक्ति सन्तुलन र नियन्त्रण प्रणालीलाई कमजोर बनाउन आफू अनुकूलको न्यायाधीश, अदालतमा नियुक्त गर्ने र विधायिकालाई सरकारको नियन्त्रणमा राख्ने । उदाहरण- हंगेरी, टर्किए, भेनेजुएला आदि ।

तीन, कर्मचारीतन्त्र र सरकारी अभियोजन पक्षलाई आफ्नो अनुकूल चल्न लगाउने ।

चार, सञ्चारमाध्यम, नागरिक समाज र प्राज्ञिक क्षेत्रलाई नियन्त्रणमुखी बनाउने ।

पाँच, निर्वाचन कानुनलाई आफ्नो अनुकूल हुने गरी बनाई सत्तामा बसिरहने ।

निष्ठा र त्यागको राजनीतिभन्दा सत्ता र शक्ति कब्जा गर्ने शासकको सोचका कारण विभिन्न संवैधानिक दाउपेचबाट संवैधानिक मान्यता, लोकतान्त्रिक मूल्यमान्यता, राजनीतिक सदाचार, लोकतान्त्रिक संस्कार जस्ता पक्षको उल्लंघन गरी सत्ता कब्जा गर्ने प्रवृत्ति रहेसम्म संवैधानिक लोकतन्त्र जीवन्त हुन सक्दैन ।

## नेपालको स्थिति

नेपालले जनआन्दोलन र विद्रोहको माध्यमद्वारा पटक-पटक संविधान र राजनीतिक व्यवस्था बदल्यो । व्यवस्था बदल्नेहरू शासन सत्तामा पुगेपछि सुशासन र विधिको शासनलाई भुली बिचौलियाको प्रभावमा काम गर्ने शासकीय शैलीका कारण मुलुक कमजोर हुँदै गयो । जनताले निर्वाचनको माध्यमद्वारा परिवर्तनकारी राजनीतिक शक्तिलाई सत्ता सुम्पने गरेको भए पनि परिवर्तनकारी शक्तिहरूले सुशासन दिन नसक्दा लोकतन्त्र सधैं संकटमा परिरह्यो । राज्यका संवैधानिक क्षेत्रहरूमा समेत दलीयकरण गर्ने प्रवृत्तिलाई बढावा दिँदा विधिको शासन खल्बलिन पुग्यो । शासनको नेतृत्व गर्नेहरूले जवाफदेहिता वहन गरी संसद्‌प्रति उत्तरदायी हुनेभन्दा गैरसंवैधानिक किसिमले संसद् नै विघटन गर्ने मार्ग रोजियो ।

जनआन्दोलन र विद्रोहबाट परिवर्तन गरिएको व्यवस्थाले जनताको भावना अनुकूलको लाभ र प्रतिफल दिन सक्नुपर्छ । सीमित व्यक्ति वा समूहलाई मात्र लाभ पुर्‍याउने किसिमले कार्य गरियो भने त्यस्तो व्यवस्था लोकतन्त्र नभई 'कम्पनीतन्त्र' हुन्छ । यस सन्दर्भमा राजनीतिक आर्थिक विश्लेषक अमेरिकी प्राध्यापक जोसेफ स्टिगलिज, फ्रेन्च अर्थशास्त्री थोमस पिकेटी, अमेरिकी राजनीतिशास्त्री स्टिभन लिभिट्स्कीले सीमित व्यक्तिलाई मात्र लाभ पुर्‍याउने गरी राज्यसत्ताको प्रयोग गरियो भने भविष्यका सन्ततिहरूलाई केवल गरिबी र असमानताको बढ्दो दूरी, व्याप्त भ्रष्टाचारले जरा गाडेको द्वन्द्वयुक्त समाज हस्तान्तरण भई लोकतन्त्र नै मृत्युशय्यामा पुग्छ भन्ने विश्लेषण गरेका छन् । यस्तो स्थिति भएमा राज्य असफल हुने हार्वर्ड विश्वविद्यालयका प्राध्यापक जेम्स रोबिन्सन समेतको अध्ययन रहेको छ । आजको विश्वले गरिबी, भोकमरी, महामारी, बेरोजगारी, असमानता, बसाइँसराइ, आप्रवासन, आतंकित गतिविधि, संगठित अपराध, विप्रेषणबाट राष्ट्रिय अर्थतन्त्र चल्नुपर्ने बाध्यता भोगिरहेका छन् । त्यस्तै, जलवायु परिवर्तनले पारेको प्रभाव, नैतिक मूल्यमान्यतामा आएको ह्रास, सामाजिक सञ्जालको प्रभाव जस्ता विभिन्न स्थिति, समस्या र चुनौतीहरू खेप्नुपरेको छ । यस्ता समस्या समाधान गर्न सक्षम र कुशल राजनीतिक नेतृत्व, सीपयुक्त व्यावसायिक कर्मचारीतन्त्र, राष्ट्रप्रति बफादार राजनीतिक दल, आर्थिक कूटनीति, अनुशासित समाज, सामाजिक र धार्मिक एकता आपसी सहिष्णुता आवश्यक हुन्छ ।

अन्त्यमा, जेन-जी विद्रोह/आन्दोलनको परिणाम अत्यधिक जनमत प्राप्त सरकारले विश्व स्थिति, नेपालको भूराजनीति, जनताको आकांक्षा, स्रोतसाधनको अवस्था, समाजको चरित्र ख्याल गर्नुपर्छ । साथै, सरकारको दायित्व र जिम्मेवारीलाई बोध गरी असल शासनका निम्ति सोही अनुरूपको शासकीय सुधार र परिपक्व व्यवहारबाट सबैको मन जित्ने किसिमबाट शासन र प्रशासन सञ्चालन गर्नुपर्छ । लोकतन्त्रको प्रतिफल समन्यायिक रूपमा वितरण हुने सुनिश्चित गर्नुपर्छ । यसो गर्न सकेमा नै मुलुकमा स्थायित्व प्राप्त हुन सक्छ । अन्यथा मुलुक सधैं प्रयोगशाला बन्ने खतरा रहन्छ । लोकतान्त्रिक आचरण र संस्कारका आधारमा शासन र प्रशासन सञ्चालन गर्ने शासकीय संस्कृतिको विकासबाटै मुलुकमा स्थायित्व र समृद्धि सहज हुन सक्छ ।

# 'सीएसआर' को सुदृढीकरण



अनुपा भण्डारी जलान

(लेखक सामाजिक उत्तरदायित्वका क्षेत्रमा सक्रिय छिन्)

सरकारले आफ्नो सयबुँदे कार्ययोजनामा संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) लाई व्यवस्थित गर्ने लक्ष्य समावेश गरेको थियो । सार्वजनिक नीति सुधारको दृष्टिले यो सकारात्मक प्रतिबद्धता हो । निजी क्षेत्रबाट हुने सामाजिक लगानीलाई थप पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउने उद्देश्यमा कसैको असहमति हुन सक्दैन । तर, निजी क्षेत्रले सीएसआरअन्तर्गत खर्च गर्ने रकम उनीहरूले प्रत्यक्ष रूपमा खर्च गर्न नपाउने र त्यसलाई सरकारी कोषमा जम्मा गर्नुपर्ने व्यवस्थासहितको विधेयकको मस्यौदा तयार भएको सार्वजनिक भएको छ । यस्तो व्यवस्था लागू गरियो भने यसले सीएसआरको आधारभूत अवधारणा, मर्म र अन्तर्राष्ट्रिय अभ्यासमाथि नै प्रश्न उठाउनेछ । सीएसआरमा सुधारको आवश्यकता छ, तर यसको अवधारणा नै परिवर्तन गर्नु समाधान होइन । बरु सुशासन, पारदर्शिता र प्रभावकारी नियमनमार्फत यसको गुणस्तरमा सुधार गरिनुपर्छ ।

सीएसआर कुनै दान वा परोपकारको कार्यक्रम होइन । यसको जन्म नै उद्योग-व्यवसाय र समाजबीचको विश्वासको सम्बन्ध बलियो बनाउने उदेश्यका साथ भएको हो । औद्योगिकीकरणसँगै विश्वका धेरै मुलुकमा उद्योगहरूलाई केवल नाफामुखी संस्थाका रूपमा हेर्ने प्रवृत्ति बढ्दै गयो । वातावरणीय प्रदूषण, श्रमिक अधिकारको उल्लंघन, प्राकृतिक स्रोतको अत्यधिक दोहन तथा सामाजिक असमानताले निजी क्षेत्रप्रति अविश्वास सिर्जना गर्‍यो । यही परिस्थितिमा व्यवसायले आफ्नो आर्थिक सफलताको केही अंश समाजप्रति उत्तरदायित्वका रूपमा फिर्ता वा लगानी गर्नुपर्छ भन्ने अवधारणा विकास भयो, जसलाई आज सीएसआर भनिन्छ । यो 'कर्पोरेट सोसल रेस्पोन्सिबिलिटी' हो, 'गभर्मेन्ट सोसल रेस्पोन्सिबिलिटी' होइन । तर सरकारले यसलाई विशुद्ध सामाजिक कार्यमा निजी क्षेत्रको सहकार्य र सहयोगका रूपमा विकास गर्न जरुरी छ ।

विश्वव्यापी रूपमा सीएसआरको अभ्यास सरकारी नियन्त्रणमा आधारित छैन, बरु स्पष्ट कानुनी व्यवस्था, पारदर्शी कार्यान्वयन, स्वतन्त्र अनुगमन र सार्वजनिक उत्तरदायित्वमा आधारित छ । धेरै मुलुकमा सरकारले नीति र मापदण्ड बनाउँछ, तर कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी निजी क्षेत्रमै रहन्छ । किनभने सीएसआरको मूल उद्देश्य राज्यको दायित्व प्रतिस्थापन गर्नु होइन, विकास वा सामाजिक कार्यको प्रक्रियामा निजी क्षेत्रलाई जिम्मेवार साझेदार बनाउनु हो ।

नेपालले पनि यही अन्तर्राष्ट्रिय अभ्यासलाई आत्मसात् गर्दै सीएसआरलाई क्रमशः कानुनी संरचनाभित्र ल्याएको हो । विशेषगरी औद्योगिक व्यवसाय ऐन, २०७६ ले निश्चित मापदण्ड पूरा गर्ने उद्योगहरूले आफ्नो वार्षिक खुद नाफाको कम्तीमा एक प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । यसले सीएसआरलाई स्वैच्छिक सामाजिक सहयोगबाट कानुनी दायित्वमा रूपान्तरण गरेको छ । यो व्यवस्था निजी क्षेत्रलाई दण्डित गर्न होइन, समाजप्रति उत्तरदायी र व्यवस्थित बनाउन ल्याइएको हो ।

पछिल्ला वर्षमा सीएसआर कार्यान्वयनका क्रममा केही कमजोरी देखिएका छन् । आफ्नै ब्रान्ड प्रवर्द्धनलाई प्राथमिकता दिने, आफ्नै फाउन्डेसन स्थापना गरी पर्याप्त पारदर्शिताबिना रकम परिचालन गर्ने, स्थानीय आवश्यकताभन्दा आफ्नै रुचिअनुसार कार्यक्रम सञ्चालन, दान र चन्दा दिने गरेको पाइन्छ । यस्ता अभ्यासमा सुधार गर्नुपर्छ । तर, केही संस्थाका कमजोरीलाई आधार बनाएर सम्पूर्ण निजी क्षेत्रलाई एउटै दृष्टिले हेर्नु न्यायोचित हुँदैन ।

सीएसआर रकम सरकारी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरियो भने केही गम्भीर प्रश्न जन्माउँछ । पहिलो, सीएसआरको सामाजिक उत्तरदायित्वको भावना र अवधारणा नै कमजोर हुन्छ । निजी क्षेत्रहरूले समुदायसँग प्रत्यक्ष सम्बन्ध निर्माण गर्ने अवसर गुमाउँछन् । दोस्रो, स्थानीय आवश्यकताअनुसार तत्काल कार्यक्रम सञ्चालन गर्ने लचकता समाप्त हुन्छ । तेस्रो, नवप्रवर्तन, साझेदारी र निजी क्षेत्रको सिर्जनशीलता घट्ने सम्भावना रहन्छ । चौथो, निजी क्षेत्रले आफ्नो सामाजिक उत्तरदायित्वलाई कानुनी बाध्यताभन्दा अतिरिक्त करको रूपमा बुझ्न सक्छन्, जसले सीएसआरको दीर्घकालीन प्रभावकारितामै असर पार्न सक्छ ।



तस्बिर : एआई निर्मित

सरकारको मुख्य दायित्व स्रोत संकलन मात्र होइन, सुशासन सुनिश्चित गर्नु पनि हो । यदि कार्यान्वयनमा कमजोरी छन् भने त्यसको समाधान प्रभावकारी नियमन, नियमित अनुगमन र कडा उत्तरदायित्वको व्यवस्थाबाट हुन्छ । यसका लागि सरकारले केही महत्त्वपूर्ण सुधारका कार्यलाई अगाडि बढाउन सक्छ ।

सबैभन्दा पहिले, सीएसआरअन्तर्गत सञ्चालन हुने कार्यक्रम राष्ट्रिय विकास प्राथमिकता, संविधानले परिकल्पना गरेका सामाजिक न्यायका उद्देश्य, दिगो विकास लक्ष्य, स्थानीय सरकारका आवधिक योजना तथा समुदायको वास्तविक आवश्यकतासँग जोडिनुपर्छ । यसरी मात्र सीएसआरले दीर्घकालीन सामाजिक परिवर्तनमा योगदान दिन सक्छ । यसमा केही निजी क्षेत्रले काम गरिरहेका छन् ।

दोस्रो, सरकारले सबै कम्पनीलाई वार्षिक सीएसआर प्रतिवेदन सार्वजनिक गर्न अनिवार्य गर्नुपर्छ । उक्त प्रतिवेदनमा खर्चको विवरण मात्र होइन, कार्यक्रमको प्रभाव, लाभग्राहीको संख्या, सिकाइ र सामाजिक परिणाम पनि समावेश हुनुपर्छ । यसलाई स्वतन्त्र लेखापरीक्षण तथा सामाजिक परीक्षणसँग जोड्न सकिन्छ ।

तेस्रो, आफ्नै फाउन्डेसन वा निजी क्षेत्रका सञ्चालकहरूले खोलेको गैरसरकारी संस्थामार्फत सीएसआर सञ्चालन गर्ने अभ्यासका लागि स्पष्ट कानुनी मापदण्ड आवश्यक छ । फाउन्डेसन वा संस्थाहरू स्थापना गर्नु गलत होइन । तर, आफैंले स्थापना गरेका संस्थाले सार्वजनिक हितमा वा सामाजिक कार्य गर्ने संस्थाहरूको पारदर्शितामा प्रश्न जन्माउँछ ।

चौथो, सरकारले राष्ट्रियस्तरको डिजिटल सीएसआर सूचना प्रणाली विकास गर्नुपर्छ, जहाँ सबै कम्पनीले आफ्नो सीएसआर योजना, बजेट, कार्यक्रम, कार्यक्षेत्र र उपलब्धि सार्वजनिक रूपमा अद्यावधिक गर्नुपर्ने व्यवस्था होस् । यसले दोहोरो लगानी रोक्नुका साथै सरकार, स्थानीय तह, नागरिक समाज र नागरिकलाई समेत निगरानी गर्ने अवसर प्रदान गर्नेछ ।

पाँचौं, सीएसआरअन्तर्गत गरिएको खर्चलाई प्रोत्साहन गर्न सरकारले कर छुटको व्यवस्था गर्नुपर्छ । यसले निजी क्षेत्रलाई थप उत्तरदायी र प्रभावकारी सामाजिक लगानीतर्फ प्रेरित गर्नेछ ।

छैटौं, सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न निजी क्षेत्रले सामाजिक विकास, सामाजिक कार्य तथा सम्बन्धित विषयमा ज्ञान, सीप र अनुभव भएका दक्ष जनशक्तिलाई कार्यान्वयनको जिम्मेवारी दिनुपर्छ । यसबाट कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित हुनुका साथै अपेक्षित सामाजिक परिणाम तथा प्रभाव हासिल गर्न पनि सहज हुनेछ ।

सातौं, प्रत्येक कम्पनीले अनिवार्य रूपमा सीएसआर विभाग स्थापना गर्ने र त्यस विभागबाट सीएसआरका गतिविधिहरू सञ्चालन गर्ने र सीएसआरलाई व्यवस्थित गर्नका लागि सीएसआर नीति तयार गर्नुपर्ने व्यवस्था हुनुपर्छ । यसले कम्पनीको सामाजिक योगदानलाई योजनाबद्ध, उत्तरदायी, आन्तरिक सुशासन र सुदृढीकरणमा सहयोग पुग्छ । वास्तवमा, आजको आवश्यकता सीएसआरलाई सरकारी नियन्त्रणमा ल्याउनु होइन । विश्वसनीय, पारदर्शी र परिणाममुखी बनाउनु हो । निजी क्षेत्रले समाजप्रति आफ्नो दायित्व पूरा गर्नुपर्छ । त्यस्तै सरकारले पनि निजी क्षेत्रमाथि विश्वास कायम गर्दै प्रभावकारी नियामकको भूमिका निर्वाह गर्नुपर्छ । विकास साझेदारीको सफल मोडेल अविश्वासबाट होइन, पारदर्शिता, जवाफदेहिता र सहकार्यबाट निर्माण हुन्छ ।

नेपाल जस्तो विकासशील मुलुकमा सरकारले मात्र सबै सामाजिक आवश्यकता पूरा गर्न सक्दैन । शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, विपद् व्यवस्थापन, महिला सशक्तीकरण, युवा उद्यमशीलता, अपांगता समावेशीकरण, जलवायु परिवर्तन तथा सीमान्तकृत समुदायको विकासजस्ता क्षेत्रमा निजी क्षेत्रको सामाजिक लगानी अत्यन्त महत्त्वपूर्ण स्रोत हो । यदि यसलाई सही दिशामा परिचालन गर्न सकियो भने यसले सरकारी प्रयासलाई सशक्त बनाउँछ, तर यदि यसलाई केवल सरकारी राजस्व संकलनको माध्यम बनाइयो भने सीएसआरको आत्मा नै कमजोर बन्ने जोखिम रहन्छ ।

त्यसैले अहिलेको बहसको केन्द्रबिन्दु सीएसआरको रकम कसले खर्च गर्ने भन्ने होइन, बरु कसरी प्रभावकारी, पारदर्शी र उत्तरदायी ढंगले समाजको हितमा परिचालन गर्ने भन्ने हुनुपर्छ । यही प्रश्नको उत्तर खोज्न सकिए मात्र सरकारले आफ्नो सुधारको उद्देश्य पनि पूरा गर्न सक्छ र निजी क्षेत्रले आफ्नो सामाजिक दायित्व पनि सम्मानपूर्वक निर्वाह गर्न सक्छ । यसर्थ, कानुन निर्माणअघि सरकार, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार र विषयगत विज्ञबीच पर्याप्त परामर्श हुनुपर्छ । कानुनले विश्वास निर्माण गर्नुपर्छ । साझेदारीलाई प्रोत्साहन गर्नुपर्छ । सामाजिक लगानीलाई विस्तार गर्नुपर्छ ।

# संविधान संशोधनको औचित्य र एजेन्डा



प्रकाश ज्वाला
(ज्वाला नेपाली कम्युनिस्ट पार्टीका प्रवक्ता हुन्)



तस्बिर : प्रधानमन्त्री र मन्त्रिपरिषद्को कार्यालय

संविधान संशोधन गरेर अझै समयसापेक्ष र समृद्ध बनाउने हो भने राष्ट्रिय सहमतिका साथ अघि बढ्नुपर्छ । संविधान संशोधन अहिलेको आवश्यकता हो भन्ने सबै दलहरूबीच सहमति भएमा सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा संविधानविद्हरू र राजनीतिक दलका प्रतिनिधि राखेर उच्चस्तरीय शक्तिशाली संविधान संशोधन सुझाव आयोग गठन गर्नुपर्छ ।

रास्वपा नेतृत्वको सरकारको शासकीय सुधारसम्बन्धी सय बुँदे कार्यसूचीमा उल्लेख भएअनुसार बहसपत्र तयारीका लागि कार्यदल गठन गरेर संविधान संशोधनका लागि एउटा प्रयत्न अघि बढायो । यद्यपि, कार्यदलले सरकारलाई प्रतिवेदन बुझाइरहँदा कार्यदल र बहसपत्र आफैं विवादमा परे । सबैजसो राजनीतिक दलहरू संविधान संशोधनको पक्षमा हुँदाहुँदै पनि सरकार र कार्यदलले संविधान संशोधनको बहसमा राजनीतिक सहमति र दलहरूको समर्थन जुटाउन सकेन ।

यही संविधानप्रति शपथ लिएको र संविधानको रक्षा गर्ने जिम्मेवारी बोकेको सरकारलाई संविधानले परिकल्पना नगरेको प्रस्तावनालगायत संविधानका आधारभूत विषयहरू सबै खुला गरी बहस गर्ने अधिकार नै छैन । क्षेत्राधिकार नरहेको विषयमा सरकारले बहसपत्र तयार कार्यदल बनाउनु नै संविधानविपरीत छ । यसले संविधानमा देखिएका कमजोरीलाई पुनरावलोकन गर्नेतिर सरकारको ध्यान नभएको देखिन्छ ।

कार्यदलले राष्ट्रिय बहस र राजनीतिक दलहरूको सहमतिबिना नै संविधानका ३०८ मध्ये २४५ धारा संशोधनको सिफारिससहित गम्भीर प्रकृतिका सुझावहरू पेस गरेको सार्वजनिक भएको छ । सुझावमा कार्यकारी राष्ट्रपति कि संसदीय व्यवस्था भनेर जनमत संग्रह र मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित हुनुपर्नेलगायत प्रस्ताव छन् । यसबाट रास्वपा सरकारले सिंगो संविधानलाई नै उल्ट्याउन चाहेको प्रस्ट हुन्छ ।

### संविधान संशोधनको विधि

संविधान लागू भएको दस वर्ष नाघेको छ । संविधानका कति प्रावधान कार्यान्वयन भए ? कति भएनन् ? कार्यान्वयनका क्रममा कस्ता चुनौतीहरू बेहोर्नुपर्‍यो ? यस्ता पक्षको समीक्षा हुनुपर्छ । त्यसकारण पहिलो चरणमा संविधानको पुनरावलोकन गर्ने र त्यसको निष्कर्षको प्रकाशमा संशोधन गर्नु सुल्टो र सही तरिका हुन्छ ।

संविधान असंशोधनीय दस्ताबेज होइन । समयको आवश्यकता, परिवर्तित परिस्थिति, जनताका मुद्दाहरूलाई सम्बोधन गर्नका लागि संशोधन हुनुपर्छ, कसैको राजनीतिक स्वार्थ पूरा गर्नका लागि होइन । संविधान जनक्रान्तिका उपलब्धिहरू संस्थागत गरिएको दस्ताबेज हो । जनताको बलिदान र संघर्षबाट प्राप्त उपलब्धिहरू नबिथोलिने र नखोसिने गरी संशोधन हुनुपर्छ । जनक्रान्तिबाट प्राप्त भएका लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशिता, समानुपातिकता, स्वतन्त्र न्यायालय, प्रेस स्वतन्त्रतालगायतका उपलब्धि नगुम्ने बरु अझै बलियो हुने सुनिश्चित हुनुपर्छ ।

परिपक्व तयारी र राष्ट्रिय सहमतिबिना संशोधनको ढोका खोलियो भने 'पेन्डोराको बाकस' जस्तो हुने र समस्याहरू झन् बल्झिने खतरा पनि छ । भोलि यो संविधान पनि नरहने र अर्को पनि नआउने 'भ्याकुम' को अवस्था नआउला भन्न सकिन्न । धमिलो पानीमा माछा मार्न चाहने शक्तिहरू सक्रिय भएर संविधानमा व्यवस्था गरिएका जनअधिकारहरू नै अपहरणमा पर्ने खतरातर्फ सतर्क हुनुपर्छ । संविधान संशोधनका संवैधानिक प्रावधान, संशोधनका निर्धारित प्रक्रिया, विश्व र नेपालकै केही अभ्यास छन् । तिनीहरूलाई आत्मसात् गर्दै सर्वसहमतिका साथ अग्रगामी एजेन्डाहरू सम्बोधन हुने गरी संशोधान हुनुपर्छ ।

नेपालको संविधान, २०७२ मा संविधान संशोधनसम्बन्धी मुख्य व्यवस्था धारा २७४ मा उल्लेख गरिएको छ । यस धारामा संविधान कसरी संशोधन गर्ने, कुन विषय संशोधन गर्न नपाइने र कुन अवस्थामा प्रदेशसभाको सहमति आवश्यक पर्छ भन्ने व्यवस्था गरिएको छ । धारा २७४ (१) मा प्रस्ट असंशोधनीय व्यवस्था छ- 'नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन ।' अर्थात्, नेपाल स्वतन्त्र राष्ट्र रहने, देशको भूभाग नटुक्रिने र राज्यसत्ता जनतामा रहने व्यवस्था हटाउने गरी संशोधन गर्न पाइँदैन । साथै उपधारा (१) स्वयं पनि संशोधन गर्न सकिँदैन ।

त्यसैले संशोधनका नाममा संविधानका आधारभूत स्तम्भहरू भत्काउन हुँदैन । 'संविधानको प्रस्तावना चलाउन पाइँदैन । जनताको सार्वभौमिकता, गणतन्त्र, लोकतन्त्र, संघीयता, धर्मनिरपेक्षता, संविधानको सर्वोच्चता, न्यायालयको स्वतन्त्रता, शक्ति पृथकीकरणको सिद्धान्त, विधिको शासनलगायत आधारभूत विषयलाई अहिले तलमाथि गर्न पाइँदैन ।

### संविधान संशोधनका एजेन्डा

संविधान संशोधनका सवालमा यतिबेला छलफलमा आएका केही मुख्य एजेन्डाहरूका बारेमा बहसका लागि केही प्रस्ताव अघि सार्ने प्रयास गरेको छु ।

**क) शासकीय स्वरूप** : शासकीय प्रणाली प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण संसदीय वा संशोधित संसदीय कुन ठीक भन्ने विषयमा मूलतः यतिबेला बहस केन्द्रित देखिन्छ । प्रत्यक्ष निर्वाचित कार्यकारी र संसदीय प्रणालीबारे जनमत संग्रह गर्नुपर्ने तर्कसमेत अघि सारिएको छ ।

नेपालको सन्दर्भमा राजनीतिक अस्थिरता मुख्य समस्याका रूपमा देखिएको, पटकपटक सरकार परिवर्तन, अपवित्र गठबन्धन, सत्ताको जोड-घटाउबाट जनता दिक्दार भएको परिप्रेक्ष्यमा स्थिरताका लागि प्रत्यक्ष निर्वाचित कार्यकारीको अपेक्षा गरिएको हो । अर्कोतिर, प्रत्यक्ष निर्वाचित कार्यकारीमा जाँदा निरंकुश शासक जन्मिने र देश फासीवादको जन्जिरमा बाँधिने खतरा देख्नेहरूको पनि कमी छैन । प्रत्यक्ष निर्वाचित कार्यकारीमा पनि राष्ट्रपति कि प्रधानमन्त्री भन्ने बहस छँदै छ । प्रत्यक्ष निर्वाचित कार्यकारीमा जाँदा प्रत्यक्ष निर्वाचित राष्ट्रपति नै उपयुक्त हुन्छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय शासन प्रणाली अपनाउँदा निरंकुशताबाट जोगाउन महाभियोगलगायत संसदीय नियन्त्रणको व्यवस्था हुनुपर्छ । अर्थात्, संसदीय नियन्त्रणसहितको प्रत्यक्ष निर्वाचित राष्ट्रपति हुनुपर्छ ।

**ख) सांसद मन्त्री नहुने** : सांसद मन्त्री हुने व्यवस्थाले पनि धेरै विकृति ल्याएको छ । मन्त्री हुनका लागि सांसद हुनैपर्ने, सांसद हुनका लागि जति पनि खर्च गर्ने, उचित/अनुचित सबै कर्म गर्ने जुन प्रवृत्ति छ, त्यसलाई अन्त गर्नका लागि सांसद मन्त्री नहुने र उनीहरूको विशुद्ध विधायिकी भूमिका रहने व्यवस्था गर्नुपर्छ । विधायकहरू विधि अर्थात् कानुन निर्माणमा केन्द्रित हुनुपर्छ । गैरसांसद राजनीतिक व्यक्ति र विज्ञ मन्त्री हुने व्यवस्था गरिनुपर्छ । विज्ञका नाममा शुद्ध गैरराजनीतिक व्यक्तिलाई मात्र मन्त्री बनाउने कुरा पनि उचित हुँदैन ।

**ग) निर्वाचन प्रणाली** : निर्वाचन प्रणाली कसरी थप लोकतान्त्रिक र समावेशी बनाउने भन्ने अहिलेको मुख्य सवाल हो । वर्तमान निर्वाचन प्रणालीको सबैभन्दा सकारात्मक पक्ष समानुपातिक सिद्धान्तमा आधारित समावेशी प्रणाली हो । संघीय, प्रदेश तथा स्थानीय तहमा सबै जाति, भाषा, क्षेत्र, लिंग, वर्गको समानुपातिक समावेशी प्रतिनिधित्व रहनु यसको सुन्दरता हो । मिश्रित निर्वाचन प्रणालीमा कुनै एउटा दलले बहुमत ल्याउन कठिनाइ हुन्छ र परिणामस्वरूप राजनीतिक अस्थिरता हुन्छ भन्ने यसको चुनौती हो । यद्यपि पटकपटक यसै प्रणालीमा पनि एउटै दलको बहुमत आएको छ । अहिलेको मिश्रितअन्तर्गतको प्रत्यक्ष निर्वाचन प्रणालीको खराब पक्षमा धेरै खर्चिलो र भड्किलो भएको बताइन्छ । जब सांसदलाई मन्त्री नबनाउने व्यवस्था गर्छौं, यो समस्या धेरै हदसम्म हल हुन्छ ।

निर्वाचन प्रणाली शासकीय स्वरूपसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । यस सम्बन्धमा तीन वटा विकल्प सिफारिस गर्न सकिन्छ । पहिलो, प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय शासकीय स्वरूप अपनाउने र संसद्बाट प्रधानमन्त्री र मन्त्री नबनाउने अवस्थामा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाउनु उपयुक्त हुन्छ । दोस्रो, अहिलेकै सुधारिएको संसदीय प्रणालीमा समावेशितासहितको प्रत्यक्ष निर्वाचन प्रणाली बढी उपयुक्त हुने देखिन्छ । पूर्ण प्रत्यक्ष निर्वाचन प्रणालीमा जाँदा पनि समानुपातिक समावेशी प्रतिनिधित्वलाई अझ प्रस्ट गरिनुपर्छ । तेस्रो, प्रतिनिधिसभा पूर्ण प्रत्यक्ष निर्वाचित र राष्ट्रिय सभामा सबै जाति, भाषा, धर्म, लिंग, समुदायको प्रतिनिधित्व हुने गरी समानुपातिक प्रणाली अपनाउन सकिन्छ । संसारका कतिपय संसदीय प्रणाली हुने देशहरूमा पनि तल्लो सदन प्रत्यक्ष निर्वाचित र माथिल्लो सदन प्रतिनिधिमूलक हुने व्यवस्था छ ।

संविधान संशोधन गर्दा कसैलाई भोट नदिने विकल्प (नोटा), निर्वाचित व्यक्तिलाई फिर्ता बोलाउने (राइट टु रिकल), विदेशमा रहेका नागरिकको मताधिकारजस्ता निर्वाचन प्रणालीका नवीन विशेषताहरू पनि समावेश गर्नुपर्छ ।

**घ) जनप्रतिनिधिको संख्या कटौती** : हाम्रो देशले अहिलेको जति मन्त्री, सांसदलगायत जनप्रतिनिधि धान्न सक्दैन । संघदेखि स्थानीय तहसम्म जनप्रतिनिधिको संख्या घटाउनैपर्छ । प्रतिनिधिसभामा १०५ देखि बढीमा १३३, राष्ट्रिय सभामा ३५ देखि ४५, प्रदेशसभा, स्थानीय तह र मन्त्रालयको संख्या कम्तीमा आधा घटाउनुपर्छ ।

**ङ) उपराष्ट्रपति राष्ट्रिय सभाको अध्यक्ष** : अब संविधानमा अपरिभाषित र भूमिकाविहीन पद रहनु हुँदैन । यतिबेला उपराष्ट्रपति जिम्मेवारीविहीन र बेरोजगार भएको विषय उठ्दै आएको छ । राष्ट्रपतीय प्रणाली अपनाएको संयुक्त राज्य अमेरिकामा माथिल्लो सदन सिनेटको अध्यक्षका रूपमा उपराष्ट्रपतिले काम गर्छन् भने संसदीय परिपाटी अँगालेको भारतमा उपराष्ट्रपति नै माथिल्लो सदन राज्यसभाको अध्यक्ष हुने व्यवस्था छ । नेपालमा उपराष्ट्रपतिले नै राष्ट्रिय सभाको अध्यक्षता गर्ने व्यवस्था गरिनुपर्छ । त्यसो गर्दा एउटा खर्चिलो संवैधानिक पद हट्ने र उपराष्ट्रपतिले काम पनि पाउने अवस्था हुन्छ ।

राष्ट्रिय सभाको उपाध्यक्षलाई पनि भूमिका र काम दिने व्यवस्था गरिनुपर्छ । राष्ट्रिय सभाको अध्यक्षता र नेतृत्व उपराष्ट्रपतिले गर्ने र हाल अध्यक्षले गर्ने अन्य सबै काम उपाध्यक्षले गर्ने गरी प्रस्ट भूमिका र अधिकार दिइनु उचित हुन्छ । राष्ट्रिय सभा दलविहीन हुनुपर्छ भन्ने बहस पनि चलाइएको छ । यो दलीय व्यवस्था भएकाले राष्ट्रिय सभाजस्तो जनप्रतिनिधिमूलक संस्था दलविहीन हुन सक्दैन ।

**च) संघीयताको सबलीकरण** : यतिबेला संघीयता खारेज गर्नुपर्छ भन्ने तर्क पनि सुनिन्छ । त्यो गलत हो । नेपालको विविधता र विशिष्टतालाई सम्बोधन गर्ने संघीयता नै लोकतन्त्रको सुन्दरता हो । अर्थात्, नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक मुलुक हो भन्ने विषयमा सबैको हेक्का रहनु जरुरी छ । अहिलेको आवश्यकता भनेको दस वर्षको अनुभवका आधारमा संघीयतामा देखापरेका समस्या समाधान गर्ने, संघीयतालाई अझै सबलीकरण गर्ने, जनताको नजिकका प्रदेश र स्थानीय सरकारलाई अधिकार र स्रोत सम्पन्न गराउने, प्रदेश र स्थानीयका अधिकार सूचीलाई अझ प्रस्ट गर्ने र संघ, प्रदेश र स्थानीय तहसहितको प्रशासनिक र वित्तीय संघीयतालाई अझै प्रभावकारी बनाउने हो । सहमतिमा प्रदेशको संख्या घटाउन सकिन्छ । भड्किलो, बोझिलो र खर्चिलो होइन, संघीयताको जनमुखी मोडेल बनाइनुपर्छ । प्रदेश प्रमुखको व्यवस्था हटाउनुपर्छ र निजको काम गर्ने वैकल्पिक व्यवस्था गर्नुपर्छ ।

**छ) स्थानीय तहको सुदृढीकरण** : अहिलेकै दलीय व्यवस्था सहितको स्थानीय तह वा दलविहीन व्यक्तिगत प्रतिस्पर्धामा आधारित स्थानीय तह भन्ने बहस पनि चलिरहेको छ । स्थानीय तह दलविहीन हुन सक्दैनन् । किनकि यो आफैंमा दलीय व्यवस्था हो । दलीय व्यवस्थामा कुनै पनि राजनीतिक संस्था दलविहीन हुनुहुँदैन, हुन सक्दैनन् । संविधानमा नै राजनीतिक दल खोल्ने, दलको टिकट र निर्वाचन चिह्नबाट चुनाव लड्ने व्यवस्था गरिएको छ । स्थानीय तहका प्रतिनिधिहरू दलीय आग्रहबाट काम गर्छन् भन्ने हो भने उनीहरूलाई अझै उत्तरदायी कसरी बनाउने, स्थानीय सरकारलाई कसरी विकासकेन्द्रित गर्ने, न्यायिक समितिलाई अझै निष्पक्ष र प्रभावकारी कसरी बनाउने भन्नेबारेमा छलफल गर्न सकिन्छ । स्थानीय तहका जनप्रतिनिधिलाई जनताप्रति जवाफदेही बनाउन र उनीहरूलाई नियन्त्रण गर्नका लागि पनि दलीय आधारमा चुनाव हुनु आवश्यक छ । जिल्ला समन्वय समिति भने खारेज गरिनुपर्छ ।

**ज) न्यायपालिकाको पुनःसंरचना** : नेपालको संविधानले स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरेको छ । परिवर्तित परिस्थितिलाई सम्बोधन गर्ने गरी स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका बनाउन पुनःसंरचना र सुधार गर्नु आवश्यक हुन्छ । सर्वोच्च अदालतमा मुद्दाको चाप घटाउन उच्च अदालतलाई अधिकार थप गर्ने विषय सर्वसम्मतजस्तै छ । प्रधानन्यायाधीश, सर्वोच्च, उच्च र जिल्ला अदालतको न्यायाधीशको नियुक्ति, योग्यता, पदावधि, उमेर हद, उच्च नैतिक चरित्र, आचरण, अनुशासनलगायतका विषयमा सुधार, न्यायिक संरचनामा परिवर्तन, न्यायपालिकामा हुने विकृति, विसंगति अन्त्य, बिचौलियाहरूको नियन्त्रण, राजनीतिक हस्तक्षेप अन्त्यलगायतका विषयहरू संशोधनमा समेटिनुपर्छ । संवैधानिक अदालत कि संवैधानिक इजलास, सबै तहका न्यायाधीशको पुनर्नियुक्ति, न्याय परिषद्को संरचनागत सुधारजस्ता विषय पनि छलफलमा छन् ।

**झ) आयोगहरू तथा संवैधानिक परिषद्** : संविधानको धारा २६५ मा भाग २७ बमोजिम गठन गरिएका आयोगहरूका बारेमा संविधान प्रारम्भ भएको दस वर्षपछि पुनरावलोकन गर्ने व्यवस्था गरिएको छ । यतिबेला ती आयोगहरूको संख्या घटाउने विषयमा बहस पनि चलिरहेको छ । हाल कायम रहेका आयोगहरूलाई छुट्टाछुट्टै राख्नुको सट्टा एउटै छाता समावेशी आयोगअन्तर्गत ल्याउने र त्यसलाई अझै अधिकारसम्पन्न बनाउनु उपयुक्त हुन्छ ।

संशोधनका सन्दर्भमा संवैधानिक परिषद्को पुनःसंरचनाबारे पनि बहस भइरहेको छ । संसदीय सुनुवाइलाई अझ प्रभावकारी बनाउने, नियुक्ति प्रक्रियालाई बढी पारदर्शी र सहभागितामूलक बनाउने र राजनीतिक प्रभाव कम गर्ने गरी परिषद्को संरचना परिवर्तन गर्नुपर्छ ।

अन्त्यमा, बहसपत्र तयार गर्ने कार्यदल स्वयंले वैधानिकता 'डिजर्भ' गर्न नसकेको र सहभागी दलहरू नै बाहिरिएपछि यसको औचित्यसमेत समाप्त भएको छ । कार्यदलले संविधान संशोधनलाई साझा दस्तावेज बनाउने पहलकदमी गर्न सक्थ्यो, यो अपूर्व अवसर गुमाएको छ । 'संविधान संशोधनबारे अहिले बहसपत्र तयार गर्ने हो, अहिले नै संशोधन प्रक्रिया सुरु गरिहाल्ने होइन' भन्ने प्रधानमन्त्रीको भनाइलाई विश्वास गर्ने हो भने कार्यदलको प्रतिवेदनलाई सन्दर्भ सामग्रीका रूपमा लिएर संशोधनका एजेन्डाबारे राजनीतिक दलहरूसँग संवाद अघि बढाउनुपर्छ । संविधान संशोधनका मुख्य सरोकारवाला त दलहरू नै हुन् । नागरिकको प्रतिनिधित्व गर्ने दलहरूलाई बाहिर राखेर संशोधनको प्रक्रियामा जान सकिँदैन । संविधान संशोधन राष्ट्रिय सहमतिको विषय हो र संशोधनमा साझा स्वामित्व जरुरी हुन्छ ।

संविधान संशोधन गरेर अझै समयसापेक्ष र समृद्ध बनाउने हो भने राष्ट्रिय सहमतिका साथ अघि बढ्नुपर्छ । त्यसका लागि सरकारले संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको बैठक राखेर कुन-कुन विषयमा संशोधन गर्ने भन्नेबारे सहमति जुटाउनुपर्छ । संविधान संशोधन अहिलेको आवश्यकता हो भन्ने सबै दलहरूबीच सहमति भएमा सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा संविधानविद्हरू र राजनीतिक दलका प्रतिनिधि राखेर उच्चस्तरीय शक्तिशाली संविधान संशोधन सुझाव आयोग गठन गर्नुपर्छ । संविधानको प्रस्तावना, संविधानमा नै असंशोधनीय भनी किटान गरिएका आधारभूत विषय र धारा २७४ (१) को संशोधनसम्बन्धी व्यवस्थाबाहेकका एजेन्डाहरूमा व्यापक बहस गरेर राष्ट्रिय सहमतिसहित संविधान संशोधन गर्नुपर्छ ।

# 'फ्री भिसा, फ्री टिकट' मा पुनरावलोकनको समय



मोतीराम भुसाल
(भुसालले दक्षिण कोरियाको काइस्ट स्कुल अफ बिजनेसबाट सोसल इकोनोमीमा स्नातकोत्तर गरेका छन् । उनी हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत छन्)



तस्बिर : कान्तिपुर

क्षेत्रीय अभ्यासहरूको समग्र समीक्षाबाट प्रस्ट हुन्छ- पूर्ण रूपमा 'फ्री भिसा र फ्री टिकट' को व्यवस्था कार्यान्वयन एकदमै कठिन छ । यसलाई व्यवस्थित र न्यून लागतयुक्त बनाउन भने सकिन्छ ।

नेपाली अर्थतन्त्रको मेरुदण्ड र बाह्य स्थायित्वको मुख्य आधारका रूपमा रहेको वैदेशिक श्रम बजार अहिले गहिरो नीतिगत र संरचनात्मक दोसाँधमा उभिएको छ । बर्सेनि लाखौं युवा आफ्ना उज्ज्वल भविष्यको सपना बोकी खाडी मुलुक तथा मलेसियातर्फ लाग्ने गरेका छन् । राज्यका तर्फबाट यो क्षेत्रलाई व्यवस्थित, मर्यादित र शोषणमुक्त बनाउने उद्घोषका साथ एक दशकअघि ल्याइएको 'फ्री भिसा फ्री टिकट' नीति अहिले गम्भीर पुनरावलोकनको चरणमा आइपुगेको छ । यसको आभाष युवा, श्रम तथा रोजगार मन्त्रालयको वर्तमान नेतृत्वबाट समेत पटक-पटक प्रकट भएको छ ।

एकातिर रोजगारदाताले नै सम्पूर्ण लागत व्यहोर्नुपर्ने अन्तर्राष्ट्रिय श्रम मापदण्डको आदर्श अभ्यास छ भने, अर्कोतिर अदृश्य सिन्डिकेट, बिचौलियाको जालो र चर्को आर्थिक शोषणको पासोमा पिसिन बाध्य निमुखा श्रमिकहरूको विवशता छ । यही विरोधाभासपूर्ण परिदृश्यले आज श्रम प्रशासनलाई गम्भीर आत्मसमीक्षा गर्न बाध्य पारेको छ । कागजी घोषणा र धरातलीय कार्यान्वयनको कमजोर यथार्थबीचको यो गहिरो खाडललाई कसरी सन्तुलनमा ल्याउने भन्ने प्रश्न आज नेपालको श्रम कूटनीति, प्रशासनिक सुशासन र राज्यको नैतिक उत्तरदायित्वको ठूलो अग्निपरीक्षा बनेको छ । वैदेशिक रोजगारीलाई केवल विप्रेषण भित्र्याउने यान्त्रिक माध्यम मात्र नभई सम्मानित र सुरक्षित श्रमको वास्तविक पर्याय बनाउनुपर्छ । त्यसका लागि सुविचारित, दूरगामी र व्यावहारिक नीतिको टड्कारो खाँचो छ ।

### सुरुवाती पृष्ठभूमि र असफलताका कारक

वैदेशिक रोजगारीका लागि मलेसिया तथा खाडी मुलुक जान श्रमिकहरूले लामो समयदेखि म्यानपावर व्यवसायी र एजेन्टहरूलाई चर्को शुल्क बुझाउनुपर्ने विडम्बनापूर्ण बाध्यताबीच यो नीति ल्याइएको थियो । गरिब तथा सीमान्तकृत युवाले चर्को ब्याजमा साहु/महाजनबाट ऋण लिएर, घरखेत धितो राखेर विदेशिनुपर्ने र विदेशमा आर्जित पसिनाको अधिकांश कमाइ सोही ऋणको पासोबाट उम्कनैमा खर्चिनुपर्ने अवस्था थियो । यही चरम आर्थिक शोषण, ठगी र बिचौलियातन्त्रको जालोलाई निरुत्साहित गर्ने उद्देश्यका साथ तत्कालीन श्रम तथा रोजगार मन्त्रालयले विस २०७२ मा मलेसिया र खाडीका ६ प्रमुख गन्तव्य मुलुक (कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, बहराइन, ओमान र कुवेत) का लागि यो नीति औपचारिक रूपमा कार्यान्वयनमा ल्याएको थियो । यस ऐतिहासिक नीतिको मूल मर्म सम्बन्धित रोजगारदाता कम्पनीले नै भिसा र हवाई टिकटको सम्पूर्ण लागत व्यहोर्ने र नेपालका म्यानपावर व्यवसायीले प्रशासनिक सेवा शुल्कबापत बढीमा दस हजार रुपैयाँ मात्र लिन पाउने कडा कानुनी व्यवस्था गर्नु थियो ।

यो नीतिगत व्यवस्था घोषणा भएको दिनदेखि नै विवादको घेरामा परेको थियो । यसको प्रमुख कारण नीतिगत अपरिपक्वता र धरातलीय यथार्थबीचको गहिरो विरोधाभास थियो । सरकारले पर्याप्त कूटनीतिक गृहकार्य, गन्तव्य मुलुकहरूसँगको पूर्वतयारी र सरोकारवालासँगको विश्लेषणात्मक परामर्शबिना यो नीति हतारमा लागू गर्‍यो । दस हजार रुपैयाँको प्रशासनिक सेवा शुल्कले म्यानपावर कम्पनीहरूको वास्तविक परिचालन खर्च, स्वास्थ्य परीक्षण, अभिमुखीकरण र कागजी प्रक्रियाको लागतसमेत धान्न सक्ने अवस्था थिएन । त्यसमाथि, गन्तव्य मुलुकका रोजगारदातालाई रोजगारदाताले नै लागत व्यहोर्ने सिद्धान्त पालना गराउने प्रभावकारी कूटनीतिक संयन्त्रको पनि अभाव खट्कियो । परिणामस्वरूप, व्यवसायीहरूले यसलाई अव्यावहारिक भन्दै अस्वीकार गरे भने भित्री रूपमा लुकीछिपी लाखौं रुपैयाँ असुल गर्ने कालोबजार मौलायो । बजार माग र सरकारी निर्णयबीचको यो बेमेलले गर्दा नीति कार्यान्वयनको पहिलो दिनदेखि नै दलालीकरण र विकृतिको दुष्चक्र निम्त्यायो र यो नीतिलाई एउटा कागजी बाघ (पेपर टाइगर) मा मात्र सीमित गरिदियो ।

यस नीतिको लगभग शून्य कार्यान्वयन हुनुमा कुनै एक पक्ष मात्र जिम्मेवार नभई यसमा बहुपक्षीय र प्रणालीगत समस्या अन्तरनिहित छ । पहिलो, नियमनकारी निकायको कमजोर अनुगमन, प्रशासनिक ढिलासुस्ती र फितलो कूटनीतिक अडानले कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेन । दोस्रो, व्यवसायीहरूले रोजगारदातासँग प्रत्यक्ष सम्पर्क गर्नुको सट्टा दोस्रो तथा तेस्रो तहका बिचौलियामार्फत बोलकबोलका आधारमा मागपत्र खरिद गर्ने अस्वस्थ प्रतिस्पर्धा चलाए, जसले अवैध शुल्क असुलीको धन्दालाई निरन्तरता दियो । तेस्रो, नेपाल सरकारबाट पर्याप्त कूटनीतिक सक्रियताको अभाव हुँदा खाडी तथा मलेसियाका रोजगारदाताले समेत रोजगारदाताले लागत व्यहोर्ने अन्तर्राष्ट्रिय मापदण्डको ठाडो उल्लंघन गरे । चौथो, मुलुकभित्रको चरम बेरोजगारी, महँगो जीविकोपार्जन र रोजगारी गुम्ने त्रासबीच श्रमिकहरू आफैं ठगी सहेर मौन बस्न बाध्य भए । यसरी राज्यको उदासीनता, व्यवसायीको नाफाखोर प्रवृत्ति, कूटनीतिक कमजोरी र श्रमिकको विवशताको यही समष्टिगत दुष्चक्र नै यस नीतिको असफलताको मूल कारक बन्न पुग्यो ।

### शून्य लागतका अन्तर्राष्ट्रिय अभ्यास

वैदेशिक रोजगारीमा उच्च श्रमिक पठाउने एसियाली श्रम बजारका विभिन्न मुलुकहरूले वैदेशिक रोजगारीको लागत व्यवस्थापन र नियमनका लागि अवलम्बन गरेका कानुनी तथा प्रशासनिक अभ्यासहरूको अध्ययन गर्दा फिलिपिन्सले डिपार्टमेन्ट अफ माइग्रेन्ट वर्कर (डीएमडब्लू) को नियमअनुसार घरेलु कामदार र निर्माण क्षेत्रका न्यून तथा मध्यम दक्ष श्रमिकहरूका लागि 'नो प्लेसमेन्ट फी' लाई कडाइका साथ लागू गरिएको छ । अन्य श्रेणीका कामदारहरूका लागि सेवा शुल्क बढीमा एक महिनाको तलब बराबर मात्र लिन पाइने कानुनी सीमा छ । भिसा, हवाई टिकट, आवासीय अनुमतिपत्र र सरकारी प्रक्रियागत शुल्क पूर्ण रूपमा रोजगारदाताले नै व्यहोर्नुपर्छ । यद्यपि, घरेलु बजारमा अनधिकृत दलालका कारण हुने लुकीछिपीको असुली रोक्न भने त्यहाँ पनि पूर्ण सफलता मिलेको छैन । भारतले 'इमिग्रेसन एक्ट' अन्तर्गत स्पष्ट सेवा शुल्कको सीमा निर्धारण गरे पनि विशाल भौगोलिक फैलाबट र अनधिकृत एजेन्टहरूको जालोका कारण भूमिगत रूपमा चर्को शुल्क असुल हुने प्रचलनबाट मुक्त हुन सकेको छैन ।

अर्कोतर्फ, बंगलादेशमा सरकारले लागतका अधिकतम सीमाहरू तोके पनि राजनीतिक संरक्षणप्राप्त म्यानपावरहरूमा हुने सिन्डिकेट र हुन्डी तथा नगद कारोबारको बाहुल्यताले वैदेशिक रोजगारीलाई अत्यधिक महँगो र शोषणयुक्त बनाइदिएको छ । भियतनामले करार अवधिका आधारमा सेवा शुल्कको 'टियर्ड स्ट्रक्चर' र ब्रोकर कमिसनमा प्रतिबन्ध लगाउने कानुनी प्रावधान अपनाए पनि तेस्रो पक्षीय अवैध नेटवर्कका कारण पूर्ण सफलता पाउन सकेको छैन । यी क्षेत्रीय अभ्यासहरूको समग्र समीक्षाबाट के प्रस्ट हुन्छ भने, पूर्ण रूपमा फ्री भिसा र फ्री टिकटको व्यवस्था कार्यान्वयन एकदमै कठिन छ । यसलाई व्यवस्थित र न्यून लागतयुक्त बनाउन भने सकिन्छ ।

### अबको बाटो

वैदेशिक रोजगारीको यो दीर्घकालीन जटिलतालाई सदाका लागि अन्त्य गर्न अब अल्पकालीन आदेश वा कर्मकाण्डी निर्णयको होइन, दृढ राजनीतिक इच्छाशक्ति र रणनीतिक पहलकदमी अपरिहार्य छ । सर्वप्रथम, दस हजार रुपैयाँको अव्यावहारिक सीमालाई पुनरावलोकन गरी म्यानपावर व्यवसायीको प्रशासनिक, तालिम र कानुनी प्रक्रियाको वास्तविक लागत झल्किने एक पारदर्शी सेवा शुल्क तोकिनुपर्छ । तर, भिसा र टिकटको भार पूर्ण रूपमा रोजगारदातामाथि नै रहने र रोजगारदाताले नै लागत व्यहोर्ने सिद्धान्तलाई कूटनीतिक रूपमा दृढताका साथ कार्यान्वयन गराउनुपर्छ । यसले राज्यलाई राजस्व आम्दानी, कामदारलाई फर्किंदाको क्षतिपूर्तिको सुनिश्चितता र व्यवसायीलाई सम्मानजनक व्यवसायको मान्यता प्रदान गर्नेछ ।

दोस्रो, मागपत्रदेखि अन्तिम श्रम स्वीकृति र वित्तीय भुक्तानीसम्मका सबै चरणलाई एकीकृत डिजिटल प्लाटफर्ममा जोड्दै अनौपचारिक तथा र नगद कारोबारलाई पूर्ण रूपमा निषेध गरी बैंकिङ प्रणलीसँगको अन्तरआबद्धता अनिवार्य गर्नुपर्छ । तेस्रो, गन्तव्य मुलुकहरूसँगका द्विपक्षीय श्रम सम्झौताहरूमा शून्य लागतको पालना गराउन सक्रिय कूटनीतिक पैरवी गर्दै दूतावासका श्रम सहचारीहरूको कार्यसम्पादनलाई पूर्णरूपमा प्रभावकारी बनाइनुपर्छ । चौथो, कानुनको धज्जी उडाउने र अवैध असुल गर्ने म्यानपावरहरूमाथि संगठित अपराधअन्तर्गत निर्मम दण्ड सजायको डन्डा चलाउँदै पीडित श्रमिकका लागि द्रुत न्याय र क्षतिपूर्ति सुनिश्चित गर्नुपर्छ ।

रेमिट्यान्सको परनिर्भरतालाई सधैंका लागि अन्त्य गर्दै, वैदेशिक भूमिबाट भित्रिने पुँजी र सीपलाई स्वदेशमै उत्पादन, रोजगारी र उद्यमशीलताको बलियो आधार बनाउनु आजको अपरिहार्य आवश्यकता र समृद्ध नेपाल निर्माणतर्फको भविष्यमुखी यात्रा हो । वैज्ञानिक लागत संरचना, कडा डिजिटल ट्र्याकिङ र दृढ राजनीतिक इच्छाशक्तिसहितको समष्टिगत प्रशासनिक सुदृढीकरण नै भोलिको शोषणमुक्त, सम्मानित र सुरक्षित श्रम बजारको एक मात्र भरपर्दो आधार हो ।

# भारतमा पनि डेटा सेन्टर परियोजनाविरुद्ध विरोध प्रदर्शन

## महाराष्ट्र र आन्ध्र प्रदेशमा गुगल, अमेजनजस्ता कम्पनीको डेटा सेन्टर परियोजनाले पानी, बिजुली र वातावरणमा असर पार्ने भन्दै स्थानीयको विरोध



**डेटा सेन्टरको विरोधमा महाराष्ट्रमा गरिएको प्रदर्शन ।** **तस्बिर** : द हिन्दु

एजेन्सी (काठमाडौं)– भारतमा पनि डेटा सेन्टरविरुद्ध प्रदर्शन भएको छ । महाराष्ट्रको थाणे र आन्ध्र प्रदेशको विशाखापटनममा स्थानीय बासिन्दा र वातावरण संरक्षण अभियन्ताले ब्यानर र पम्प्लेटसहित विरोध गरेका हुन् । भारतीय सञ्चारमाध्यमका अनुसार त्यहाँ विशेषगरी गुगल र अमेजनका डेटा सेन्टर परियोजनाविरुद्ध स्थानीयले असन्तुष्टि पोखेका छन् । गत महिना अमेरिकामा पनि डेटा सेन्टरको विरोधमा प्रदर्शन भएको थियो ।

विशाखापटनममा गुगल र अदानी समूहले १५ अर्ब डलर लगानीमा डेटा सेन्टर बनाउन लागेका छन् । थाणेका बल्कुम र माजिवडामा अमेजन वेब सर्भिसेजले हाइपरस्केल क्लाउड डेटा सेन्टर र प्रविधि पूर्वाधार विस्तार गर्न कालपतरु समूहसँग १८ सय ७० करोड रुपैयाँ ५४ एकड (करिब ४३२ रोपनी) जमिन खरिद गरेको छ ।

अमेजनले डेटा सेन्टर बनाउने तयारी गरेको क्षेत्र वरिपरि पाँच वटा विद्यालय, तीन वटा अस्पताल र आठ वटा हाउजिङ कम्प्लेक्समा हजारौं परिवार बसिरहेको र यस्तो समुदायको माझमा डेटा सेन्टर सञ्चालन गर्नु उचित नहुने स्थानीयवासी साधना प्रधानले द हिन्दुसँगको कुराकानीमा बताएकी छन् ।

समुदायसँग परामर्श नगरी र अनियन्त्रित रूपमा भइरहेको पूर्वाधार विस्तार दोहनकारी भएको 'कोएलिसन फर एआई रेगुलेसन' की सहसंस्थापक दीक्षा वाङगुरुले हिन्दुस्तान टाइम्सलाई बताएकी छन् । यी परियोजनका लागि २२ हजार करोड रुपैयाँ छुट किन दिइँदै छ भनी उनले प्रश्न गरेकी छन् ।

मुख्यतया पानी, बिजुली र जग्गा उपयोगलाई लिएर स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन् । साथै, डेटा सेन्टरको कुलिङ प्रणालीले सिर्जना गर्ने ताप, ध्वनि र स्थानीय ऊर्जा नेटवर्कमा प्रभाव पार्ने भन्दै उनीहरूले 'हामी डेटा पिउन सक्दैनौं', 'पावर फर पिपल नट फर मेगाबाइट्स' लेखिएका पम्प्लेटस् लिएर र्‍यालीमा निस्किएका छन् । गुगलको लोगोलाई हत्कडी लगाएको तस्बिर सामाजिक सञ्जालमा फैलिएको छ ।

भारत सरकारले डेटा सेन्टर र इनर्जी स्टोरेज सिस्टमलाई 'पूर्वाधार' को मान्यता दिएको छ । डेटा सेन्टर कम्पनीहरूलाई सस्तो ब्याजदरमा ऋण, वैदेशिक लगानी र सरकारी सुविधा प्राप्त गर्न सहज भएको छ । डेटा सेन्टर स्थापना गर्ने विदेशी क्लाउड सेवा प्रदायक कम्पनीलाई २०४७ मार्च ३१ सम्मका लागि (लगभग २१ वर्ष) कर छुटको घोषणा गरिएको छ । यसले गर्दा विश्वव्यापी टेक र क्लाउड कम्पनीलाई भारतमा डेटा सेन्टर स्थापना गर्न ठूलो आर्थिक प्रोत्साहन मिलेको छ ।

> महाराष्ट्र, आन्ध्र प्रदेशजस्ता राज्य सरकारले डेटा सेन्टरका लागि सस्तो जमिन, बिजुलीमा अनुदान र अनुमति एवं स्वीकृतिका लागि एकद्वार प्रणालीजस्ता सहजता र प्रोत्साहन दिइरहेकाले भारतमा विदेशी टेक जायन्टहरू लगानी गर्न उत्सुक देखिएका छन्

महाराष्ट्र, आन्ध्र प्रदेशजस्ता राज्य सरकारले डेटा सेन्टरका लागि सस्तो जमिन, बिजुलीमा अनुदान र अनुमति एवं स्वीकृतिका लागि एकद्वार प्रणालीजस्ता सहजता र प्रोत्साहन दिइरहेकाले भारतमा विदेशी टेक जायन्टहरू लगानी गर्न उत्सुक देखिएका छन् ।

उता अमेरिकामा एआईका लागि निर्माण भइरहेका डेटा सेन्टरविरुद्ध जनस्तरमा तीव्र विरोध जारी छ । पछिल्लो समय प्रविधि कम्पनीहरूले सहरी क्षेत्रभन्दा अमेरिकाका गाउँतिर डेटा सेन्टर विस्तार गर्न थालेपछि कतिपय स्थानीय बासिन्दा आफ्ना प्राकृतिक स्रोत जोगाउन भन्दै विरोध प्रदर्शनमै उत्रन थालेका छन् । विशेषगरी विद्युत् महसुलमा हुने वृद्धि, कृषियोग्य भूमिको विनाश र पानीको अत्यधिक प्रयोगलाई लिएर सर्वसाधारणमा ठूलो चिन्ता देखिएको छ । फोर्ब्सले उल्लेख गरेको ग्यालप सर्वेक्षणका अनुसार हाल ७१ प्रतिशत अमेरिकीहरू आफ्नै क्षेत्रमा डेटा सेन्टर बनाउने कुराको विपक्षमा छन् ।

विशेषगरी युटाह, मिसौरी, जर्जिया, ओहायो, इन्डियाना, ओरेगनलगायत अमेरिकाका दर्जनौं राज्यमा डेटा सेन्टरविरुद्ध विरोधका स्वर फैलिएको देखिन्छ । डेटा सेन्टरको विरोधमा एक महिनाअघि अमेरिकामा देशव्यापी आन्दोलनको नै आह्वान गरिएको थियो ।

स्थानीय बासिन्दाले डेटा सेन्टरहरूलाई 'स्रोत सोस्ने राक्षस' का रूपमा चित्रण गर्न थालेका छन् । यी केन्द्रहरूले अत्यधिक बिजुली खपत गर्ने भएकाले सर्वसाधारणले तिर्ने महसुल बढ्ने उनीहरूको चिन्ता छ । अन्तर्राष्ट्रिय समाचार एजेन्सीहरूका अनुसार अमेरिकाका करिब १४ राज्यमा डेटा सेन्टर निर्माण रोक्न वा नियमन गर्न विभिन्न किसिमका कानुन र प्रतिबन्धहरू ल्याउने तयारी भइरहेको छ ।

# कोलोम्बियामा दशककै शक्तिशाली भूकम्प, कम्तीमा ७७ जनाको मृत्यु

**क्रान्ति पाण्डे** (काठमाडौं)


**भूकम्पपछि कोलोम्बियाको क्यालीमा भत्किएको भवनको भग्नावशेषमा स्थानीय र उद्धारकर्मी घाइतेको खोजी गर्दै ।** **तस्बिर** : एपी/रासस

दक्षिण अमेरिकी मुलुक कोलोम्बियामा सोमबार बिहान ७.४ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ । भूकम्पमा परी कम्तीमा ७७ जनाको मृत्यु भएको अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले उल्लेख गरेको छ ।

भूकम्पको केन्द्रविन्दु राजधानी बोगोटाबाट करिब २८० किलोमिटर पश्चिममा रहेको उत्तरपश्चिमी चोको क्षेत्रको सान होसे डेल पालमारमा थियो । भूकम्पको धक्का राजधानी बोगोटासम्मै महसुस गरिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले उल्लेख गरेका छन् । भूकम्पअघि सावधानीका लागि 'अलार्म' बजाइएपछि मानिसहरू घर तथा भवनबाट बाहिर सडकमा निस्किएका भिडियोहरू सार्वजनिक भइरहेका छन् । भूकम्प इक्वेडर, पानामा र भेनेजुएलामा पनि महसुस गरिएको थियो ।

शुक्रबार मात्रै पदभार सम्हालेका कोलोम्बियाका राष्ट्रपति अबेलार्दो दे लासस्प्रिएजा आपत्कालीन उद्धार तथा राहत कार्यको नेतृत्व गर्न राजधानी बोगोटा पुगेका छन् । बीबीसीका अनुसार उनी अहिले उपराष्ट्रपति, मन्त्रीहरू तथा सम्बन्धित क्षेत्रका उच्च अधिकारीहरूसँगै विपद् जोखिम व्यवस्थापनसम्बन्धी राष्ट्रिय एकाइ (यूएनजीआरडी) को राष्ट्रिय संकट कक्षमा छन् । यसअघि लासस्प्रिएजाले सामाजिक सञ्जालमार्फत प्रभावित क्षेत्रको सुरक्षा र सहयोगका लागि 'आवश्यक सबै काम' गर्ने बताएका थिए । पश्चिमी कोलोम्बियाका ६ वटा साना विमानस्थलहरूले सञ्चालन स्थगित गरेको त्यहाँको नागरिक उड्डयन निकायले जनाएको छ ।

भूकम्पमा घाइते तथा मृत्यु हुनेको खोजी तथा उद्धार जारी रहेको अधिकारीहरूले जनाएका छन् । कोलोम्बिया विभिन्न टेक्टोनिक प्लेटको संगमस्थलमा अवस्थित भएकाले यहाँ भूकम्पीय गतिविधि तीव्र हुने गर्छ । त्यसैले देशमा शक्तिशाली भूकम्पहरू पनि बारम्बार जाने गरेका छन् । सामान्यतः तटीय क्षेत्रमा भूकम्पको तीव्रता बढी हुने गर्छ । त्यस्ता भूकम्पले सुनामीसमेत निम्त्याउन सक्छन्, जसबाट थप क्षति हुन सक्छ ।

सन् १९५० यता कोलोम्बियामा भूकम्पका कारण ३ हजार ५ सयभन्दा बढी मानिसको मृत्यु भइसकेको छ । तीमध्ये सबैभन्दा विनाशकारी भूकम्प सन् १९९९ मा गएको थियो । त्यतिबेला ६.२ म्याग्निच्युडको भूकम्पले आर्मेनिया, कालार्का, पेरेइरा, काल्डास र हुइला क्षेत्रमा क्षति पुर्‍याउँदा १ हजार १ सय ८५ जनाको मृत्यु भएको थियो ।

पछिल्लो पटक गत वर्ष कुन्डिनामार्कामा ६.३ म्याग्निच्युडको भूकम्प गएको थियो । त्यसमा भने कसैको मृत्यु भएको थिएन । कोलोम्बियाको भूगर्भसम्बन्धी सेवाका निर्देशक जुलियो फिएरो मोरालेसका अनुसार सोमबार गएको ७.४ म्याग्निच्युडको भूकम्प पछिल्लो दशकमा देशमा मापन भएमध्येकै सबैभन्दा शक्तिशाली हो ।

अमेरिका, दक्षिण अमेरिका, युरोप र मध्यपूर्वका विभिन्न देशका नेताहरूले कोलोम्बियामा उद्धार तथा राहत प्रयासमा सहयोग गर्ने प्रस्ताव गरेका छन् । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले अमेरिकी प्रशासनले भूकम्पको घटनालाई नजिकबाट निगरानी गरिरहेको बताएका छन् । उनले अमेरिका 'कोलोम्बियाली जनता र नेतृत्वलाई सहयोग गर्न तयार रहेको बताएका छन् ।

यस्तै, एल साल्भाडोरका राष्ट्रपति नायिब बुकेलेले आफ्नो सरकार उद्धार टोली, स्वास्थ्यकर्मी, प्यारामेडिक्स, आवश्यक सामग्री वा अन्य जुनसुकै सहयोगसहित तत्काल सहायता उपलब्ध गराउन तयार रहेको बताएका छन् । त्यस्तै, ग्वाटेमालाको विदेश मन्त्रालयले कोलोम्बियामा रहेका आफ्ना नागरिकका लागि आपत्कालीन फोन नम्बर सार्वजनिक गरेको छ । उसले नागरिकहरूलाई स्थानीय अधिकारीका निर्देशनप्रति सचेत रहन र आधिकारिक स्रोतबाट मात्र जानकारी लिन आग्रह गरेको छ । यसैगरी चिलीका राष्ट्रपति जोसे एन्टोनियो कास्टले आफ्नो देशले भूकम्पपछि उत्पन्न हुने पीडा र चुनौतीलाई बुझेको बताएका छन् । उनले कोलोम्बियालाई आवश्यक पर्ने जुनसुकै सहयोग उपलब्ध गराउन आफूहरू तयार रहेको बताए ।

इक्वेडरका राष्ट्रपति डानिएल नोबोआले आफ्नो देशको सहरी खोज तथा उद्धार टोली सहयोगका लागि उपलब्ध गराउने बताएका छन् । उनका अनुसार टोलीमा ४७ जना उद्धारकर्मी, विशेष तालिम प्राप्त खोजी कुकुर र सात दिनसम्म स्वतन्त्र रूपमा काम गर्न सक्ने उपकरण छन् । उनले आवश्यक परे तत्काल टोली परिचालन गर्न तयार रहेको बताएका छन् ।

यस्तै, भेनेजुएलाकी विपक्षी नेतृ मारिया कोरिना माचाडोले सोमबारको भूकम्पपछि कोलोम्बियाप्रति 'ऐक्यबद्धता र प्रार्थना' व्यक्त गरेकी छन् । उनले यस्तो ठूलो विपत्तिको सामना गर्दा अन्तर्राष्ट्रिय ऐक्यबद्धता कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा भेनेजुएलाका नागरिकले 'प्रत्यक्ष रूपमा बुझेको' बताएकी छन् ।

यसअघि जुन महिनाको अन्त्यतिर भेनेजुएलामा विनाशकारी भूकम्प गएको थियो । भेनेजुएलामा जुन २४ मा गएका ७.२ र ७.५ म्याग्निच्युडका दुई ठूला भूकम्पहरूमा ६ हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो र व्यापक सम्पत्ति क्षति भएको थियो ।

*(एजेन्सीको सहयोगमा)*


## हार्दिक समवेदना



**जन्मः** २००७ साउन १८ गते

**स्वर्गारोहणः** २०८३ साउन १४ गते

**स्व. बद्रीरमण पराजुली**

काठमाडौं विश्वविद्यालय स्कूल अफ इन्जिनियरिङका असिस्टेन्ट प्रोफेसर श्री सन्तोष पराजुलीका पूजनीय पिता बद्रीरमण पराजुलीको देहावसानप्रति दुःख व्यक्त गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामनाका साथ शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**काठमाडौं विश्वविद्यालय परिवार**


## आजको राशिफल


प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** कुनै काम गर्दा अलमल हुन सक्छ । नगरी नहुने काममा जोड दिनुपर्नेछ । आफू असम्बद्ध कुरामा तर्किनुपर्नेछ ।

**वृष** मनमा भएको असजिलोपना हटेर जानेछ । गरेको काममा अपेक्षित सफलता मिल्नेछ । आर्थिक पक्ष सुदृढ रहनेछ ।

**मिथुन** कसैलाई तपाईंको साथको आवश्यकता पर्न सक्छ । समसामयिक कुरामा जोड दिइनेछ । कुनै कामका लागि केही खर्च हुन सक्छ ।

**कर्कट** मनमा भएको बोझ हटेर जानेछ । अत्यावश्यक काममा जोड दिइनेछ । कुनै कामको सम्पन्नताले मन ढुक्क रहला ।

**सिंह** कुनै कुराले मनमा कुरा खेल्न सक्छ । कसैको कुनै कुरा चित्त नबुझ्न सक्छ । सकारात्मक कुरा सोचेर काम गर्नुपर्ने बेला छ ।

**कन्या** कुनै कामविशेषले कतै जानुपर्ला । इष्टमित्रसित कतै भेटघाट हुन सक्छ । समग्रमा दिन राम्रै रहनेछ ।

**तुला** तनमन स्वस्थ रहनेछ । मनमा भएको तुष हटेर जानेछ । कुनै कुराले गर्दा मनमा हौसला बढ्नेछ ।

**वृश्चिक** कुनै कुराले व्यस्त बनाउन सक्छ । कुनै पनि काममा नहतारिनुहोला । आफ्नो जिम्मेवारीमा सजग रहँदै काम गर्नुपर्ने बेला छ ।

**धनु** कुनै कुराले मन दोमन हुन सक्छ । सकेसम्म सकारात्मक रहन खोजिनेछ । समयावस्था विचारेर काम गर्न खोजिनेछ ।

**मकर** कतैको सानोतिनो घुमघाम हुन सक्छ । समयलाई आफू अनुकूल तह लगाइनेछ । मिष्टान्न भोजनको योग रहेको छ ।

**कुम्भ** काम गर्ने उत्साह बढ्नेछ । मनमा भएको तुष हटेर जानेछ । समयावस्था विचारेर चल्न खोजिनेछ ।

**मीन** कतैबाट कुनै निमन्त्रणा पाइन सक्छ । कुनै कुनै काममा हेरफेर हुन सक्छ । समयावस्था विचारेर चल्न खोजिनेछ ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

गोकर्ण सुन्ताखानमा १३फिटबाटो ३.५आना ९८४३६५७४७६

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

**भाडामा**

शंखमूल बाग्मती किनार वरपर UN पार्कदेखि पूर्व, मनहरा पुलदेखि पश्चिमसम्म शान्त वातावरणमा अफिसकोलागि ४/५ कोठाको फ्ल्याट चाहियो सम्पर्क ९८४१३७०४७०

**चाहियो**

अनुभवी वेटर-१, भांडामाझ्ने-१, बानियाटार, भक्केकोपुल ९८६१३९३६५५, ९८१८९२०२२१

डेलिभरिब्वाई आवश्यक बाईकलाईसेन्स भएको खानबस्नको व्यवस्था ९८४००५७४२६

सेल्सम्यान र ड्राइभर चाहियो ९८५११७३०७३, ९८६८६८६९५

अफिसमै कर्मचारीहरूको तु-आवस्यकता १६०००/ ९८०३२७४२२७

कुक चाहियो ९८४०६४६२३९

रिसोर्टकोलागि अलराउण्डर कुक, क्यासियर ९८५१०५९२६९

गोंगबुमा अलराउण्डर कुक खानबस्नसुविधा ९८६८१३५९३२

पार्लरको लागि जेन्टस हेयर कटिङ चाहियो ९८४१०३९९७३

School Co-ordenator-1, Math Teacher-1, Secondary English Teacher-1 Salary Rs-35000/- 9841238675, 01-5709224

एकप्रतिष्ठित विद्यालयकालागि Winger Van चालकको आवश्यकता भएकाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ९८५१०९७७३४

Experience school co-ordinate-1 Pre-primary teacher-1 Amar English secondary school, Tokha:9841533661, 9841136596

होटलमाबसेर कामगर्ने कुक चाहियो ९८५११७९१७४

**बिहावारी**

विश्वको जुनसुकै कुनामा भए पनि उपयुक्त वर वा बधुको लागि www. nrnmatch.com, 9842981178

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३५७१, ९८५१२२८२२८ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ | सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ट | सिफल | ०१-४५७८१०३ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| हलफयाक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ | सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०५, ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| | | | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | | | | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रु. ४५/- बोल्ड प्रति शब्द रु. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रु. ३०००/- स्पट कलर रु. ३५००/- मल्टी कलर रु. ५०००/-*

* मु.अ.क. बाहेक

सम्पर्क नं. ५१९२०१४, ५१९२०१०, Ext. १०१४ Email: mktclassified@kmg.com.np

**विदेशी मुद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५२.६४ |
| युरो | १७६.४३ |
| पाउन्ड स्टर्लिङ | २०५.९४ |
| अस्ट्रेलियन डलर | १०७.८९ |
| कतारी रियाल | ४१.९० |

राष्ट्र बैंकको आधारमा

सुन रू. ३,०१,५००

चाँदी रू. ४,६७०

# हदबन्दीका कारण रोकियो दुई हजार फ्ल्याट र घर-घडेरीको स्वामित्व हस्तान्तरण

## रियल इस्टेट कम्पनीले किनेर विकास गरेका तथा बिक्रीका लागि सम्झौता भइसकेका सम्पत्तिसमेत कानुनी अड्चनका कारण खरिदकर्ताका नाममा पास हुन नसकेको नेपाल घरजग्गा आवास विकास महासंघको गुनासो

**सीमा तामाङ** (काठमाडौं)

जग्गाको हदबन्दीसम्बन्धी व्यवस्थाका कारण काठमाडौं उपत्यकासहित विभिन्न क्षेत्रमा करिब दुई हजार फ्ल्याट, घर तथा घडेरीको स्वामित्व हस्तान्तरण रोकिएको दाबी गरिएको छ । रियल इस्टेट कम्पनीले किनेर विकास गरेका तथा बिक्रीका लागि सम्झौता भइसकेका सम्पत्तिसमेत कानुनी अड्चनका कारण खरिदकर्ताका नाममा पास हुन नसकेको नेपाल घरजग्गा आवास विकास महासंघका पूर्वअध्यक्ष भेषराज लोहनीले बताए ।

२०७६ मा भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली कार्यान्वयनमा आएपछि सरकारले तोकिएको हदभन्दा बढी जग्गा खरिद-बिक्रीका लागि रोकिएको भन्दै महासंघले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा लोहनीले गुनासो गरे । 'रियल इस्टेटलाई हदबन्दी लाग्दैन भनेर २०७६ सालसम्म मालपोत कार्यालयहरूमा एउटै लिखतमा ५० रोपनीसम्म जग्गा खरिद-बिक्री हुन्थ्यो । उदाहरणका लागि ए भन्ने रियल इस्टेट कम्पनी छ भने त्यो कम्पनीले ५० रोपनी जग्गा एकैचोटि किन्न र बिक्री गर्न पाउँथ्यो,' उनले भने, 'अनलाइन सिस्टम लागू भएपछि हदबन्दी लाग्ने भनियो अनि कारोबार रोकियो । हामीले बेच्न पाएनौं । खरिद गर्ने वा बैना दिएकालाई पनि पास गर्न सकेनौं ।'

२०७६ अघिसम्म रियल इस्टेट कम्पनीहरूलाई हदबन्दी नलाग्ने अभ्यासमा मालपोत कार्यालयबाट जग्गा पास हुने गरेको लोहनीको भनाइ छ । 'व्यवसायीले बिक्री गर्न पाउने विश्वासमा जग्गा खरिद गरेर राखेका थिए । त्यसको कारोबार पनि भइरहेको थियो । तर २०७६ मा अनलाइन प्रणाली लागू भएपछि तोकिएको हदभन्दा बढी देखिने जग्गाको खरिद-बिक्री तथा स्वामित्व हस्तान्तरण रोकियो,' लोहनीले भने । कुनै कम्पनीले १ सय फ्ल्याटसहितको अपार्टमेन्ट निर्माण गरेको अवस्थामा २०७६ सालअघि नै ५० वटा फ्ल्याट बिक्री गरे, त्यतिबेला बिक्री भएका फ्ल्याट खरिदकर्ताका नाममा पाससमेत भयो । बाँकी ५० फ्ल्याट सहमतिमा खरिद-बिक्री भए पनि खरिदकर्ताका नाममा स्वामित्व हस्तान्तरण हुन नसकेको लोहनीले जनाए ।

'कतिपय अवस्थामा खरिदकर्ताले बैना दिइसकेका हुन्छन् । र आफ्नो नाममा पास गरिदिन आग्रह गरिरहेका हुन्छन्,' लोहनीले भने, 'तर हदबन्दी भन्दै मालपोतले पास गरिदिँदैन ।' अर्कोतर्फ डेभलपरले बैंकबाट लिएको ऋणको निरन्तर ब्याज तिर्नुपर्ने अवस्था रहेकाले व्यवसायीको नगद प्रवाहमा समेत यसले गम्भीर समस्या ल्याएको लोहनीको भनाइ छ ।

'डेभलपरको क्यास फ्लो रित्तिन थाल्यो । किने पनि आफ्ना नाममा नआएका खरिदकर्ताले पास गरिदिन भन्दै उजुरबाजुर गर्ने अवस्था आइसक्यो,' लोहनीले भने, 'उजुरी भयो भने सरकार वा नियामक निकायले व्यवसायीमाथि ठगी गरेको आरोपमा कारबाही अघि बढाउन सक्ने जोखिम बढ्यो । कुनै पनि समय हिरासतमा लिन सक्ने अवस्था बन्यो ।'




नेपाल घरजग्गा आवास विकास महासंघले सोमबार आयोजना गरेको पत्रकार सम्मेलन । तस्बिर : कान्तिपुर

> प्रक्रिया पूरा गरेका निवेदन हेरेर नियमन गर्ने काम अगाडि बढाइएको भूमि मन्त्रालयको दाबी

अपार्टमेन्ट, हाउजिङ र ल्यान्ड प्लटिङलगायत क्षेत्रमा २५ देखि ३० कम्पनीका फ्ल्याट, घर तथा घडेरी ५ हजार युनिट हाराहारीमा हुन सक्ने लोहनीले बताए । यीमध्ये करिब २ हजार युनिट खरिदकर्ताले रकम तिरेका र बैना दिएका रहेको उनको भनाइ छ । तर कानुनी प्रक्रियाका कारण उनीहरूले आफ्नो नाममा पास गर्न नसकेको उनले जनाए ।

हदबन्दीभन्दा बढी जग्गा राख्न मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्छ । समस्यामा परेका यी कम्पनीले मन्त्रिपरिषद्बाट हदबन्दी छुट नलिएको भए पनि काठमाडौं उपत्यका विकास प्राधिकरणबाट अनुमति लिएर आफ्नो व्यवसाय अघि बढाएको व्यवसायी बताउँछन् । त्यसबेला रियल इस्टेट कम्पनीलाई हदबन्दी नलाग्ने बुझाइका आधारमा मालपोत कार्यालयबाटै जग्गा तथा घरजग्गाको कारोबार पास हुने गरेको र त्यसका लागि मन्त्रिपरिषद्सम्म पुग्नुपर्ने अवस्था नरहेको लोहनीको भनाइ छ ।

भूमिसम्बन्धी ऐन, २०२१ दफा १२ को ङ को उपदफा १ मा हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न वा राख्न स्वीकृति पाएका उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना वा शिक्षण संस्था वा अन्य कुनै संस्थाले आफ्नो उद्देश्यअनुरूप कार्यसम्पादन गरे वा नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न प्रत्येक जिल्लामा अनुगमन तथा निरीक्षण समिति बनाउनुपर्ने उल्लेख छ ।

तर दफा १२ को ग को उपदफा १ मा खरिद गरेका जग्गा सम्बन्धित उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै पनि संस्थाले कसैलाई पनि बिक्री वितरण गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न वा सट्टापट्टा गर्न नपाइने उल्लेख छ । उक्त व्यवस्थाका कारण घरजग्गा व्यवसाय गर्ने रियल इस्टेट कम्पनीहरूलाई समेत हदबन्दीभन्दा बढी जग्गा बिक्री गर्न रोक लगाइएको महासंघका अध्यक्ष विष्णु घिमिरे बताउँछन् । रियल इस्टेट कम्पनीलाई समेत हदबन्दीले बाँधिदिएकाले संशोधन गरी खुलाउनुपर्ने घिमिरेको आग्रह छ ।

उक्त ऐनको दफा १२ क को उपदफा १ मा दफा प्रारम्भ हुँदाका बखत निरन्तर सञ्चालनमा रहेका उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था सञ्चालन गर्न अत्यावश्यक भई यस ऐनमा तोकिएको हदबन्दीभन्दा बढी जग्गा नेपाल सरकारको स्वीकृति नलिई खरिद गरी उपयोग गरिरहेको रहेछ भने यो दफा प्रारम्भ भएको मितिले ३ महिनाभित्र एक पटकका लागि हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खुलाई सरकारसमक्ष निवेदन दिन सक्ने उल्लेख छ । सोही व्यवस्थाअनुसार २०७६ मा सरकारले सूचनासमेत जारी गरिएको थियो । त्यसअनुसार ती कम्पनीले निवेदन दिए पनि सुनुवाइ नभएको घरजग्गा व्यवसायी बताउँछन् ।

यता भूमि मन्त्रालयका प्रवक्ता गणेश भट्ट भने प्रक्रिया पूरा गरेका निवेदनका हकमा नियमन गर्ने काम अगाडि बढाइएको जनाउँछन् । 'हदबन्दीलगायत अप्ठ्याराबारे मन्त्रालयमा गुनासा आएका छन्, यसबारे हामीले छलफल गरिरहेका छौं,' उनले भने ।

विगतमा रियल इस्टेट कम्पनीलाई हदबन्दी नलाग्ने बुझाइका आधारमा मालपोत कार्यालयबाटै कारोबार पास हुने गरेको लोहनीले बताए । त्यसका लागि हरेक पटक मन्त्रिपरिषद्को निर्णय आवश्यक पर्दैनथ्यो । तर अहिले कानुनी व्यवस्थाको व्याख्या र कार्यान्वयनमा आएको परिवर्तनका कारण पहिले खरिद गरिएका जग्गा तथा निर्माण भइसकेका आवासीय सम्पत्तिको समेत स्वामित्व हस्तान्तरणमा समस्या देखिएको उनको भनाइ छ । रियल इस्टेट कम्पनीलाई जग्गाको हदबन्दी नै लाग्न नहुने लोहनीको तर्क छ । यस्ता कम्पनीको मुख्य काम नै जग्गा खरिद गरेर त्यसलाई विकास गरी बिक्री गर्नु हो । त्यसैले सम्बन्धित निकायबाट अनुमति लिएर सञ्चालन हुने रियल इस्टेट कम्पनीका लागि ३० रोपनी, ७५ रोपनी वा ११ रोपनीको हद तोक्नु उपयुक्त नहुने उनको आग्रह छ ।

जग्गाको हदबन्दी छुट दिनेसम्बन्धी आदेश २०७८ जारी भएपछि सरकारले आवासीय क्षेत्रमा घरजग्गा व्यवसाय गर्ने अनुमति लिएका कम्पनीलाई समेत हदबन्दी कायम गरेको छ । काठमाडौं उपत्यकाबाहेक सम्पूर्ण पहाडी क्षेत्रमा १ सय रोपनी, भित्री मधेश र तराई क्षेत्रमा २० रोपनी र काठमाडौं उपत्यकामा ५० रोपनी राख्न पाउने उल्लेख छ । तर सरकारले हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृति दिने गरे पनि बिक्री गर्न भने दिने व्यवस्था गरेको छैन । जग्गाको हदबन्दीका कारण रोक्का भएका जग्गा फुकुवा गर्न तथा सोही कारण घरजग्गा बिक्री गर्न नपाएका रियल इस्टेट व्यवसायीलाई धरपकड नगर्न पनि महासंघको माग छ । तर दीर्घकालीन रूपमा कानुनी व्यवस्था संशोधन गर्नुपर्ने भए पनि तत्कालका लागि रोकिएका कारोबार खुला गरी स्वामित्व हस्तान्तरणको व्यवस्था गर्नुपर्ने लोहनीले बताए ।

'अल्पकालीनचाहिँ रोकिएकालाई तत्काल खोलिदिनुपर्‍यो, पास गरिदिने व्यवस्था गरिदिनुपर्‍यो । र यस्ता व्यवसायीलाई धरपकड गर्नुभएन,' लोहनीले भने । अहिले समस्या भएका व्यवसायीसँग सम्पत्ति भए पनि कानुनी व्यवस्थाका कारण त्यसको कारोबार तथा स्वामित्व हस्तान्तरण गर्न नसकिएको अवस्था छ । रियल इस्टेट कम्पनीलाई हदबन्दीसम्बन्धी स्पष्ट र व्यावहारिक व्यवस्था गर्न सके व्यवस्थित सहरीकरणमा गति आउने र आवास तथा अपार्टमेन्ट निर्माण-बिक्रीमा समेत सहजता आउने महासंघले जनाएको छ । त्यसैले भूमिसम्बन्धी ऐनमा यथाशीघ्र संशोधन गरी रियल इस्टेट व्यवसायलाई सहजीकरण गर्न सरकारसँग महासंघको आग्रह छ ।

# एनपीटीसीलाई एक सय मेगावाट बिजुली बिक्रीको अनुमति

## प्रतियुनिट ५.४५ भारुभन्दा कममा बिजुली नबेच्न र भारु १० पैसाभन्दा बढी ट्रेडिङ मार्जिन नलिन निर्देशन

**सीमा तामाङ** (काठमाडौं)



फाइल तस्बिर : कान्तिपुर

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी नेपाल पावर ट्रेडिङ कम्पनी लिमिटेड (एनपीटीसी) लाई अब बिजुली खरिद-बिक्रीको बाटो खुलेको छ । प्राधिकरणको सञ्चालक समिति बैठकले एनपीटीसीलाई एक सय मेगावाट बिजुली बिक्री गर्ने अनुमति दिएको हो । प्राधिकरणसँग विद्युत् खरिद-बिक्री सम्झौता (पीपीए) गरिसकेका आयोजनाको बिजुली नै एनपीटीसीले भारत तथा अन्य मुलुकमा बिक्री गर्ने हो ।

प्राधिकरणको सञ्चालक समितिबाट निर्णय आइसकेकाले अहिले विद्युत् नियमन आयोगसँग सहमतिका लागि पठाइसकिएको एनपीटीसीका प्रमुख कार्यकारी अधिकृत (सीईओ) कमल आचार्यले बताए । 'आयोगसँग बिजुली खरिद-बिक्रीका सहमति मागेका छौं,' उनले भने, 'आयोगको सहमति आइसकेपछि बिजुली बिक्री गर्न बजार खोज्छौं ।'

नेपालले गत आर्थिक वर्षभर २९ अर्ब ३२ करोड रुपैयाँको बिजुली बिक्री गरेको छ । भारतबाट नेपालले सुक्खायाममा १० अर्ब २२ करोड ७४ लाखको आयात गरेको छ । उक्त बिजुली नेपाल विद्युत् प्राधिकरण स्वयंले खरिद-बिक्री गर्दै आएको छ ।

प्राधिकरणले विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा २० को उपदफा १ को 'घ' ले दिएको अधिकार प्रयोग गरी बिजुली खरिद-बिक्री गर्दै आएको छ । 'विदेशी मुलुकलाई विद्युत् बिक्री गर्ने वा विदेशी मुलुकबाट विद्युत् खरिद गर्ने,' ऐनको दफा २० को उपदफा १ को 'घ' मा उल्लेख छ ।

सरकारले १६ फागुन २०७६ मा भारतको डेजिक्नेट अथोरिटीसँग अन्तरदेशीय बिजुली आयात-निर्यातसहित प्रसारणलाइन र बिजुली कारोबारसमेतको योजना बनाउन प्राधिकरणलाई नोडल एजेन्सी तोकिसकेको थियो ।

भारत तथा बंगलादेशमा बिजुली बिक्री गर्न सरकारले २०७७ मै प्राधिकरणलाई स्वीकृति दिएको छ । सोही पूर्वस्वीकृतिमा टेकेर प्राधिकरणले बिजुली खरिद-बिक्री गर्दै आएको छ । तर प्राधिकरणको सहायक कम्पनी २०७३ मै खुले पनि हालसम्म बिजुली खरिद-बिक्री गर्न सकेको छैन ।

सरकारले ८ पुस २०७८ को मन्त्रिपरिषद् बैठकले एनपीटीसी सञ्चालनका लागि अनुमति दिने निर्णय गरिसकेको छ । तर अहिलेसम्म बिजुली खरिद-बिक्री सुरु गरिसकेको छैन । एक सय मेगावाट बिजुली बिक्री गर्न स्वीकृति दिइसकिएको प्राधिकरणका निमित्त कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले बताए । प्रतियुनिट ५.४५ भारुभन्दा कममा बिक्री नगर्न र भारु १० पैसाभन्दा बढी ट्रेडिङ मार्जिन नलिन भन्दै एनपीटीसीलाई स्वीकृति दिइएको हो ।

एनपीटीसीले अब सय मेगावाट बिजुली बिक्री गर्दा प्रतियुनिट ५.४५ भारुभन्दा कममा बेच्न पाउँदैन । आयोगबाट सहमति आइसकेपछि बिजुली बिक्रीका लागि प्रस्ताव माग गरिने सीईओ आचार्यले जनाए ।

कम्पनीमा प्राधिकरणको ५१, विद्युत् उत्पादन कम्पनी लिमिटेड (भीयूसीएल) को १७, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी (आरपीजीसीएल) को १७ प्रतिशत र हाइड्रो इलेक्ट्रिसिटी डेभलपमेन्ट एन्ड इन्भेस्टमेन्ट कम्पनी (एचआईडीसीएल) को १५ प्रतिशत सेयर छ । उक्त कम्पनीको अधिकृत पुँजी १ अर्ब रुपैयाँ हो । सरकारले बिजुली व्यापारका लागि प्राधिकरणकै सहायक कम्पनीलाई अनुमति दिएको तर आफूहरूलाई नदिएको भन्दै निजी क्षेत्रले गुनासो गर्दै आएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) मार्फत सन् २०१८ मै 'नेपाल पावर एक्सचेन्ज' (नेपेक्स) दर्ता गरेर अनुमति माग गर्दा पनि सरकारले अहिलेसम्म अनुमति दिएको छैन ।

> प्राधिकरणको सञ्चालक समितिबाट निर्णय आइसकेकाले सहमतिका लागि विद्युत् नियमन आयोगमा पठाइयो

अहिले नेपेक्स, नेपाल पूर्वाधार बैंक (निफ्रा) ट्रेडिङ एन्ड इनर्जी एक्सचेन्ज, हिमालयन ट्रेडिङ विद्युत्लगायत कम्पनी अनुमतिपत्रको पर्खाइमा छन् । उनीहरूले बिजुली व्यापारको अनुमतिका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा आवेदन दिएको वर्षौं भइसकेको छ । सरकारले विद्युत् ऐन संशोधन गर्नुपर्छ भन्दै निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिन रोक लगाइरहेको इप्पानका वरिष्ठ उपाध्यक्ष उत्तम भ्लोन लामाको भनाइ छ । मुलुकमा उत्पादित बिजुली खेर गइरहेका बेला सरकार आफैं बेच्न नसक्ने र बेच्छु भन्ने निजी क्षेत्रलाई बाटो नखुलाएको उनले बताए ।

अनुमति पाउने आसमा नेपेक्स र भारतको मणिकरण पावर लिमिटेडबीच २७ पुस २०७७ मा ५ सय मेगावाट र २०८० वैशाखमा थप २ सय मेगावाट विद्युत् व्यापारका लागि समझदारीपत्र (एमओयू) भए पनि सरकारले सहजीकरण नगर्दा यी सम्झौता र समझदारी कागजमै सीमित छन् ।

बिजुली व्यापार गर्न अनुमति दिने व्यवस्था विद्युत् ऐन, २०४९ मै उल्लेख छ । विद्युत्को सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिएबमोजिमका विवरण खुलाई तोकिएका अधिकारीसमक्ष अनुमतिपत्रका लागि दरखास्त दिनुपर्ने उक्त ऐनको दफा ४ को उपदफा १ मा उल्लेख छ ।

बिजुली व्यापारमा नेपाल विद्युत् प्राधिकरणको एकाधिकार छ । आन्तरिक बजारमा बिजुली खपत नहुने र बढी बिजुली बेच्न निजी क्षेत्रलाई सरकारले बाटो खोलेको छैन । सरकारले विद्युत् व्यापारको लाइसेन्स वितरणमा विभेद गरेको प्रवर्द्धकहरूले बताउँदै आएका छन् ।

सरकारले नेपाल विद्युत् प्राधिकरणकै सहायक कम्पनी एनपीटीसीलाई विद्युत् व्यापारको लाइसेन्स दिए पनि निजी क्षेत्रलाई पाखा लगाउँदै आएको प्रवर्द्धकहरूको गुनासो छ ।

विद्युत् नियमन आयोग ऐन, २०७४ मा उत्पादित विद्युत् खरिद-बिक्री गर्ने व्यवस्था छ । ऐनको दफा १३ को उपदफा १ को 'ख' मा विद्युत् खरिद-बिक्रीको थोक बजार स्थापना नभएसम्म वितरण अनुमति प्राप्त व्यक्ति र उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति वा व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति वा प्रचलित कानुनबमोजिम नेपाल सरकारले स्थापना गरेको संगठित संस्थाबीच हुने विद्युत् खरिद-बिक्री दर र प्रक्रिया निर्धारण गर्ने उल्लेख छ ।

सोही उपदफाको 'ग' मा उत्पादित विद्युत् खरिद-बिक्री गर्न अनुमति प्राप्त व्यक्तिहरूबीच पीपीए गर्न सहमति दिने र 'ङ' मा प्रसारण तथा वितरण दस्तुर (ह्विलिङ चार्ज) निर्धारण गर्ने व्यवस्था उल्लेख छ । आयोगद्वारा जारी विद्युत् प्रसारण तथा वितरण प्रणालीमा खुला पहुँचसम्बन्धी निर्देशिका, २०८२ मा समेत अन्तरदेशीय विद्युत् व्यापारका लागि खुला पहुँचबारे उल्लेख छ ।

अन्तरदेशीय विद्युत् व्यापार गर्ने प्रयोजनका विद्युत् व्यापारको स्वीकृति एवं सञ्चालन नेपाल सरकारले जारी गर्ने कार्यविधि र कार्यविधिअन्तर्गत रहेर आयोगले जारी गर्ने अन्तरदेशीय विद्युत् व्यापारसम्बन्धी निर्देशिकाबमोजिम हुने उल्लेख छ ।

विद्युत् ऐन, २०४९ कै संशोधन गरेर विद्युत् व्यापारमा निजी क्षेत्रलाई खुला गर्ने गरी तयारी भइरहेको ऊर्जा मन्त्रालयका सहप्रवक्ता शालिग्राम भण्डारीले जनाए । 'निजी क्षेत्रलाई विद्युत् व्यापारमा संलग्न गराउन हामी प्रयासरत छौं,' उनले भने ।

चालु आर्थिक वर्षको बजेटमा पनि प्रसारण लाइन बनाउने र ह्विलिङ चार्ज लिई विद्युत् व्यापार गर्न सक्ने कानुनी व्यवस्था मिलाइने उल्लेख छ । गत वैशाखमा जारी गरेको निर्देशनमा समेत प्राधिकरणको बोर्डले एनपीटीसीलाई पूर्ण रूपमा क्रियाशील विद्युत् व्यापारिक निकायका रूपमा सञ्चालन गर्ने ऊर्जामन्त्री विराजभक्त श्रेष्ठको भनाइ छ ।

# आजदेखि नाइमा मोबिलिटी एक्स्पो

**कान्तिपुर संवाददाता** (काठमाडौं)

भृकुटीमण्डपमा मंगलबार (आज) बाट दोस्रो संस्करणको 'नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६' सुरु हुँदै छ । ३१ साउनसम्म चल्ने एक्स्पोमा ५२ वटा स्टल रहने आयोजक नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले जनाएको छ । एक्स्पोमा ५५ भन्दा बढी ब्रान्डका सवारी राखिएको छ । यस्तै ४० भन्दा ब्रान्डका नयाँ सवारी सार्वजनिक पनि गरिँदै छ । एक्स्पोमा २० लाखदेखि साढे तीन करोड मूल्य बराबरका विद्युतीय गाडी राखिने आयोजकको भनाइ छ ।

एक्स्पोमा दुईपांग्रे सवारीका १८ र चारपांग्रेका २९ नयाँ ब्रान्ड सार्वजनिक गरिने नाइमाका कार्यकारी निर्देशक राजकुमार दुलालले बताए । एक्स्पो अवधिभरका लागि नेपाल पुलिस क्लबको भवन पार्किङ र शौचालयका लागि भाडामा लिइएको छ, जुन सेवा सेवाग्राहीले निःशुल्क पाउनेछन् ।



फाइल तस्बिर : कान्तिपुर

गत वर्ष १ लाखभन्दा बढीले अवलोकन गरेको एक्स्पोमा यो पटक संख्या बढ्ने आयोजकको दाबी छ । एक्स्पो अवधिभर विभिन्न कार्यशाला आयोजना गरिनेछ । एक्स्पोमा प्रत्यक्ष वैदेशिक लगानीबारे छलफल, ब्याट्री पुनः प्रयोग तथा पुनः प्रशोधनबारे जानकारी, ऋण तथा वित्तीय व्यवस्थाबारे छलफल, बिमासम्बन्धी जानकारी युवा उद्यमशीलतालगायतबारे छलफल हुनेछ । प्रदर्शनीस्थलमा पानीले नरुझाउने गरी टेन्टको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

एउटा हलबाट अर्को हलमा जाँदा नरुझी जान मिल्ने गरी टेन्ट राखिएको छ । गत वर्षजस्तै यो पटक पनि अटो शोलाई अपांगतामैत्री बनाइएको छ । राइड सेयरिङ कम्पनी पठाओले सेवाग्राहीलाई भृकुटीमण्डप आउन र जान सहुलियत शुल्कमा सुविधा दिनेछ । पार्किङमा गाडी लिएर आउन नपरोस् भनेर यस्तो गरिएको आयोजकको भनाइ छ ।

टिकटमा क्यूआर कोडको साझेदारमा 'युनियन पे' छ । यस पटक ५ सयको टिकटमा क्यूआर स्क्यान गर्दा ५० प्रतिशत क्यास ब्याक दिने सुविधा पनि ल्याइएको नाइमा एक्स्पो व्यवस्थापन समितिका संयोजक गौरव शारडाले जनाए ।

## PROCUREMENT NOTICE

UNDP

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

UNDP Nepal is soliciting proposals from interested organisations/firms/companies to provide the following services:

| | |
|---|---|
| **Reference No.:** | Request for Proposal – **UNDP/RFP/28/2026 (UNDP-NPL-00708)** |
| **Project/Agency:** | Advancing Civic Engagement for Democratic Participation Project |
| **Purpose:** | Intergenerational Policy Dialogue Series on Youth Civic Engagement in Karnali Province |
| **Deadline for bid submission:** | **01 September 2026, 5:00 PM Nepal Time** |
| **Weblink:** | https://www.undp.org/nepal/procurement |
| **Who can apply:** | National/International organisations/firms/companies |
| **How to apply:** | As per the instructions in the detailed bidding document. |

## VACANCY ANNOUNCEMENT

Annapurna Cable Car Ltd. invites applications from qualified, competent, and self-motivated professionals for the following positions:

**Positions Available:**
- Mechanical Overseer – 1 position
- Electrical Overseer – 2 positions

**Eligibility Criteria:**
- Diploma in Mechanical Engineering or Electrical Engineering (or equivalent qualification).
- Minimum 1 year of relevant experience in operation and maintenance, preferably in cable car systems or related industries.

**Remuneration & Benefits:**
- Competitive salary package, negotiable based on experience and expertise.
- Additional benefits as per Company policy.

**Application Procedure:**
Interested candidates are requested to submit their updated CV along with supporting documents via email to: admin@annapurnacablecar.com.np

**Application Deadline:**
Applications must be submitted within 15 days from the date of this publication.

**Note:** Only shortlisted applicants will be contacted for further recruitment processes.

## सवारी साधन (कार) मुल्य बढावढबाट बिक्री सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८३/०४/२६)

**यस कान्तिपुर पब्लिकेशन्स लिमिटेड अन्तर्गत चालु अवस्थामा रहेको तपसिलको विवरण अनुसारको सवारी साधन (कार) जे जस्तो अवस्थामा छ, सोही अवस्थामा मूल्य बढावढबाट बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र दरभाउ पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।**

(क) सवारी साधन (कार) को विवरण:

| क्र.सं. | कम्पनीको नाम | मोडल | सिसि | बनेको साल | सवारी साधन रहेको कार्यालय |
|---|---|---|---|---|---|
| १. | फोर्ड ईण्डीया | ईको स्पोर्ट | १४९७ | २०१९ | प्रधान कार्यालय, तिनकुने काठमाडौं । |

(ख) शर्तहरु:
१. रकम पूर्ण भुक्तानी गरे पश्चात सवारी (कार) नामसारी हुनेछ ।
२. पेश भएको बोलपत्र बिना जानकारी अस्वीकृत गर्ने वा खारेज गर्ने सम्पूर्ण अधिकार कान्तिपुर पब्लिकेशन्स् व्यवस्थापनको रहनेछ ।

(ग) निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरु:
व्यक्तिको हकमा:
नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
संस्थाको हकमा:
१) फर्म/कम्पनी/संस्थाको दर्ता प्रमाण-पत्र,
२) स्थायी लेखा नम्बर दर्ता प्रमाण-पत्र,
३) आ.व. २०८२/२०८३ को कर चुक्ता प्रमाण-पत्र

(घ) बोलपत्र पेश गर्ने स्थान: कान्तिपुर पब्लिकेशन्स् लिमिटेड, प्रधान कार्यालय, सामान्य प्रशासन विभाग, थापाथली, काठमाडौं ।

**कान्तिपुर पब्लिकेशन्स लिमिटेड**
प्रधान कार्यालय: थापाथली, काठमाडौं,
सम्पर्क नं. ०१-५१९२०१०, इमेल: gad@kmg.com.np

# नाइमा मोबिलिटी एक्स्पो : ५५ ब्रान्ड, ४० भन्दा धेरै नयाँ सवारी

**भृकुटीमण्डपमा 'नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६' सुरु भएको छ । २६ देखि ३१ साउनसम्म चल्ने एक्स्पोमा सवारीसाधनसम्बन्धी ५३ स्टल छन् । नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) आयोजक रहेको एक्स्पोमा दुईपांग्रे सवारीका १८ र चारपांग्रेका २९ नयाँ ब्रान्ड सार्वजनिक गरिँदै छ । २० लाखदेखि साढे तीन करोड मूल्य बराबरका विद्युतीय गाडी 'शोकेस' मा राखिएका छन् । सडक सुरक्षा, विद्युतीय सवारीमा प्रयोग भएका ब्याट्रीको व्यवस्थापनलगायतबारे सरोकारवाला निकायको उपस्थितिमा एक्स्पो अवधिभर कार्यशाला आयोजना गरिँदै छ । चाडबाडको मुखमा आयोजना गरिएको अटो एक्स्पोमा दुई र चारपांग्रे सवारी बुकिङमा सर्वसाधारणलाई छुटको व्यवस्था गरिएको छ । अटो एक्स्पो किन आयोजना गरियो, सरकारका नीति व्यवसायीमैत्री छन्/छैनन् लगायतबारे कान्तिपुर मिडिया ग्रुपले आयोजना गरेको राउन्ड टेबलका सहभागीले राखेको विचारको सम्पादित अंश :**



नेपालमा अटोमोबाइल क्षेत्रको अवस्था, यसको बजार, सम्भावना र भविष्यबारे कान्तिपुर मिडिया ग्रुपले आइतबार आयोजना गरेको 'राउन्ड टेबल' का सहभागी ।
तस्बिर : दीपेश दर्शनधारी/कान्तिपुर

## 'सवारीबारे पूर्ण जानकारी लिन एक्स्पो आउनुस्'



**● ऋतु सिंह वैद्य**
अध्यक्ष, नाइमा

गत वर्ष आयोजित नाइमा एक्स्पोको प्रभाव निकै राम्रो रह्यो । एक्स्पोबाट हामीले आफूलाई नयाँ संस्थाका रूपमा स्थापित गर्न सफल भयौं । गत वर्ष ४२ ब्रान्डका सवारी एक्स्पोमा राखिएकामा यो पटक ५५ पुगेका छन् । यो भनेको संस्था र एक्स्पोप्रतिको बढ्दो विश्वास हो । अहिले देशभर विद्युतीय सवारीको बजार विस्तार भइरहेको छ । त्यसको प्रभाव नाइमा मोबिलिटी एक्स्पोमा देखिन्छ ।

अहिले ८० भन्दा बढी विद्युतीय सवारीका ब्रान्ड नेपाल आइसकेका छन् । निजी क्षेत्रले विद्युतीय सवारीलाई तीव्र रूपमा अगाडि बढाइरहेको अवस्थामा सरकारले त्यसअनुकूल नीति र पूर्वाधार निर्माणमा ध्यान दिन आवश्यक छ । सवारी आयातमा पहिलेदेखि नै अधिकतम खुद्रा बिक्री मूल्य (एमआरपी) लगाइँदै आएको हो । अहिले भन्सारमै एमआरपी लगाउने विषय आएको छ । यद्यपि एमआरपीसम्बन्धी नीति आइसकेको छैन । त्यसैले नीति कसरी आउँछ र त्यसमा के-के विषय कसरी सम्बोधन गरिन्छ भनेर हेर्नुपर्छ । एमआरपीसम्बन्धी नीति सरकारले व्यावहारिक र सहज बनाउनुपर्छ ।

भन्सार नाकाबाट गाडी आयात गर्न त्यति सहज छैन । पहिला त्यसका लागि एउटा गोदामको व्यवस्था गर्नुपर्छ । सबै सामान त्यहाँ झार्नुपर्छ । त्यसपछि सामानमा स्टिकर लगाउन छुट्टै टोली चाहिन्छ । काम गरिसकेपछि फेरि सामान लोड गर्नुपर्छ । त्यसपछि त्यसको ढुवानी र व्यवस्थापनको थप लागत आउँछ । हामीले सिन्धुपाल्चोकको तातोपानी र रसुवाको रसुवागढी नाकामा ठूलो समस्या देखिरहेका छौं । त्यहाँ आवश्यक पर्याप्त पूर्वाधार छैनन् । त्यसमाथि कहिले पहिरो आउने, कहिले सडक अवरुद्ध हुने समस्या छ । अहिले तातोपानी नाका ठप्प हुँदा त्यसको असर अटो एक्स्पोमा परिरहेको छ । एक्स्पोमा सहभागी हुन आउने केही नयाँ ब्रान्ड ल्याउन समस्या भएको छ । तातोपानी नाकामा चीनबाट ल्याइएका सवारी अझै रोकिइरहेका छन् । सबैभन्दा बढी विद्युतीय सवारी आयात हुने रसुवागढी नाका पनि दिगो छैन, जहाँ पहिरो खसेर सडक बन्द हुने गरेको छ ।

अटो बजार विस्तारमा निजी क्षेत्र आफ्नो ठाउँबाट सक्रिय रूपमा अगाडि बढिरहेको छ । अब सार्वजनिक क्षेत्रमा पनि विद्युतीय सवारीको विस्तारका लागि सरकारले आवश्यक नीति, पूर्वाधार र सहकार्यको वातावरण बनाउनुपर्छ । सार्वजनिक क्षेत्रमा विद्युतीय सवारीको प्रयोगमा भने ठूलो खाडल देखिन्छ । त्यहाँ निश्चित रूपमा सरकारको सहभागिता आवश्यक छ । सार्वजनिक यातायातमा विद्युतीय सवारीको प्रयोग बढाउन सरकारी हस्तक्षेप आवश्यक छ । अब सरकारले बनाउने नीति कस्तो आउँछ, त्यसमा सार्वजनिक तथा निजी क्षेत्रको साझेदारी कसरी हुन्छ भन्ने विषय महत्त्वपूर्ण छ । सरकार र निजी क्षेत्रबीचको साझेदारीलाई कसरी अगाडि बढाउने भन्ने पनि स्पष्ट रूपमा परिभाषित गरिदिए राम्रो हुन्थ्यो ।

## 'नेपालको जनसंख्याको अनुपातमा सवारी निकै थोरै छन्'



**● निराकार श्रेष्ठ**
बोर्ड सदस्य, नाइमा

> सरकारले अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र बनाउने भनेर बजेटमा घोषणा गरे पनि कार्यान्वयन हुन सकेको छैन, एउटा राम्रो अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र सबैका लागि आवश्यक छ

यस पटकको अटो एक्स्पोलाई विगतभन्दा प्रदर्शनमुखी मात्र नभई उद्योग, ज्ञान र छलफलमा केन्द्रित बनाउँदै छौं । यस पटक एक्स्पोमा अटो उद्योगबारे जानकारी, अटोप्रेमी र विद्यार्थीलाई सहभागी गराउँदै छौं । प्रत्यक्ष वैदेशिक लगानी, ब्याट्री पुनः प्रयोग तथा पुनः प्रशोधन, ऋण तथा वित्तीय व्यवस्था, बिमा र युवा उद्यमशीलता जस्ता विषयमा छलफल गरिनेछ । एक्स्पोलाई भव्य बनाउन पार्किङ व्यवस्थापन सुधारेका छौं । नेपाल पुलिस क्लबको भवन अटो एक्स्पो अवधिभर भाडामा लिएका छौं । अनलाइन टिकट र नगद फिर्ताको विकल्पसमेत राखिएको छ । तर सधैं अटो एक्स्पो गर्ने ठाउँको भने समस्या छ । सरकारले अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र बनाउने भनेर बजेटमा घोषणा गरे पनि कार्यान्वयन हुन सकेको छैन । एउटा राम्रो अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र सबैका लागि आवश्यक छ ।

एक्स्पो सुरु हुनुअघि प्रदर्शनी केन्द्रमा ढाकछोप, टालटुल गरेर राम्रो बनाउनुको विकल्प छैन । ईभीको बजार विस्तार भइरहे पनि सक्कली स्पेयर पार्ट्सको उपलब्धता र अनौपचारिक आयात मुख्य चुनौती बनेको छ । नेपाल-भारतसँगको खुला सिमानाका कारण झोलामा बोकेर वा अन्य अनौपचारिक माध्यमबाट स्पेयर पार्ट्स ल्याउने प्रवृत्ति बढेको छ । यस्तो अनौपचारिक बजार औपचारिक बजारभन्दा झन्डै दुई गुणा ठूलो छ ।

काठमाडौंमा मात्र १ हजारदेखि १ हजार २ सय हाराहारी सवारीसाधनको मर्मतसम्भार गर्ने ग्यारेज रहेकाले ग्राहकको मागअनुसार भारतबाट झोलामा पार्ट्स ल्याउने गरिएको छ । यसले भन्सार छली, नक्कली पार्ट्सको जोखिम र राजस्व चुहावट बढाउनुका साथै आधिकारिक व्यवसायीको लगानीलाई जोखिममा पारेको छ ।

मलेसियाको जनसंख्या पनि करिब साढे तीन करोड छ । तर उनीहरूको सवारीसाधन उद्योगको आकार हाम्रोभन्दा लगभग दस गुणा ठूलो छ । भुटानमा बर्सेनि करिब १५ हजार सवारीसाधन बिक्री हुन्छ, जब कि त्यहाँको जनसंख्या सातदेखि साढे सात लाखको हाराहारीमा छ । नेपालमा तीन करोड जनसंख्या छ । जनसंख्याको अनुपातमा हेर्दा नेपालको सवारीसाधन उद्योगको आकार निकै सानो छ । गाडी किन्ने कुरा गर्दा सबैभन्दा पहिले सडकको कुरा आउँछ । सवारीसाधन उत्पादन गर्ने उद्योग बढाउने हो भने त्यसका लागि सडक चाहिन्छ ।

नेपालमा मोटरसाइकलको एसेम्बलिङ उद्योग चालु छ । चारपांग्रे सवारीसाधनमा पनि एसेम्बलिङ उद्योग हामीले सुरु गरेका छौं । यहीं सवारी तयार पार्न थालेपछि उपभोक्ताले त्यसबाट लाभ लिन थालेका छन । अहिले हुन्डाईका दुई वटा मोडल यहीं तयार हुन्छन् । हुन्डाईको क्रेटा गाडी उत्पादन गरेर बजारमा ल्याउँदा आयात गरेको मूल्यभन्दा ६ लाख रुपैयाँ सस्तो बनायौं । अर्को मोडलमा आयात गरेको मूल्यभन्दा करिब ९ लाख रुपैयाँ सस्तो बनायौं । अर्को हुन्डाईको भेन्यु कार पनि यहीं तयार हुन्छ । यस्ता उद्योगलाई सरकारले दिएको कर छुटका रूपमा नभई राजस्व, उद्योग र उपभोक्ताले पाउने समग्र लाभका आधारमा मूल्यांकन गर्नुपर्छ ।

जडान उद्योग र उत्पादन उद्योग फरक हुन् । जडान भनेको पार्टपुर्जा बाहिरबाट ल्याएर यहाँ जडान गरेर सवारीसाधन तयार गरिन्छ । यो उत्पादन प्रक्रियाको अन्तिम चरण हो । तर पूरै उद्योग खडा नगरी सवारीसाधन बनाउन सकिँदैन । नेपालमा आयात गरेर गाडी वा मोटरसाइकल बिक्री गर्दा भन्सारमा अन्तःशुल्क तिरिन्छ । र, बिक्री मूल्य अभिवृद्धि कर मात्रै जोडेर बिक्री गरिन्छ । सरकारले सवारीसाधनलाई कहिल्यै पनि समृद्धिको सूचकका रूपमा हेरेन । प्रत्येक बजेटमा यसलाई निरुत्साहित गर्ने र राजस्वको स्रोत बढाउने विषयलाई मात्र हेर्नु गलत छ ।

## 'निजी क्षेत्रसँगको सहकार्यमा गुणस्तरीय पूर्वाधार निर्माण गर्छौं'



**● रामहरि पोखरेल**
सहसचिव एवं प्रवक्ता, पूर्वाधार विकास मन्त्रालय

सरकारले हालै राष्ट्रिय यातायात नीति सार्वजनिक गरेको छ । अहिलेसम्म ६२ लाख ४९ हजार ७ सय ३२ सवारीसाधन दर्ता भएका छन् । यसमा पनि विद्युतीय सवारीको संख्या ६३ हजार २ सय ८० रहेको छ । तर साढे ६२ लाखको तथ्यांकमा सवारीसाधनको बिक्रीको संख्या मात्रै थपेर पुग्दैन ।

सडक पूर्वाधारको कुरा गर्दा संघ, प्रदेश र स्थानीय तह सबैको वास्तविक तथ्यांक तथा सडक सञ्जालको एकीकृत तथ्यांक राख्ने र त्यसका लागि सहकार्य गर्ने निकाय नै छैन । अहिले देशभर १ लाख ४ हजार किलोमिटर सडक छ । त्यसमध्ये संघीय सरकारको मातहतमा २१ हजार किलोमिटर सडक छ । उक्त सडकको सबै खण्ड सवारीसाधन चलाउन योग्य छन् कि छैनन् भन्नेमा समस्या छ । यो विषयलाई हामीले विगतको अवस्थासँग तुलना गरेर क्रमशः सुधार गर्दै लैजानुपर्छ । अहिले चार लेनका सडक, सुरुङमार्गलगायत पूर्वाधार निर्माण गरिरहेका छौं । तर ठेक्का प्रणाली र निर्माण व्यवस्थापनको अवस्थाका कारण हामीले चाहेको समयमा मर्मतसम्भार गर्न नसक्ने समस्या पनि छ ।

विद्युतीय सवारीलाई सहज रूपमा सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार तत्कालै उपलब्ध गराउन त्यसमा सुधार भइरहेको छ । यसलाई दुई तरिकाले हेर्नुपर्छ । एउटा, पहाडी क्षेत्र र अर्को, सहरी क्षेत्र । मुख्य राजमार्गमा एउटै हिसाबले विद्युतीय सवारीसाधन चलाउन सकिन्छ कि सकिँदैन भन्ने हेर्नुपर्छ । ठूला बस सञ्चालन गर्ने अवस्थामा मिश्रित प्रणालीमा जानुपर्ने हो कि सबै ठाउँमा चार्जिङ स्टेसन मात्रै राखेर त्यो प्रणाली दिगो हुन्छ/हुँदैन भनेर पनि सोच्नुपर्छ ।

हामी सधैं निजी क्षेत्रसँग सहजीकरण गर्ने पक्षमा छौं । यस विषयमा हाम्रो निरन्तर छलफल पनि भइरहेको छ । भरखरै राष्ट्रिय यातायात नीति आएको छ । त्यसमा पनि काठमाडौं उपत्यकामा सार्वजनिक यातायातलाई प्रवर्द्धन गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ । जापान सरकारको सहयोगमा काठमाडौं उपत्यकाको समग्र यातायात प्रणाली, सडक पूर्वाधारलगायतबारे अध्ययन भएको छ । गुरुयोजना तयार पारिएको छ । सडक पूर्वाधार निर्माणमा निजी क्षेत्र र सरकार दुवै सँगसँगै मिलेर अगाडि जाने हो । यस विषयमा कुनै दुई मत छैन ।

नीति आएपछि अब ऐन र नियमको विषय पनि आउँछ । अहिले यातायात व्यवस्था ऐन, २०४९ र नियमावली २०५० जस्ता पुराना नीति तथा कानुनी व्यवस्थाबाट चलिरहेका छौं । यी विषय कहिले परिवर्तन गर्ने भन्ने प्रश्न लामो समयदेखि छ ।

यसबीच ऐन-कानुनबारे विभिन्न मस्यौदा बने । ती अगाडि बढ्न सकेका छैनन् । नयाँ सहरी तथा यातायात व्यवस्था ऐन आउँदै छ । त्यसमा पर्याप्त छलफल गरौं । हामी सरकार मात्र होइनौं, उपभोक्ता पनि हौं । निजी क्षेत्रसँग पनि छलफल गरेर आवश्यक सुधार गरिनेछ । उद्देश्य भनेको यातायात क्षेत्रलाई समयाअनुकूल र व्यावहारिक बनाउने हो । विद्युतीय सवारीसाधन र नयाँ प्रविधिको विषयमा पनि नेपाल आफैंमा एउटा राम्रो अध्ययनको विषय बन्न सक्छ ।

जहाँ सवारी चाप बढी छ, त्यहाँ सडक विस्तार र स्तरोन्नतिमा विशेष ध्यान दिएका छौं । अन्तर्राष्ट्रियस्तरमा रहेको मापदण्डअनुसार सडक पूर्वाधार बनाइरहेका छौं । ऐन, नीति-नियम बनाउने बेला निजी क्षेत्र त्यसमा पनि प्रत्यक्ष सरोकार राख्ने अटो क्षेत्रको सल्लाह सुझाव समेट्ने गरेका छौं । त्यसैले हामी निजी क्षेत्र सँगसँगै छौं ।

## 'सरकारको अस्थिर नीतिले व्यवसायीका योजनामा असर पर्छ'



**● साहिल श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत, साइमेक्स इन्क

नेपालको परिवेशमा सन् २०२५ को अन्त्यसम्म आइपुग्दा विद्युतीय सवारीसाधनको प्रयोग उच्च तहमा पुगेको छ । ९५ प्रतिशतभन्दा बढी ऊर्जा आफ्नै जलविद्युत् आयोजनाबाट उत्पादन हुन्छ । विद्युतीय सवारीका लागि नेपाल विद्युत् प्राधिकरणले ५२ वटा चार्जिङ स्टेसन स्थापना गरेको छ । थप एक-दुई वटा अन्य सरकारी निकायबाट पनि स्थापना भएका छन् । निजी क्षेत्रले नेतृत्व लिएर ठूलो संख्यामा चार्जिङ पूर्वाधार निर्माण गरेको छ । यसरी करिब एक हजारभन्दा बढी चार्जिङ स्टेसन निर्माण गरिएको छ । नेपालमा वार्षिक रूपमा करिब १५ हजार सवारीसाधनको कारोबार गर्छौं । ५० अर्ब रुपैयाँको यो कारोबारमा वार्षिक रूपमा कति मूल्य थपिन्छ भन्ने कुरा पनि महत्त्वपूर्ण छ ।

इन्धनबाट चल्ने सवारीसाधनमा मर्मतसम्भार र पेट्रोलको लागत बढी हुन्छ । अहिले विद्युतीय सवारीसाधनमा आवश्यक ऊर्जाको लागत कम छ । त्यसमा चलायमान पार्टपुर्जा कम भएका कारण मर्मतसम्भारको लागत घटिरहेको छ । विद्युतीय सवारीसाधनमा ब्याट्री एउटा महत्त्वपूर्ण पक्ष हो । ब्याट्रीको प्रयोगमा ठूलो समस्या देखिएको छैन । ब्याट्री परिवर्तन गर्नुपर्ने अवस्था आउँदा त्यसमा वारेन्टीको व्यवस्था हुन्छ ।

सरकारको पाँच वर्षको नीति हेर्दा सय अर्ब डलरको अर्थतन्त्र, औसत वार्षिक ७ प्रतिशत आर्थिक वृद्धि र १२ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य छ । त्यसका लागि यात्रुवाहक सवारीसाधनको संख्या बढ्नु पनि अर्थतन्त्र सुधारको राम्रो संकेत हो । सवारीसाधनको संख्या बढ्नु भनेको बजार विस्तार हुनु हो । सरकारको कर राजस्वमा अटो क्षेत्रको योगदान महत्त्वपूर्ण छ । तर अझै पुरानै ऐनबाट चलिरहेका छौं । लामो समयपछि 'राष्ट्रिय यातायात नीति-२०८३' जारी भएको छ । महसुलसम्बन्धी व्यवस्था, यातायात तथा सवारीसम्बन्धी व्यवस्था हेर्दा धेरै ठाउँमा समस्या र अस्पष्टता देखिन्छ ।

सञ्चालनका हिसाबले गाडी दर्तादेखि लिएर आयात, नामसारीलगायत प्रक्रियामा कहाँ-कहाँ समस्या छन् र तिनमा कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा काम गर्नुपर्छ । सरकारले सवारीसाधन सञ्चालनसम्बन्धी स्पष्ट नीति ल्याउन जरुरी छ । विशेषगरी ब्याट्रीको विषयमा ध्यान दिनुपर्छ ।

अहिले ब्याट्रीका दुई विकल्प छन्, एउटा नेपालमै पुनः प्रशोधन गर्ने उद्योग स्थापना गर्न सकिने र राज्यको स्वामित्वमा रहेको उद्योगमार्फत पुनः प्रशोधनको काम सुरु गर्न सकिन्छ । अर्को विकल्प, प्रयोग भइसकेका ब्याट्रीलाई रिसाइकल गरेर पुनः प्रयोगमा ल्याउन सकिन्छ । पुनः प्रशोधनका लागि अन्य देशमा पठाउने व्यवस्था पनि खुला गरिनुपर्छ । ठूलो समस्या नीतिगत अस्थिरता हो । आर्थिक वर्ष २०७७/७८ बाट नेपालमा विद्युतीय सवारीसाधनको आयात बढ्न थालेको हो । त्यसयता अहिलेसम्मका बजेट हेर्दा एक पटकबाहेक विद्युतीय सवारीसाधनमा कर बढाइएको छ । कुनै-कुनै अवस्थामा त ठूलो नीतिगत परिवर्तन नै भएको छ । करको दर १० प्रतिशतबाट सय प्रतिशतसम्म पुर्‍याइन्छ ।

बजेट एउटा चाड जस्तो बनेको छ । बजेट आयो, गाडीको बुकिङ बढ्यो भन्ने अवस्था छ । बजेट आउनुअघि नै माग पूर्वानुमान गरेर हामीले उद्योगमा अर्डर पठाइसकेका हुन्छौं । उद्योगले उत्पादनको समयबारे पहिले नै जानकारी दिएको हुन्छ । पहिल्यै अर्डर पठाएर त्यसअनुसार सवारी तयार गर्ने हो । चीनबाट गाडी आयात गर्दा समस्या भन्सारबाट सुरु हुन्छ । पहिलो समस्या त्यहाँको भण्डारण हो, जहाँ गाडी राख्न पर्याप्त पूर्वाधार छैन । दोस्रो समस्या सडकको हो । ग्राहकले त हामीभन्दा पनि बढी बजारको अवस्था बुझेका हुन्छन् । कर घट्ने वा बढ्ने भन्ने अनुमान हुनासाथ ग्राहकले त्यसअनुसार निर्णय गरेर गाडी अर्डर गर्छन् । बेलाबेलामा हुने सरकारको नीति परिवर्तनले हाम्रा योजनालाई प्रभावित गर्ने गरेको छ ।

अहिले हाम्रो मुख्य समस्या एकीकृत तथ्यांकमा छ । फरक-फरक निकायको फरक-फरक तथ्यांक छ । तथ्यांक एकीकरण गर्न आवश्यक छ । सम्बन्धित निकाय वा मन्त्रालय मिलेर एक पटक गाडीसम्बन्धी राष्ट्रिय गणना गर्नुपर्छ । देशभरि कति गाडी गुड्छन् भनेर वास्तविक तथ्यांक निकाल्नुपर्छ । सरकारले हालै सार्वजनिक गरेको 'राष्ट्रिय यातायात नीति-२०८३' मा ६२ लाख ४९ हजार ७ सय ३२ सवारी दर्ता भएको उल्लेख छ ।

यसमा व्यावसायिक, निजी र मालवाहक सवारीसाधन कति छन्, स्पष्ट छैन । अभिलेखमा निजी कार र भ्यानलाई एउटै वर्गमा राख्दा तथ्यांक सही आउने गरेको छैन । 'भ्यान' वर्गलाई स्पष्ट रूपमा छुट्याइदिनुपर्छ । ९ सिट क्षमतासम्मका भ्यान र मानिस बोक्ने अन्य सवारीलाई छुट्टै वर्गमा राख्नुपर्छ । त्यसो भयो भने कम्तीमा वास्तविक तथ्यांक आउँछ । कुन ब्रान्डका कति सवारीसाधन छन् भन्ने विवरण पनि स्पष्ट हुनुपर्छ । भन्सार विभागले तथ्यांक सार्वजनिक गर्दा पनि यी वर्ग स्पष्ट हुनुपर्छ ।

विद्युतीय सवारीसाधनको प्रयोगसँग सम्बन्धित तालिमलाई अहिले नै एकीकृत गर्न सकिन्छ । सीटीईभीटी, विश्वविद्यालय र अन्य प्राविधिक शिक्षण संस्थाहरूमा विद्युतीय सवारीसाधनसम्बन्धी तालिम समावेश गर्न आवश्यक छ । अहिले युरोपमा विद्युतीय सवारीसाधनको औसत प्रयोग करिब ३५ प्रतिशत पुगेको छ । आगामी दिनमा यसको प्रयोग अझ बढ्दै जानेछ । त्यस बेलासम्म नेपालबाट पनि राम्रो दक्ष जनशक्ति तयार भइसकेको हुनुपर्छ । त्यसैले सम्भव भएसम्म सीटीईभीटी र विश्वविद्यालयमा विद्युतीय सवारीसम्बन्धी तालिम गराउने कुरा समावेश गर्नुपर्छ ।

मौद्रिक नीतिको हकमा नेपाल राष्ट्र बैंकले कुनै निश्चित समयमा मात्रै समीक्षा गर्ने अवस्था छ । आवश्यक परे समयअगावै पनि संशोधन गर्न सकिने व्यवस्था हुनुपर्छ । विद्युतीय सवारीसाधनको मूल्यअनुसारको ऋण अनुपात बढाइदिनुपर्छ । विद्युतीय सवारीसाधनको प्रयोग बढाउन यसले सहयोग गर्छ । अर्को कुरा, उद्योगमा आर्थिक वृद्धि चाहिन्छ । सरकारले सय अर्ब डलरको अर्थतन्त्र बनाउने लक्ष्य राखिएकामा यसका लागि उद्योगहरू चलायमान हुनुपर्छ । एउटा उद्योग चलायमान भएपछि अरू क्षेत्र पनि चलायमान हुन्छन् ।

सवारीसाधन बढेपछि सडकको आवश्यकता बढ्छ । सडक बनेपछि फेरि सवारीसाधनको प्रयोग बढ्छ । त्यसैले यी सबै एकअर्कासँग जोडिए कुरा भए । अहिले नयाँ सरकार, नयाँ जोस र नयाँ लक्ष्यको कुरा भइरहेको छ । त्यसैले सडक पूर्वाधार निर्माणमा विशेष ध्यान दिन जरुरी छ । सार्वजनिक क्षेत्रसँग सम्बन्धित अनुसन्धानका आधारमा हामी सरकारसँग सहकार्य गर्न र अनुसन्धानलाई अझ प्रभावकारी बनाउन सहयोग गर्न चाहन्छौं । उदाहरणका रूपमा जीपीएसमा आधारित प्रणाली प्रयोग गरेर सडकको अवस्था र सवारीसाधनको गति मापन गर्न सकिन्छ । जीएसएममा आधारित जीपीएस प्रणाली प्रयोग गरियो भने सवारीसाधनको गति पत्ता लगाउन सकिन्छ ।

ट्राफिक जाम हुने क्षेत्रमा जाँदा सवारीसाधनको आवागमनसम्बन्धी तथ्यांक पनि लिन सकिन्छ । अर्को कुरा, सवारी सञ्चालन र पूर्वाधार निर्माणमा सरकारको भूमिका के हुने भन्ने स्पष्ट हुनुपर्छ । विद्युतीय सवारीसाधन, सार्वजनिक यातायात, निजी क्षेत्र र सरकारलाई एउटै पारिस्थितिक प्रणालीमा जोडेर अगाडि बढाउन सकियो भने नेपालको गतिशील क्षेत्रलाई अझ व्यवस्थित र दिगो बनाउन सकिन्छ ।

# प्रतिवेदन बुझ्दैन...

एक महिनाको कार्यादेशसहित गृह मन्त्रालयमै बसेर समितिले काम गर्‍यो । सरकारले दिएको समय नपुगेर थप समय लिएर आयोगले काम गर्‍यो । तर गृह मन्त्रालयले नै प्रतिवेदन बुझ्न नमान्दा त्यो अलपत्र छ ।

कार्की आयोगकै यो प्रतिवेदन पनि कार्यान्वयन भएको छैन । सरकारले पहिलो मन्त्रिपरिषद् बैठकबाट १३ चैतमा केपी शर्मा ओली र रमेश लेखकलाई पक्राउ गर्‍यो, त्यसपछि कुनै पनि सिफारिस कार्यान्वयनमा गएको छैन ।

पूर्वकानुनमन्त्री गोविन्द बन्दी नेपालमा आयोगहरू केही मानिसहरूलाई जागिर खुवाउने ठाउँबाहेक केही उपलब्धि हुन नसकेको बताउँछन् । 'विगतमा यही अभ्यास भएका कारण आयोगका प्रतिवेदनहरू न सार्वजनिक भए, न कार्यान्वयन भए,' उनले भने, 'यही कारण यस्ता आयोग र छानबिन समितिहरू किन बनाइन्छ भन्ने बुझ्न जरुरी देखिएको छ ।'

कुनै पनि घटना भयो, राज्यको अनुसन्धानबाट शतप्रतिशत सत्य नआउने भयो वा पीडितलाई चित्त नबुझेको अवस्थामा न्यायिक र गैरन्यायिक आयोग/छानबिन समिति बनाउने अभ्यास हुँदै आएको उनले बताए । 'छानबिन आयोग बनेपछि सत्यतथ्य पत्ता लगाएर भविष्यमा यस्ता घटना दोहोरिँदैन भन्नका लागि आयोग गठन गरिन्छ । यसकै सुझाव र सिफारिसअनुसार कानुन र नीति तथा संस्थाहरू सुधार गर्नुपर्ने हुन्छ,' बन्दीले भने, 'तर विडम्बना, जनताको ध्यान अन्यत्र मोड्न मात्र आयोग गठन र छानबिन गरिन्छ । केही उपलब्धि भएका छैनन् ।'

सरकारको १०० दिने कार्यसूचीको बुँदा ८ मा विभिन्न आयोगका प्रतिवेदनहरू केवल अभिलेखमा सीमित रहने र कार्यान्वयन कमजोर हुने समस्या समाधान गर्न ३० दिनभित्र सम्बन्धित प्रतिवेदनका सिफारिसहरू कार्यान्वयन गर्न आवश्यक कानुनी, प्रशासनिक र अभियोजन प्रक्रिया सुरु गर्ने भनियो । बुँदा ७ मा २४ भदौको घटनामा सत्यतथ्य छानबिनका लागि उच्चस्तरीय छानबिन समिति एक साताभित्र गठन गर्ने भनिएको थियो ।

१३ चैतमा बसेको पहिलो मन्त्रिपरिषद्को बैठकले यो कार्यसूची सार्वजनिक गरेको थियो । तर यस अवधिमा सरकारले त्रिविको जग्गा छानबिन, बालमन्दिरको जग्गा, रावल आयोगको सार्वजनिक जग्गा छानबिनसम्बन्धी प्रतिवेदन भने सरकारले सार्वजनिक गर्‍यो । तर आफू सरकारको नेतृत्वमा आएपछि प्राप्त गरेका प्रतिवेदन भने सरकारले दराजमा थन्क्याएर राखेको छ । सरकारले किन प्रतिवेदन कार्यान्वयन गर्न चासो देखाएन भन्ने प्रश्नमा गृहमन्त्री गुरुङले सरकारले प्राप्त गरेका आयोग र समितिका प्रतिवेदनहरू अध्ययनकै क्रममा रहेको दाबी गरे । कान्तिपुरसँगको कुराकानीका क्रममा उनले सरकारले प्राप्त गरेका प्रतिवेदनहरू सार्वजनिक गरिने बताए ।

सरकारले छानबिनका प्रतिवेदन गोप्य राख्ने घटना यो नयाँ होइन । यसअघिका सरकारहरूले अधिकांश प्रतिवेदन बनाउने अनि गोप्य राख्ने गरेका थिए । सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश भैरव लम्सालको अध्यक्षतामा गठन भएको सम्पत्ति छानबिन आयोग होस् वा २०४६ र २०६२/६३ को दमनका घटनामा छानबिन गर्न गठन भएको मल्लिक आयोग र रायमाझी आयोगको प्रतिवेदन, कुनै पनि सार्वजनिक र कार्यान्वयन भएनन् ।

२०४६ मा पञ्चायती व्यवस्थाविरोधी आन्दोलनमा ४५ जनाको मृत्यु भएको थियो भने ५ सय घाइते भएका थिए । त्यसपछि न्यायाधीश जनार्दन मल्लिकको अध्यक्षतामा समिति गठन भएको थियो । उक्त समितिको प्रतिवेदनमा तत्कालीन समयमा संलग्नहरूलाई कारबाही गर्नु भनेर सिफारिस गरिएको छ । दोस्रो जनआन्दोलन २०६२/६३ मा २६ जनाको मृत्यु र चार हजारभन्दा धेरै घाइते भएपछि तत्कालीन सरकारले २०६३ वैशाखमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजंग रायमाझीको नेतृत्वमा छानबिन समिति गठन गर्‍यो । उक्त आयोगले तत्कालीन समयमा सरकारको नेतृत्व गरेर नागरिक दमनमा संलग्नहरूलाई कारबाहीको सिफारिस गर्‍यो । यो प्रतिवेदन पनि अलपत्र नै छ ।

सरकारहरूले अनियमितता र आन्दोलनहरूमा विभिन्न छानबिन आयोग/समिति गठन गर्ने अनि प्रतिवेदन कार्यान्वयनमा भने चासो नदेखाउने गर्दै आएका छन् । २०७२ मा संविधान जारी गर्ने तयारी गर्दै गर्दा कैलालीको टीकापुरमा हिंसात्मक घटना भयो । ६ असोज २०७३ मा सरकारले सर्वोच्चका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा छानबिन आयोग गठन गर्‍यो । यो आयोगको प्रतिवेदन अहिलेसम्म सार्वजनिक भएको छैन । २३ फागुन २०७३ मा सप्तरीको मलेठमा प्रदर्शनका क्रममा बल प्रयोग हुँदा पाँच जनाको ज्यान गयो ।

१८ फागुन २०७४ मा ३३ किलो सुन तस्करी सार्वजनिक भएलगत्तै ईश्वरराज पौडेलको नेतृत्वमा छानबिन समिति बन्यो । उक्त समितिले प्रतिवेदन पनि बुझायो । त्यसको केही समयपछि ६१ किलो सुन तस्करी सार्वजनिक भयो । सरकारले पूर्वन्यायाधीश डिल्लीराज आचार्यको नेतृत्वमा छानबिन समिति बनायो । उक्त छानबिन समितिले पौडेल नेतृत्वको प्रतिवेदनसमेत हेर्न पाएन । अनियमितता र तस्करी मात्र होइन, प्रशासन र मन्त्रालय सुधारका प्रतिवेदनहरू पनि यस्तै अवस्थामा छन् ।

अर्थशास्त्री अच्युत वाग्ले, पूर्वमुख्य सचिव लीलामणि पौडेल, कानुनविद् काशीराज दाहाल र लक्ष्मण अर्यालको नेतृत्वमा बनेका प्रतिवेदन पनि अलपत्र नै छन् । त्यस्तै सार्वजनिक सम्पत्ति र गुठीका जग्गा छानबिनका प्रतिवेदन पनि उस्तै अवस्थामा छन् । पूर्वन्यायाधीश मोहनरमण भट्टराई नेतृत्वको प्रतिवेदन अहिले पनि सरकारले कार्यान्वयन गरेको छैन ।

समाज कल्याणको अनियमितता छानबिन गर्ने भनी २९ भदौ २०८० मा पूर्वन्यायाधीश बाबुराम रेग्मीको नेतृत्वमा गठन भएको आयोगको प्रतिवेदन पनि हालसम्म कार्यान्वयन भएको छैन । त्यस्तै पूर्वअर्थ सचिव शंकरप्रसाद अधिकारीको नेतृत्वमा बनेको संस्थान सुधारसम्बन्धी प्रतिवेदन पनि हालसम्म सार्वजनिक भएको छैन । विराटनगर जुट मिललगायतका अन्य छानबिन आयोगका प्रतिवेदन पनि सरकारले न सार्वजनिक गर्‍यो न कार्यान्वयन नै गरेको छ ।

वालेन्द्र शाह सरकारले संविधान संशोधन बहसपत्र तयार गर्न प्रधानमन्त्री शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित समितिले काम सकेर ३२ असारमा प्रतिवेदन बुझायो । १६ चैत २०८२ मा मन्त्रिपरिषद् बैठकले कार्यदल गठन गरेको थियो । कार्यदलले २५ चैतदेखि काम थालेको थियो र संविधान संशोधनभन्दा पुनर्लेखनकै शैलीमा सरकारलाई सुझाव दिएको थियो । संविधान संशोधन बहसपत्र तयार पार्ने कार्यदलले २४२ धारा संशोधनको सुझावसहितको प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदनमा प्रतिपक्षसहितका दलले स्वामित्व नलिए पनि सरकारले लामो समय लगाएर सुझाव लिएर प्रतिवेदन तयार गरेकाले सार्वजनिक गरी छलफलमा लैजानुपर्ने थियो । उक्त प्रतिवेदनले संविधान संशोधनका लागि उच्चस्तरीय आयोग बनाउनुपर्ने सुझाव दिएको थियो ।

राजनीतिक दलसहित सरोकारवालासँग छलफल गरेको समितिले आफ्नो संविधान संशोधनको बहसपत्र भने सार्वजनिक नगरी प्रधानमन्त्री कार्यालयमा थन्क्याएर राखेको अवस्थामा छ ।

२३ र २४ भदौमा भएको जेन-जी घटनाका विषयमा छानबिन गर्न सुशीला कार्की नेतृत्वको सरकारले ५ असोज २०८२ मा पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा छानबिन समिति गठन गर्‍यो । समितिले २४ फागुनमा सरकारलाई प्रतिवेदन बुझायो । उक्त प्रतिवेदन कार्यान्वयनको जिम्मेवारी शाह नेतृत्वको सरकारमा आयो । सरकारले पहिलो मन्त्रिपरिषद् बैठकबाट पास गर्दै कार्यान्वयनमा लैजाने निर्णय गर्‍यो । लगत्तै तत्कालीन सरकारका प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई भोलिपल्टै पक्राउ गरियो । त्यसबाहेक जेन-जी घटना छानबिन आयोगको प्रतिवेदन हालसम्म कुनै पनि अन्य विषय कार्यान्वयन भएका छैनन् ।

प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री लेखक, नेपाल प्रहरीका महानिरीक्षक चन्द्रकुबेर खापुङलाई फौजदारी मुद्दा चलाउन सिफारिस गरिएको छ । आयोगले मुलुकी अपराध संहिताको जुन दफा र उपदफा देखाएर उनीहरूविरुद्ध मुद्दा चलाउन सिफारिस गरेको छ, त्यसैअनुसार भयो भने उनीहरूलाई ३ देखि १० वर्षसम्म जेल सजाय हुन सक्छ ।

कार्यकारी प्रमुखका रूपमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन महानिरीक्षक चन्द्रकुबेर खापुङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ को उपदफा १ र सोही संहिताको दफा १८२ अनुसार कसुर हेरेर अनुसन्धान गरी मुद्दा चलाउन आयोगले सिफारिस गरेको थियो । तत्कालीन गृह सचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुतराज थापा र काठमाडौंका सीडीओ छविलाल रिजालविरुद्ध पनि फौजदारी मुद्दा चलाउन सिफारिस गरिएको थियो ।

जेन-जी घटना छानबिन आयोगका प्रतिवेदनमध्ये २३ भदौको घटनामा मात्र वालेन्द्र सरकार केन्द्रित भएको तर २४ भदौको घटनामा केही पनि गर्न चासो नदेखाएको आरोप पनि सरकारलाई छ । जेन-जी घटना जाँचबुझ आयोगका अध्यक्ष कार्कीले प्रतिवेदन कार्यान्वयन किन भएन भन्नेमा आफूले भन्दा पनि सरकारले टिप्पणी गर्नुपर्ने बताए । उनले आफूहरूले मिहिनेत गरेर फेला परेका कुरा र भविष्यमा हुन सक्ने कुरा राखेर प्रतिवेदन दिएको तर किन सार्वजनिक गरिएन, थाहा नभएको बताए । 'विगतमा सहकारी र चिकित्सा शिक्षासम्बन्धी प्रतिवेदनमा भएका कुरा कार्यान्वयन नहुँदा अहिले पनि समस्या दोहोरिएर आएको छ,' उनले भने, 'यो प्रतिवेदनमा पनि धेरै कुरा भएकाले कार्यान्वयन गर्नु राम्रो हो ।'

विगतमा पनि यस्तै भएको भन्दै उनले तत्कालीन समयमा दिएका सुझावहरू सोही समयमा कार्यान्वयन हुनु राम्रो हुने उनले बताए । मिटरब्याजसम्बन्धी आयोगमा पनि आफूले काम गरेर प्रतिवेदन दिएको तर त्यो कार्यान्वयन नहुँदा केही दिन अघि काठमाडौंमा पीडितहरू आउन बाध्य भएको उल्लेख गर्दै कार्कीले यस्ता कुराबाट सरकारले पाठ सिक्नुपर्ने बताए ।

२४ भदौको घटनाका विषयमा हेरेन भन्ने आरोप आफूहरूलाई लागेको तर २४ भदौको घटनामा फोटोकै आधारमा दोषी भन्न नमिल्ने निष्कर्षपछि प्रहरीले यसमा अनुसन्धान गर्नुपर्छ भनेर सिफारिस गरेको उनले बताए । जेन-जी आन्दोलनबारे गठित आयोगले २४ भदौको घटनामा छुट्टै आयोग गठन गरेर अध्ययन गर्ने सुझाव दिए पनि प्रक्रिया नै किन अघि बढेन भनेर सोधिएको प्रश्नमा सरकारका प्रवक्ता सस्मित पोखरेलले २४ भदौको घटनालाई लिएर राजनीतिक दलहरूसँग परामर्श गरेर प्रशासनिक तहबाट पूर्णता दिन बाँकी रहेको प्रतिक्रिया दिए ।

त्यस्तै जेन-जी घटनासँगै जोडिएको अर्को प्रतिवेदन पनि प्रधानमन्त्री कार्यालयमा छ । राष्ट्रिय मानवअधिकार आयोगले तयार पारेको प्रतिवेदनको सिफारिस खण्ड सरकारले न त मन्त्रिपरिषद्मा लगेर अनुमोदन गरेको छ, न त्यसबारेमा पुनः छानबिन गर्ने जाँगर देखाएको छ । आयोगकी सदस्य लिली थापाको नेतृत्वमा गठन गरेको समितिले २३ र २४ भदौ दुवै दिनको घटनाबारे सिफारिस गरेको थियो ।

आयोगले ओली (तत्कालीन प्रधानमन्त्री) लाई घटनाको मुख्य जिम्मेवार ठहर्‍याउँदै कानुनी प्रक्रिया अघि बढाउन सिफारिस गरेको थियो । तत्कालीन गृहमन्त्री लेखक र तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङलाई पनि मुख्य जिम्मेवार ठहर गरेको थियो । तत्कालीन उपत्यका प्रहरी प्रमुख (हाल महानिरीक्षक) दानबहादुर कार्की र सशस्त्रका तत्कालीन अतिरिक्त महानिरीक्षक (हाल महानिरीक्षक) नारायणदत्त पौडेलमाथि विभागीय कारबाही गर्न सिफारिस गरिएको थियो । नकारात्मक सूचीमा राख्नु भनी पूर्वप्रहरी प्रमुख चन्द्रकुबेर खापुङ, सशस्त्रका पूर्वप्रमुख राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख हुतराज थापालाई भविष्यमा कुनै पनि सरकारी वा सार्वजनिक पदमा नियुक्ति वा मनोनयन नगर्ने गरी 'नकारात्मक सूची' मा राख्न भनिएको थियो । काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई पनि जिम्मेवार ठहर्‍याउँदै कारबाहीको दायरामा ल्याउन सिफारिस गरिएको छ ।

जेन-जी घटना छानबिन आयोगका अध्यक्ष गौरीबहादुर कार्की, पूर्वप्रधानमन्त्री सुशीला कार्की, रास्वपा सभापति रवि लामिछानेसहित रास्वपाका सांसदलाई पनि अनुसन्धानको दायरामा ल्याउने विषयमा आयोगले सिफारिस गरेको थियो ।

जेन-जी घटनाका विषयमा कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णयसँगै शाह नेतृत्वको मन्त्रिपरिषद्को पहिलो बैठकले सुरक्षाकर्मीको हकमा अलग्गै छानबिन समिति बनाउने निर्णय गरेको थियो । उक्त निर्णयअनुसार सरकारले पूर्वन्यायाधीश प्रेमराज कार्कीको नेतृत्वमा समिति गठन गरेको थियो । उक्त समितिका पदाधिकारीले २५ असारमै गृहमन्त्री गुरुङलाई भेटेर प्रतिवेदन बुझाउन खोजेका थिए । तर उनले प्रधानमन्त्री शाहसमक्ष बुझाउनू भन्ने जवाफ दिए । त्यसपछि प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाउन खोज्दा समितिले समय नै पाएको छैन ।

समिति संयोजक कार्कीसहितको टोली प्रतिवेदन बुझाउन गृह मन्त्रालय पुगेको थियो । त्यसपछि गृह सचिवसहित मन्त्रालयका उच्च अधिकारीहरू बसेर छलफल भएको थियो । त्यस क्रममा गृहमन्त्री गुरुङले तत्काल आफूले प्रतिवेदन नबुझ्ने बरु प्रधानमन्त्रीसँग थप कुरा गर्ने बताएका थिए ।

बिहीबार मात्र समितिका पदाधिकारीहरूले प्रधानमन्त्री कार्यालय पुगेर मुख्य सचिव गोविन्दबहादुर कार्कीलाई भेटेका थिए । मुख्य सचिवले केही दिनमा प्रतिवेदन बुझ्ने वातावरण बनाउने आश्वासन दिएपछि आफूहरू फर्केको समितिका एक सदस्यले बताए ।

त्यस्तै त्रिपुरेश्वरमा आत्मदाह गरेका गणेश नेपालीको मृत्यु प्रकरणमा छानबिन गर्न बनेको समितिले पनि सरकारलाई प्रतिवेदन बुझाइसकेको छ । पूर्वन्यायाधीश केशवप्रसाद बाँस्तोलाको नेतृत्वमा बनेको समितिले १८ साउनमा उक्त प्रतिवेदन सरकारलाई बुझाएको थियो । प्रतिवेदन बुझाएको एक साता बिते पनि सरकारले मन्त्रिपरिषद्मा पेस गर्ने अनि सार्वजनिक गर्ने प्रक्रिया अघि बढाएको छैन ।

६ साउनमा बसेको मन्त्रिपरिषद् बैठकले उच्च अदालतका पूर्वन्यायाधीश बाँस्तोलाको अध्यक्षतामा छानबिन समिति गठन गरेको थियो ।

२५ असारमा त्रिपुरेश्वरस्थित राहदानी विभाग अगाडि पेट्रोल छर्केर आत्मदाहको प्रयास गरेका नेपालीको उपचारका क्रममा मृत्यु भएको थियो । मोटरसाइकल पार्किङका विषयमा काठमाडौं महानगरपालिकाका नगर प्रहरीले जरिवाना गरेपछि भएको विवादमा उनले आफ्नै मोटरसाइकलबाट पेट्रोल निकालेर आत्मदाहको प्रयास गरेका थिए । उपचारकै क्रममा उनको मृत्यु भएको थियो ।

यसपछि नगर प्रहरीकै कारण उनले आत्मदाहको प्रयास गरेको भन्दै परिवारले शव उठाउन नमानेपछि सरकारले पीडित परिवारका माग सम्बोधन गर्ने सहमति गरेर समिति गठन गरेको थियो । यीबाहेक १२ कक्षाको परीक्षामा भएको त्रुटिसम्बन्धी छानबिन आयोगको प्रतिवेदन र सप्तरी घटनाको छानबिन प्रतिवेदन पनि सार्वजनिक भएको छैन । शाह नेतृत्वको सरकारले गठन गरेको सम्पत्ति छानबिन आयोग भने सर्वोच्चको अन्तरिम आदेशका कारण खुम्चिएर आयोगमा पेस भएका सम्पत्ति विवरणको पोको खोलेर बसेको छ ।

# प्रहरीमार्फत अनुसन्धान अघि...

गृह प्रवक्ता आनन्द काफ्लेले पुरानो प्रतिवेदनको अध्ययन र उपलब्ध तथ्य, प्रमाण संकलन गरेपछि कसरी अघि बढ्ने भन्नेमा निर्णय हुने बताए । 'कुन मोडालिटीमा जान्छ भन्ने विषय अध्ययनमै छ,' उनले थपे ।

नेपाल प्रहरीका प्रवक्ता अभिनारायण काफ्लेले दरबार हत्याकाण्डको अनुसन्धानसँग सम्बन्धित विषयमा हालसम्म प्रहरी प्रधान कार्यालयलाई कुनै जानकारी नभएको बताए । 'हामीकहाँ केही आएको छैन, गृह मन्त्रालयतिरै बुझ्नुपर्ला,' उनले कान्तिपुरसँग भने । जघन्य प्रकृतिको अपराध अनुसन्धान गर्ने विशिष्टीकृत निकाय केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र उपत्यका अपराध अनुसन्धान कार्यालयका अधिकारीहरूले पनि त्यससम्बन्धी अनुसन्धान हालसम्म सुरु नभएको बताएका छन् ।

मन्त्रालय उच्च स्रोतबाट प्राप्त जानकारीअनुसार, दरबार हत्याकाण्डको अनुसन्धानमा तीन प्रमुख समस्या रहेको ब्रिफिङ प्रहरी नेतृत्वबाट पहिल्यै भइसकेको छ । 'मन्त्रीज्यूले निर्णय गरेपछि सुरक्षा प्रमुखसँग भएको भेटका क्रममा प्रहरीबाट घटनास्थल मुचुल्का र पोस्टमार्टम रिपोर्ट नभएकाले अनुसन्धानमा जटिलता रहेको ब्रिफिङ भएको थियो,' मन्त्रालयका एक अधिकारीले भने, 'यस्तै कुन हतियार प्रयोग भयो भन्ने सन्दर्भमा ब्यालेस्टिक जाँच नभएकाले समेत अनुसन्धान गर्न गाह्रो छ ।'

कान्तिपुरले कुराकानी गरेका अनुसन्धान अधिकृतहरूले समेत त्यसबेला घटनामा प्रयोग भएको हतियार र गोलीको प्रकार, शरीरमा लागेका घाउचोट के कस्ता थिए र स्वाभाविक थिए कि थिएनन् भन्नेमा प्रमाण नभएकाले छानबिन गर्न कठिनाइ हुने बताएका छन् । 'प्रहरीले गर्ने अनुसन्धान भनेको अभियोजन गर्ने उद्देश्यले हुने हो, अदालतमा मुद्दा चल्ने विषयलाई तथ्य र प्रमाणले के देखाउँछ भन्ने महत्त्वपूर्ण हुन्छ,' प्रहरीको ब्रिफिङबारे ती अधिकारीले थप प्रस्ट पारे, 'अहिलेसम्मको प्रमाणबाट कुनै निष्कर्ष निकाल्न सकिने अवस्था देखिँदैन, प्रहरीमार्फत यसको अनुसन्धान जटिल विषय हो ।'

दरबार हत्याकाण्डपछि घटनास्थलको तस्बिर खिच्न खटाइएका पूर्वप्रहरी उपरीक्षक (एसपी) शेरबहादुर कार्की आफू पाँचौं दिनपछि मात्र पुग्न पाएको स्मरण गर्दै प्राविधिक पक्षबाट अनुसन्धान गर्न कठिनाइ भएको बताउँछन् । 'फोटोका आधारमा अहिले सहयोग पुग्छ जस्तो लाग्दैन, धेरै कुरा परिकल्पना गर्नुपर्ने स्थिति छ,' उनले कान्तिपुरसँग भने, 'बरु अहिले पनि कतिपय प्रत्यक्षदर्शी जीवितै हुनुहुन्छ, उहाँहरूको बयानका आधारमा केही निस्किन सक्छ ।'

पुरानो संरचना यथावत् रहेको भए नयाँ अनुसन्धान अधिकृतहरूलाई तस्बिर हेरेर केही भेउ पाउन सहज हुने सम्भावना रहन्थ्यो, तर ती संरचना नभएकाले अहिले थुप्रै कठिनाइ हुन सक्ने कार्कीको भनाइ छ ।

प्रहरी र गृहमन्त्रीबीच भएको संवादबारे जानकार एक प्रहरी उच्च अधिकृतले दरबार हत्याकाण्ड अनुसन्धानका लागि एउटा प्रमुख आधार भनेको त्यसबेलाको प्रतिवेदन मात्र भएको उल्लेख गर्दै भने, 'त्यो प्रतिवेदन तयार गर्ने व्यक्तिहरूले कुनै दबाब वा प्रभावमा परेर प्रतिवेदन दिएका थिए कि वस्तुनिष्ठ रूपमा दिएका थिए, त्यसमा थप बुझ्न सकिन्छ । उनीहरूले नयाँ तथ्य प्रस्तुत गरे भने एउटा कुरा होला, अन्यथा अनुसन्धान धेरै अगाडि बढ्ने आधार देखिँदैन ।'

२२ जेठ २०५८ मा तत्कालीन राजा ज्ञानेन्द्रले दरबारमा भएको घटनाको अनुसन्धानका लागि तीन सदस्यीय समिति गठन गरेका थिए । तर, प्रतिपक्षी दलका नेता नेपालले समितिको सदस्यबाट राजीनामा दिएका थिए । 'समिति बनाउने कुरा हुँदा हामी वीरेन्द्र सैनिक अस्पताल छाउनीमै थियौं,' राष्ट्रिय अनुसन्धान विभाग (राअवि) का तत्कालीन प्रमुख देवीराम शर्मा सम्झन्छन्, 'सुरुमा प्रतिपक्षी दलका नेता नेपालले नै आफूलाई समितिमा राख्न भन्नुभएको थियो, पछि के कारणले हो, उहाँले समितिमा बस्न अस्वीकार गर्नुभयो ।'

त्यसपछि दुई सदस्यीय टोलीले प्रतिवेदन तत्कालीन युवराजाधिराज दीपेन्द्रले गोली प्रहार गरेर नरसंहार मच्चाएको संकेतसहितको प्रतिवेदन बुझाएको थियो । दरबारमा त्यसबेला उपस्थित राजपरिवारका अधिकांशको बयानमा समेत दीपेन्द्रले गोली चलाएको भनिएको छ ।

प्रतिवेदनमा उल्लेख भएअनुसार, १९ जेठ २०५८ मा नारायणहिटी राजदरबारको त्रिभुवन सदनमा आयोजित रात्रिभोजमा राजपरिवार सदस्यसहित नातेदारसमेत गरी कम्तीमा २४ जनाको उपस्थिति थियो । युवराज दीपेन्द्रले बेलुकी साढे ७ बजे त्रिभुवन सदनको विलियार्ड कोठामा केही समय एक्लै विलियार्ड खेलेको र पानी नराखी ह्वीस्की पिएको बयानमा उद्धृत गरिएको छ ।

'राजा वीरेन्द्र सदनमा आउनु पहिल्यै तत्कालीन युवराज दीपेन्द्रले आफ्नो शरीर थाम्न नसकेको जस्तो लागेर अधिराजकुमार नीराजन, शाहज्यादा पारस, कुमार गोरख र डा. राजीवसमेतले खोपीमा लगेको खुलेको छ,' प्रतिवेदनमा भनिएको छ, 'उहाँ कोठामै रहेका बेला राति ८:१९ बजे आफ्ना पार्श्ववर्ती गजेन्द्र बोहरालाई चुरोट ल्याउन मोबाइल फोनबाट हुकुम भएको र शाही अर्दली रामकृष्ण केसीलाई आदेश गरेअनुसार निजले विशेष प्रकारको शिखर चुरोटमा गाँजा र अर्को नाम नखुलेको कालो पदार्थ मिसाई तयार गरिएको चुरोट विलियार्ड कोठाको पूर्वढोकामा गएर शाहज्यादा पारसमार्फत जिम्मा दिई आएको रामकृष्णबाट जानकारी पाइयो ।'

छानबिनका क्रममा आयोगले नेपाल दूरसञ्चार संस्थाबाट समेत विवरण मगाएको थियो । त्यसक्रममा युवराज दीपेन्द्रको देवयानी राणासँग समेत तीन पटक संवाद भएको देखिएको थियो । भारतमा उपचारका क्रममा रहेकी राणाले दीपेन्द्रको स्वर लरबराइ रहेको भन्दै खोपीमा गएर उनलाई हेर्न पार्श्ववर्ती गजेन्द्र बोहरा र राजु कार्कीलाई भनेको बयान दिएकी थिइन् ।

राणासँग कुरा गरिसकेपछि दीपेन्द्र सैनिक कम्ब्याट पोसाक लगाएर हातहतियार लिएर खोपीबाट बाहिर निस्किएको अर्दली रामकृष्णले भनेका छन् । उनले त्यसबेला 'इमर्जेन्सी ब्याग टक्र्याउँ' भन्दा दीपेन्द्रले 'अहिले पर्दैन' भनेको प्रतिवेदनमा उल्लेख छ । त्यसपछि दुईतर्फ राइफल र १२ बोरको बन्दुक बोकेर उनी विलियार्ड कोठातर्फ प्रवेश गरेको भनिएको छ ।

'कालो रङको बन्दुकबाट कोठाको सिलिङ र पश्चिम भित्तातर्फ फायरिङ गरेपछि तत्काल अरूसँग कुरा गरिबक्सेको अवस्थामा महाराजाधिराजलाई भटटट फायर गरी पछाडि सर्दै विलियार्ड कोठा बाहिर निस्की कोठाको पूर्वतर्फ भित्री बगैंचाको छेउकै उत्तरतर्फ झ्याङनजिक बन्दुक फ्याँक्नुभएको थियो,' प्रतिवेदनमा भनिएको छ, 'त्यसपछि फेरि विलियार्ड कोठामा प्रवेश गरेर बत्ती र टेलिस्कोपसहितको राइफल सोझ्याउँदै आएर भटटट पार्दै पुनः श्री ५ महाराजाधिराज एवं गुमार गोरखशमशेर राणा, धीरेन्द्र शाह र कुमार खड्गविक्रम शाहसमेतलाई फायरिङ गरी पछाडि सर्दै ढोकामा पुगेर पुनः तेस्रो पटक अधिराजकुमारी श्रुति राज्यलक्ष्मी, अधिराजकुमारी शारदा, शान्ति राज्यलक्ष्मी, शाहज्यादी जयन्ती शाहलगायतलाई लाग्ने गरी जथाभावी फायरिङ गरी बाहिर पछाडि सर्दै गइबक्सेको ।'

घटनास्थलमा उपस्थित अधिराजकुमारी शोभा, शाहज्यादा पारस, कुमार गोरख, केतकी चेष्टर, रविशमशेर, डा. राजीव शाह, महेश्वरकुमार सिंहसमेतको बयानलाई उल्लेख गर्दै आयोगले प्रतिवेदन बुझाएको थियो ।

# सरकार-रवीन्द्र मेहता परिवारबीच सहमति

काठमाडौं (कास)– सुनसरीको कप्तानगन्जमा १० साउनमा भएको घटनामा ज्यान गुमाएका रवीन्द्रकुमार मेहताको परिवार र सरकारबीच सातबुँदे सहमति भएको छ ।

मेहताका अभिभावक र गृहमन्त्री सुधन गुरुङबीच सोमबार भएको सहमतिअनुसार मेहतालाई सहिद घोषणा गर्ने प्रक्रिया तत्काल अघि बढाइने छ । यस्तै १० साउन राति देवानगन्ज-३, कप्तानगन्ज भएको घटनाको निष्पक्ष र प्रभावकारी छानबिन गरी दोषीउपर प्रचलित कानुनबमोजिम आवश्यक कारबाही तत्कालअघि बढाउने उल्लेख छ । देवानगन्ज-३ स्थित मदरसाको कानुनी हैसियत तथा सम्बन्धित विषयमा आवश्यक छानबिन तत्काल प्रारम्भ गर्ने सहमति पनि भएको छ ।

सहमतिपत्रमा सरकारले मृतकका परिवारका एक योग्य सदस्यलाई रोजगारी उपलब्ध गराउन आवश्यक पहल गर्ने भएको छ । घटनाको अध्ययनका गृह मन्त्रालयले गठन गरेको छानबिन समितिले पेस गर्ने प्रतिवेदनका सुझाव तथा सिफारिस प्रचलित कानुनबमोजिम कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अघि बढाउने सहमतिमा उल्लेख छ ।


## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८३/०४/२६ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले **विराटनगर** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, ब्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०७२/१२/११ गते **पूर्वाञ्चल दैनिक पत्रिकामा** कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ती यस बैंक आफैले गैह्र बैकिङ्ग सम्पत्तीको रुपमा सकार गरी लिने व्यहोरा समेत सम्बन्धीत सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धीत ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : सौम्य बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : विराटनगर ११, मोरङ ।** **दर्ता नं:- १०५४/६१०(०६९/०७०)**

**कर्जा उपभोग गर्दाको संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : विमल नेपाल (अध्यक्ष जमानीकर्ता)**<br>बाबु : विष्णुप्रसाद नेपाल<br>बाजे : गणेश प्रसाद नेपाल<br>ना प्र नं. : ८६३५९<br>ठेगाना : विराटनगर ११, मोरङ्ग | **२) नाम : उमेश भण्डारी (कोषाध्यक्ष, जमानीकर्ता)**<br>बाबु : गोविन्द प्रसाद भण्डारी<br>बाजे : गणेश प्रसाद उपाध्य<br>ना.प्र.नं :४४८७५<br>ठेगाना : विराटनगर -११, मोरङ्ग |
| **३) नाम : राम काजी थापा (उपाध्यक्ष जमानीकर्ता)**<br>बाबु : कृष्ण कुमार थापा<br>बाजे : नबाफ सिंह थापा<br>ना.प्र.नं :२९२/०५१५५२<br>ठेगाना : पोखरे-२, बखखढङ्गा | **४) नाम : राम बहादुर बस्नेत (सह-सचिव, जमानीकर्ता)**<br>बाबु : लाल बहादुर बस्नेत<br>बाजे : काजीमान सिंह बस्नेत<br>ना.प्र.नं : ०५-०१-६९-०३१८०<br>ठेगाना: विराटनगर ११, मोरङ्ग |
| **५) नाम : राज कुमार श्रेष्ठ (सचिव जमानीकर्ता)**<br>बाबु : गणेश कमार श्रेष्ठ<br>बाजे : आसामान श्रेष्ठ<br>ना.प्र.नं : ५५६४<br>ठेगाना :विराटनगर १०, मोरङ्ग | **६) नाम : शकुन्तला श्रेष्ठ (संचालक जमानीकर्ता)**<br>बाबु : हरि प्रसाद श्रेष्ठ<br>बाजे : खडगमान श्रेष्ठ<br>ना.प्र.नं :६१७१/३११९<br>ठेगाना : ईलाम-१, ईलाम |
| **७) नाम : माधव सुवेदी (संचालक जमानीकर्ता)**<br>बाबु : राम प्रसाद सुवेदी<br>बाजे : श्रीलाल सुवेदी<br>ना.प्र.नं :४७३<br>ठेगाना : विराटनगर १३, मोरङ्ग | **८) नाम : श्याम कुमार राई (संचालक जमानीकर्ता)**<br>बाबु : धनजङ्ग राई<br>बाजे : दुर्गा राज राई<br>ना.प्र.नं : १४४३३-६२०<br>ठेगाना : सिजुवा-९, मोरङ्ग |
| **९) नाम : बाबुराम गिरी (संचालक जमानीकर्ता)**<br>बाबु : कृष्ण प्रसाद गिरी<br>बाजे : पुष्पलाल गिरी<br>ना.प्र.नं :२६६७<br>ठेगाना : विराटनगर ०८, मोरङ्ग | **१०) नाम : रोजिना पोखरेल (व्यवस्थापक, जमानीकर्ता)**<br>बाबु : केदार लाल पोखरेल<br>बाजे :<br>ना.प्र.नं : ८७५७४<br>ठेगाना : विराटनगर-१, मोरङ्ग |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री नइम मिया को छोरी श्री मो. रोशन आलम को श्रीमती मोरङ जिल्ला विराटनगर २१ मोरङ्ग बस्ने श्री **हुसनारा खातुनको** नाममा भूमि प्रशासन कार्यालय विराटनगर,मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला बुधनगर न.पा/गा.वि.स. वडा नं. ०३, को कित्ता नं. ५१५ को क्षेत्रफल १२६६.५७ ब.मि र घर/जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री नइम मिया को छोरी श्री मो. रोशन आलम को श्रीमती मोरङ जिल्ला विराटनगर २१ मोरङ्ग बस्ने श्री **हुसनारा खातुनको** नाममा भूमि प्रशासन कार्यालय रंङ्गेली, मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला सोराभाग न.पा/गा.वि.स. वडा नं. ०१, को कित्ता नं. ५९५ को क्षेत्रफल २५७३ ब.मि घर/जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३. श्री दुर्गा राज राई को नाती श्री धन जंग राईको छोरा मोरङ जिल्ला सिजुवा ९ बस्ने श्री **श्याम कुमार राईको** नाममा भूमि प्रशासन कार्यालय रंगेली,मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला सिजुवा न.पा/गा.वि.स. वडा नं. ०८, को कित्ता नं. ३१८ र कित्ता नं ३१४ को क्रमश क्षेत्रफल ०-५-१० र ०-५-० घर/जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय सिमराबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको **खाता नं. ००१०००१४८६६०००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै विराटनगर शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय विराटनगरमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि, ऋणी र धितोधनीहरुको रोहवरमा खोलिने छ । उक्त समयमा सम्बन्धीत ऋणी तथा धितोधनीलाई समेत उपस्थीतीको लागि जानकारी गराईन्छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति, नीजको प्रतिनिधि, ऋणी तथा धितोधनी बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) सुरक्षणमा रहेको धितोहरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।

(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web.: www.ncbl.coop

# सन्दीप पुनः राष्ट्रिय क्रिकेट टोलीको कप्तान

## सन्दीप लामिछानेले सन् २०२२ को अगस्ट ३० मा पछिल्लो पटक नेपाली राष्ट्रिय क्रिकेट टोलीको कप्तानी गरेका थिए

**विनोद पाण्डे** (काठमाडौं)

सन्दीप लामिछाने पुनः नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीको कप्तान बनेका छन् । नेपाल क्रिकेट संघ (क्यान) ले सोमबार रोहित पौडेललाई हटाएर सन्दीपलाई एकदिवसीय टोलीको कप्तान बनाएको छ ।

सन्दीप सन् २०२२ पछि पुनः राष्ट्रिय टोलीका कप्तान बनेका हुन् । उनले २०२२ को अगस्ट ३० मा पछिल्लो पटक नेपालको कप्तानी गरेका थिए । केन्या भ्रमणमा केन्यासँग ५ ट्वान्टी-२० अन्तर्राष्ट्रियमा नेपालको कप्तानी गरेपछि उनी क्यारेबियन प्रिमियर लिग खेल्न वेस्ट इन्डिज लागेका थिए ।

तर केन्याबाट वेस्ट इन्डिज नपुग्दै सन्दीपमाथि एक महिलाले बलात्कारको आरोप लगाएपछि क्यानले उनलाई कप्तानबाट हटाएको थियो । त्यसपछि रोहितले ट्वान्टी-२० र एकदिवसीयमा नेपालको कप्तानी गर्दै आएका थिए । फेब्रुअरीमा भारतमा सम्पन्न ट्वान्टी-२० विश्वकपपछि रोहितको स्थानमा दीपेन्द्रसिंह ऐरीलाई नेपालको ट्वान्टी-२० कप्तान बनाइएको थियो । त्यसयता क्यानले दीपेन्द्रलाई नै आधिकारिक रूपमा एकदिवसीयको उपकप्तान बनाएको थियो ।

लामो समयदेखि उपकप्तानको जिम्मेवारी कसैलाई दिइएको थिएन । तर दीपेन्द्र उपकप्तान भएको अवस्थामा क्यानले अहिले सन्दीपलाई कप्तानी जिम्मेवारी दिने निर्णय गरेको हो । सन्दीप नेपालबाट एकदिवसीय अन्तर्राष्ट्रियमा सर्वाधिक विकेट लिने खेलाडी हुन् । उनले ७७ खेलमा १ सय ५४ विकेट लिएका छन् । तर हालै नेदरल्यान्ड्स भ्रमणमा विश्वकप लिग २ को सुरुका तीन खेलमा कुनै विकेट लिन नसकेपछि उनलाई नेदरल्यान्ड्सविरुद्धको अन्तिम खेलमा 'ड्रप' गरिएको थियो ।

दीपेन्द्र ट्वान्टी-२० को कप्तानमा यथावत् रहनेछन् भने सन्दीपले एकदिवसीयमा नेपालको नेतृत्व सम्हाल्ने छन् । सन्दीप चार वर्षअघि पहिलो पटक कप्तान बनेका थिए ।



उनको कप्तानीमा नेपालले १४ एकदिवसीय अन्तर्राष्ट्रिय खेलमा ४ खेलमात्र जितेको थियो । ९ खेलमा पराजित हुँदा एक खेल 'टाइ' भएको थियो ।

दुई पटक नेपाली टोलीको नेतृत्व गर्ने सन्दीप पहिलो खेलाडी हुनेछन् । सन्दीपको कप्तानीमा नेपालले सेप्टेम्बर १ बाट मलेसियामा हुने एसीसी प्रिमियर कप खेल्ने छ, जुन एसिया कपको छनोट आधार पनि हो । तर क्यानले प्रिमियर कपमा नेपाली टोलीको उपकप्तानको जिम्मेवारी कसैलाई तोकेको छैन ।

रोहितले केन्या भ्रमणमै ५० ओभरको तीन खेल शृंखलामा पहिलो पटक कप्तानी गरेका थिए । तर, त्यो एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता थिएन । २३ वर्षे रोहित नेपालका सर्वाधिक सफल कप्तान हुन् । उनको नेतृत्वमा नेपालले ६३ खेलमा ३१ मा जित हात पारेको थियो भने ३० मा पराजय भोगेको छ । दुई खेल रद्ध भएको थियो । साथै उनले नेपालबाट एकदिवसीयमा सर्वाधिक २ हजार ३ सय १३ रन बनाएका छन् ।

रोहितको कप्तानीमा नेपाल सन् २०२३ मा क्रिकेट विश्वकप लिग २ को अन्तिम १२ मध्ये ११ खेलमा जित हात पार्दै सोझै विश्वकप छनोटमा पुगेको थियो । यही दौरान नेपालले घरेलु भूमिमा आयोजित एसिया कप छनोट प्रतियोगिता जितेको थियो र पहिलो पटक एसिया कप खेलेको थियो । रोहितको कप्तानीमा नेपालले एसिया कपमा पाकिस्तान र भारतसँग प्रतिस्पर्धा गरेको थियो । नेपालले खेलेका तीनमध्ये दुई ट्वान्टी-२० विश्वकप पनि रोहितकै कप्तानीमा थियो ।

तर। पछिल्लो समय नेपालले विशेष गरी एकदिवसीय संरचनामा निकै कमजोर प्रदर्शन गर्दै आएको छ । हालै मात्र नेदरल्यान्ड्स भ्रमणमा नेपाल लिग २ मा डच र नामिबियाविरुद्धको २-२ खेल गरी चार खेलमा पराजित भयो । नेपालले लिग २ मा सबै खेलमा हार बेहोरेको दोस्रो पटक थियो । दुवै हार विदेशी भूमिमा रह्यो । यसअघि गत वर्ष यूएईमा पनि नेपालले यूएई र अमेरिकासँग लिग २ का सबै चार खेलमा पराजय बेहोरेको थियो ।

विदेशी भूमिमा नेपालले एकदिवसीय विश्वकप र मान्यताका आधार रहेको लिग २ मा लगातार आठौं हार बेहोरिसकेको छ । विदेशी भूमिमा खेलिएको लिग २ का २० खेलमा नेपालले १४ खेलमा पराजय भोगिसकेको छ । सन् २०२४ को क्यानडा भ्रमणमा खेलिएको लिग २ मा पनि नेपालले कुनै खेल जित्न सकेको थिएन । त्यसमा तीन हार बेहोरेको थियो भने एक खेल वर्षाका कारण रद्ध भएको थियो । आठ राष्ट्र सहभागी लिग २ अंक तालिकामा नेपाल ३२ खेलपछि ११ जित र १९ हारसँगै सातौं स्थानमा छ । नेपाल एकदिवसीय अन्तर्राष्ट्रिय मान्यताका लागि संघर्ष गरिरहेको छ ।

### टोलीमा ठूलो परिवर्तन

नेपालले सेप्टेम्बर १ बाट मलेसियामा हुने एसीसी प्रिमियर कपका लागि टोलीमा ठूलो परिवर्तन गरेको छ । एसिया कपको छनोटको आधार रहेको प्रिमियर कपका लागि क्यानले सोमबार चयन गरेको १४ सदस्यीय नेपाली टोलीमा पछिल्लो भ्रमणमा गएका ६ खेलाडीले टोलीबाट स्थान गुमाएका छन् ।

सन्दीप लामिछानेको कप्तानीमा छनोट १४ सदस्यीय टोलीमा आसिफ शेख, अर्जुन कुमाल, रोहित पौडेल, देव खनाल, दीपेन्द्रसिंह ऐरी, बसिर अहमद, इशान पाण्डे, गुलशन झा, शेर मल्ल, ललित राजवंशी, करण केसी, हेमन्त धामी, सन्दीप जोरा परेका छन् ।

नेदरल्यान्ड्स भ्रमण गएको १६ सदस्यीय टोलीबाट कुशल भुर्तेल, भीम सार्की, आरिफ शेख, विनोद भण्डारी, सोमपाल कामी, नन्दन यादवलाई प्रिमियर कपमा राखिएको छैन । देव, बसिर, शेर, जोराले राष्ट्रिय टोलीमा पुनरागमन गरेका हुन् ।

प्रिमियर कपमा नेपालले समूह चरणमा बहराइन, मलेसिया, साउदी अरेबिया र हङकङको सामना गर्नेछ । अर्को समूहमा यूएई, ओमान, कतार, कुवेत, सिंगापुर रहेका छन् ।



सन्दीप लामिछाने र रोहित पौडेल ।

फाइल तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

## भुर्तेल नेपाल 'ए' टिममा



नेपाली राष्ट्रिय टोलीबाट हटाइएका कुशल भुर्तेललाई समावेश गर्दै अस्ट्रेलियाको डार्बिनमा हुने टप एन्ड टी-२० प्रतियोगिताका लागि १५ सदस्यीय नेपाल 'ए' टोली घोषणा गरेको छ । कमजोर फर्मका कारण भुर्तेललाई सोमबारमात्र नेपाली राष्ट्रिय टोलीबाट हटाइएको थियो ।

अनिल साहको कप्तानीमा रहेको नेपाल 'ए' टोलीमा भुर्तेलसहित तृतराज दास, मयन यादव, पवन सर्राफ, दीपक डुम्रे, कुशल मल्ल, लोकेश बम, रशिद खान, नारायण जोशी, आकाश चन्द, शाहब आलम, विपिन खत्री, युवराज खत्री, रिजन ढकाल छनोट भएका छन् ।

क्यानले जनाएनुसार टप एन्ड टी-२० पछि नेपालले साउथ अस्ट्रेलिया, तास्मानिया र न्युजिल्यान्ड 'ए' विरुद्ध मैत्रीपूर्ण शृंखला खेल्ने छ ।

## लुम्बिनी लायन्स र द नेक्स्टको सहकार्य




काठमाडौं- नेपाल प्रिमियर लिग (एनपीएल) च्याम्पियन लुम्बिनी लायन्सले एजुकेसन कन्सलटेन्सी पार्टनरमा द नेक्स्ट कन्सलटेन्सीसँगको सहकार्यलाई निरन्तरता दिएको छ । एनपीएलको तेस्रो सिजनमा द नेक्स्टको लोगो लायन्सको जर्सीमा अंकित हुनेछ ।

लायन्स र द नेक्स्टबीच दोस्रो सिजनदेखि सम्झौता भएको थियो । गत वर्ष लायन्सले फाइनलमा सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै उपाधि जितेको थियो । लायन्सका प्रमुख कार्यकारी अधिकृत सन्देश कटवाल र द नेक्स्टका प्रमुख कार्यकारी अधिकृत शालिकराम भण्डारीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । कटवालले 'विजयी साझेदारी' का लागि दुवै पक्षले निरन्तरता दिन सम्झौता भएको जनाए । लायन्सका मार्की खेलाडी एवं कप्तान रोहित पौडेल द नेक्स्टका ब्रान्ड एम्बासडर पनि हुन् । रोहितसहित सन्दीप जोरा, शेर मल्ल, दिलीप नाथ, तिलकराज भण्डारी, दिनेश अधिकारी र अभिषेक गौतमलाई लुम्बिनीले 'रिटेन' गरेको थियो भने अक्सनबाट आसिफ शेख, किशोर महतो, आकाश त्रिपाठी, दुर्गेश गुप्ता, अरनिको यादव र अजय चौहानलाई लिएको छ ।

**एसियाडमा आर्चरी**

# निसानाका लागि खेलाडीलाई तीरकै चिन्ता

**ध्रुव तुलाधर** (काठमाडौं)

आर्चरी खेलका पावरहाउस टोलीहरू नै एसियामा पर्छन् । यो खेलमा दक्षिण कोरिया, चीन, जापान, बंगलादेश, भारत, काजकिस्तान लगायतका देशका खेलाडीको प्रभुत्व छ । आसन्न आइची/नागोया एसियाली खेलकुदमा आर्चरीमा नेपालको पनि सहभागिता रहनेछ । नेपालले भाग लिने २२ खेलमध्ये आर्चरी पनि एक हो । खेलाडीद्वय तिलक पुनमगर र ज्ञानु अवालेले नेपालको प्रतिनिधित्व गर्नेछन् । उनीहरूले रिकर्भ व्यक्तिगत महिला र पुरुषसहित मिक्स विधामा भाग लिनेछन् ।

जापानी सहरमा ३ असोजदेखि २० औं एसियाड सुरु हुनेछ । त्यसका लागि नेपालले केही खेलका खेलाडीलाई वैदेशिक प्रशिक्षणमा पठाइसकेको छ भने बाँकी खेलका खेलाडी क्लोज क्याम्पमा रहेर स्वदेशमै प्रशिक्षण गरिरहेका छन् । आर्चरीको प्रशिक्षण भने महाराजगन्जस्थित नेपाल पुलिस एकेडेमीभित्रको एउटा आउटडोर मैदानमा भइरहेको छ । ओलम्पिक खेलमा पर्ने भए पनि राजधानीमा आर्चरीको आफ्नै कुनै पूर्वाधार छैन । यद्यपि आर्चरी संघले नियमित प्रशिक्षणका लागि यहीं पुलिसको मैदान प्रयोग गरिरहेको छ । वर्षाको ओत लाग्न त्रिपालको भर छ ।

एसियाडका लागि तयारी कस्तो भइरहेछ त ? आर्चरीका प्रशिक्षक प्रेमप्रसाद पुनले भन्छन्, 'हाम्रो प्रशिक्षण नियमित छ, तयारी राम्रै छ । तर आवश्यक खेल सामग्रीमै समस्या भइरहेछ । खेलाडीलाई आफूले व्यक्तिगत सामान प्रयोग गरेर खेल्नुपर्ने बाध्यता छ ।'

प्रशिक्षक पुनले उल्टै प्रश्न गरे, 'राज्यका लागि खेल्नुपर्छ तर कति दिन खेलाडीले व्यक्तिगत रूपमा महँगा खेल सामग्री किनेर धान्न सक्छन् यसरी ?' आफूले खेल्दा पनि त्यही समस्या भोगेको स्मरण गराउँदै उनले सुनाए, अहिले पनि स्थिति त्यस्तै छ । राजधानीमा एउटा गतिलो आर्चरीको ग्राउन्डसमेत छैन । मैले खेल्दा पनि अवस्था त्यही थियो, अहिले पनि त्यस्तै छ । सामग्री महँगो पर्छ । खेलाडी आफूले धान्न सक्ने स्थिति नै रहन्न ।'

सन् २०१० को ग्वाङझाउ र २०१४ को इन्चोन एसियाड खेलेका प्रेमप्रसाद पुन दक्षिण एसियाली खेलकुदका पदक विजेता आर्चर हुन् । आर्चरीका खेलाडीले निशाना लगाउने बो सेट (धनुर्वाण) हुन्छ, त्यसलाई ५ लाखभन्दा बढी पर्ने पुनले सुनाए । उनका अनुसार एरो (तीर) कै एक पिसको १२ हजारभन्दा माथि पर्छ । एउटा प्रतियोगिता खेल्न एकै खेलाडीलाई दर्जन जति एरो आवश्यक पर्दछ । टार्गेट फेस र टार्गेट बोर्ड आर्चरीलाई चाहिने अर्को महत्त्वपूर्ण खेलसामग्री हो ।

सामग्रीको अभावबीच पनि खेलाडीको लगाबका कारण प्रशिक्षण भने निरन्तर चलिरहेको मान्छन् पुन । 'ट्रेनिङ त छ तर छैन एक्सपोजर, त्यसले गर्दा नयाँ खेलाडी टिकाउन पनि गाह्रो छ । एक्सपोजरका लागि राष्ट्रिय प्रतियोगिताहरू हुनुपर्‍यो, अन्तर्राष्ट्रिय प्रतियोगिताहरू खेलिरहनुपर्‍यो, तब एक्सपोजर पाउँछन् अनि उच्च प्रदर्शन दिन सक्छन् । त्यसमा हाम्रो लगानी छैन, कसरी राम्रो नतिजा दिन सकिन्छ र ? जबकि हामीले एसियाडमा विश्वकै पावरहाउस टिमका खेलाडीहरूसँग खेल्नुपर्छ ।'

नेपाल आर्चरी संघका महासचिव रमेश सिवाकोटी पनि खेलाडीका लागि सामग्री अभाव भएको विषयलाई स्वीकार्छन् । उनी भन्छन्, 'खेलाडीले त राज्यका लागि खेल्ने हो, नेपाली खेलकुदको अभिभावक संस्था भनेकै राष्ट्रिय खेलकुद परिषद् (राखेप) हो र हामीले त्यहाँ बारम्बार खेल सामग्री किन्न बजेट माग गरिरहेका छौं, तर कुनै सुनुवाइ हुँदैन । आर्चरी खेलप्रति विभेद नै छ ।' आर्चरी 'मिसन २०२६' मा नपरेको खेल पनि हो ।

सिवाकोटी नेपाल ओलम्पिक कमिटीका सचिव हुन् । तिलक ओलम्पिक छात्रवृत्तिमै रहेर प्रशिक्षण गरिरहेका खेलाडी हुन् । जसले गर्दा प्रशिक्षणलाई केही राहत पुगेको सिवाकोटीको भनाइ छ । छात्रवृत्तिअनुसार तिलकले मासिक ५० हजार पाउँछन् । उनी विभागीय टिम नेपाल पुलिस क्लबसँग आबद्ध छन् ।

तिलक लगातार तेस्रो एसियाड खेल्नेक्रममा छन् । उनले २०१८ को जकार्ता र २०२३ को हाङचाउ एसियाड खेलेका थिए । धनुर्वाणको उद्गम थलोमै जन्मेहुर्केकाले पनि उनी यस खेलप्रति आकर्षित भए । कास्कीको माछापुच्छ्रे गाउँपालिका घर भएका तिलकको अहिले एउटै लक्ष्य स्कोरिङमा केन्द्रित छ । अहिले उनको ट्रेनिङ नै स्कोर लक्षित छ । उनी व्यक्तिगत रिकर्भ (७० मिटर) मा राम्रो स्कोर बनाउन पाए हुन्छ भन्नेमा छन् । तिलकले सुनाए, 'मेरो प्रशिक्षण स्कोरलक्षित छ, त्यसमै बढी फोकस छु । ६५० स्कोर पार गर्ने लक्ष्य हो । छनोटमा त त्यति हानेको पनि छु, तर त्यो अफिसियल हुँदैन । अफिसियलमा ६४१ स्कोर छ ।'

तिलकले गत नोभेम्बरमा ढाका २०२५, एसियन आर्चरी च्याम्पियनसिपमा उक्त स्कोर बनाएका थिए । जहाँ उनी दोस्रो स्थान हासिल गर्न सफल भए । उनले ६५० स्कोर पार गर्न सके त्यो ओलम्पिक क्वालिफायिङ स्कोर बन्नेछ । जसले वाइल्ड कार्ड दाबी गर्न पाइनेछ ।

आधा दर्जन अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइसकेका तिलक खेलाडीलाई ट्रेनिङ गराएर मात्र नहुने बताउँछन् । ट्रेनिङसँगै म्याच एक्सपोजर भए मात्र खेलाडीले राम्रो प्रदर्शन दिनसक्ने उनको अनुभव छ । उनले भने, 'हामीले धोका खान भनेकै यहीं हो, ट्रेनिङ त नियमित हुन्छ, एक्सपोजर नपाउँदा प्रतिस्पर्धात्मक मनोबल उकासिँदैन अनि इक्विपमेन्टमा पनि समस्या भोग्नुपर्छ । खेलाडीले त निश्चिन्त भएर खेल्न पाउनुपर्ने हो, तर नेपाली खेलाडीले त्यो पाउन गाह्रो छ ।'

अर्का आर्चर ज्ञानु अवाले विगतमा भन्दा उच्च प्रदर्शन दिनेमा आशावादी छिन् । उनी दोस्रो पटक एसियाडमा भाग लिँदै छिन् । ज्ञानुले २०१८ को जकार्ता एसियाड खेलेकी थिइन् । ललितपुर च्यासलकी उनी सन् २०१० देखि आर्चरीसँग जोडिएकी हुन् ।

ज्ञानुले भनिन्, 'प्रतिस्पर्धाको मैदानमा कोही पनि हार्न भनेर जाँदैन, जित्ने नै लक्ष्य हुन्छ । पदक नै जित्न सक्छौं भन्न सकिने स्थिति छैन, किनकि हामीले आफ्नो धरातल पनि बिर्सनुहुन्न । कुन अवस्थामा ट्रेनिङ गरेर प्रतिस्पर्धामा गएका हुन्छौं । त्यसैले लक्ष्य उत्कृष्ट प्रदर्शन दिने हो । उत्कृष्ट हुँदै अघि बढ्दै गइयो भने पदक जित्ने हो ।'

उनी त्रिभुवन आर्मी क्लबसँग आबद्ध छिन् । राष्ट्रिय कीर्तिमानी ज्ञानुले १३ औं दक्षिण एसियाली खेलकुद पनि खेलेकी थिइन् । चार वर्षअघि ढाकामा तिलकसँग मिलेर रिकर्भ मिक्स इभेन्टमा कांस्य पदक जितेकी थिइन् । जापानमा पनि उनले तिलकसँग मिलेर मिक्समा पनि प्रतिस्पर्धा गर्नेछिन् ।

ज्ञानुलाई पनि प्रतिस्पर्धामा एरो (तीर) कै चिन्ता छ । उनले सुनाइन्, 'अहिले मसँग ६ वटामात्र एरो छ । स्पटमा हान्दा हान्दा बिग्रिने त्यत्तिकै हुन्छ । यहाँ किन्न पाइँदैन । बाहिरबाट ल्याएर तयार पार्नुपर्छ । प्रतियोगिताका लागि त दर्जन जति आवश्यक पर्छ । त्यतिबेलासम्म उपलब्ध हुन्छ हुँदैन, मलाई त त्यो चिन्ता छ ।'

राज्यले केही समय वैदेशिक ट्रेनिङमा पठाए अझै आफूहरूको कमीकमजोरी सुधार्न पाइने ज्ञानुको अपेक्षा छ । संघका महासचिव सिवाकोटी पनि अन्तर्राष्ट्रिय समन्वयका आधारमा प्रशिक्षणका लागि पहल भइरहे राज्यले आर्थिक भार नबेहोर्दा गाह्रो हुने बताउँछन् ।

दक्षिण एसियामा भुटानले पनि आर्चरीमा बलियो पकड बनाउँदै गएको छ । विगतमा भुटानीमाथि नेपाली खेलाडी हाबी हुन्थे तर, अहिले अवस्था त्यस्तो छैन । भुटानले आर्चरीमा एकेडेमिक रूपमा आफूलाई अब्बल बनाइरहेको प्रशिक्षक पुनले सुनाए । उनले भने, 'दक्षिण एसियामै भारत, बंगलादेश त धेरै माथि छ । भुटान हाम्रो कमजोर प्रतिस्पर्धी हुन्थ्यो, अहिले उसको स्तर पनि उकासिएको छ । उनीहरूले एकेडेमीबाट खेलाडी उत्पादन गरिरहेका छन् । एकेडेमीका खेलाडीले कसरी राम्रो नतिजा दिने भन्नेबाहेक अरू चिन्ता लिनुपर्दैन तर, नेपालमा त्यो अवस्था छैन ।'

विगतमा आर्चरीको कम्पाउन्ड इभेन्टमा पनि खेलाडी सहभागिता रहने गर्थ्यो । तर यसपालि राखेपबाट कोटा कटौती गरिएको छ । छनोट भएका अनिरुद्ध श्रेष्ठ र मञ्जु लिम्बू नियमित प्रशिक्षणमा छन् । तर आफ्नै खर्चमा सहभागिता जनाउन जान्छु भन्दा पनि राखेपले कोटा नदिएको गुनासो संघका महासचिव सिवाकोटीको छ । यसले निरन्तर प्रशिक्षणमा रहेका खेलाडीको मानसिकता कमजोर बनाउने र खेलाडी पयायन हुने उनको तर्क छ ।





आर्चरी प्रशिक्षणका क्रममा ज्ञानु अवाले (माथि) । प्रशिक्षक प्रेमप्रसाद पुनका साथ खेलाडीद्वय तिलक पुनमगर र ज्ञानु ।

## शेखरलाई कांस्य पदक

काठमाडौं (कास)- नेपालका शेखर थापाले ११ औं एसियाली आईटीएफ तेक्वान्दो च्याम्पियनसिपमा कांस्य पदक जितेका छन् ।

मंगोलियाको उलानबटारमा भएको प्रतियोगितामा शेखरले ब्ल्याक बेल्ट तेस्रो डान प्याटर्नमा कांस्य जितेको नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघ (आईटीएफ) ले जनाएको छ ।

महासचिव घमबहादुर थापाका अनुसार शेखरसँगै मंगोलियाका दोर्जपालाम अयुर्जानान पनि तेस्रो भए । मलेसियाका चीन लुङ काङले स्वर्ण र फिलिपिन्सका अमाइज क्रिस्टर लुले रजत जिते । शेखरले स्पाइरिङतर्फ पुरुष ६५-७० केजी तौल समूहमा पनि प्रतिस्पर्धा गरेका थिए । यसमा उनी पदकविहीन भए । शेखर दक्षिण एसियाली आईटीएफ तेक्वान्दो च्याम्पियनसिपका पदक विजेता हुन् । उनले पहिलो संस्करणमा प्याटर्न र दोस्रो संस्करणमा स्पाइरिङतर्फ रजत जितेका थिए । प्रतियोगितामा महासचिव थापासहित अध्यक्ष प्रवीणकुमार कार्कीले अम्पायरको भूमिका निर्वाह गरेका थिए ।



## राखेप बोर्डमा सदस्य नियुक्त

काठमाडौं (कास)- राष्ट्रिय खेलकुद परिषद् (राखेप) को बोर्ड सदस्यमा एथलेटिक्सका धनीराम चौधरी र भलिबलकी ललिता नाथ मनोनीत भएका छन् । राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३ उपदफा (२) को खण्ड (ट) बमोजिम राखेपको रिक्त सदस्य पदमा शिक्षा तथा खेलकुद मन्त्रीस्तरीय निर्णयबाट उनीहरूलाई मनोनयन गरिएको हो ।

दुवैको कार्यकाल ४ वर्षको हुनेछ । उनीहरूलाई शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मन्त्रालयमा सोमबार मनोनीत पत्र हस्तान्तरण गरेका थिए । धनीराम पूर्वराष्ट्रिय धावक हुन् । उनी मध्यम दूरीका राष्ट्रिय च्याम्पियन खेलाडी हुन् । ४०० र ८०० मिटर दुरीका कीर्तिमानी धावक धनीराम अहिले प्रशिक्षक छन् ।

ललिता नाथ पूर्वराष्ट्रिय भलिबल खेलाडी हुन् । न्यु डायमन्ड स्पोर्ट्स क्लबकी कप्तान भइसकेकी ललिता पछिल्लो समय फ्रेन्चाइज लिग टोली कर्णाली यशिवससँग आवद्ध थिइन् ।

दुई महिनाअघि राखेप बोर्डको उपाध्यक्ष फुटबलका विशाल श्रेष्ठ तथा सदस्यमा टेबलटेनिसकी सिक्का सुवाल श्रेष्ठ, क्रिकेटका शक्ति गौचन, बुद्धिचालकी मोनालिसा खम्बू र फुटबलका पवन शाहीलाई नियुक्त गरेको थियो ।

पहिलो पटक राष्ट्रिय खेलकुद परिषद्को बोर्डमा राष्ट्रिय खेलाडीको वर्चस्व रहेको छ । सरकारले सदस्य-सचिव भने नियुक्त गर्न सकेको छैन । टंकलाल घिसिङको कार्यकाल सकिएपछि मंसिरमा तत्कालीन युवा तथा खेलकुद मन्त्रालयका सहसचिव रामचरित्र मेहताले कार्यबाहकको रूपमा सदस्य-सचिवको कार्यभार सम्हालिरहेका छन् ।




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रधानसम्पादक : गोकर्ण अवस्थी